CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१२५ पूर्णाङ्क

हाम्रो वक्तव्य १

ससारदेवी परलोक भएको दिन २-२७

पशुपतिको मन्दिरको पश्चिमढोकावाट गर्भगृहमा देखिने २ स्त्रीमूर्ति २८-२९

ससारदेवीको प्रतिमामा चढाइने भोग र पूजाआजाको विषयमा ३०

नेवारराज्यमा सारिएका ४ पुस्तकका पुष्पिका ३१-३५

ज्योति:प्रकाश मल्लका पालाको अभिलेख ३६-३९

ललितावल्लभको थरवारे ४०-४४

लक्ष्मीपतिसङ्ग्रहमा रहेका लेखोट पात्राहरूको सूची ४५-४७

वाणीविलास पण्डितको विषयमा थप कुरा ४८-५९

२६ वर्षको उमेरमा नयराज पन्तले लेखेका ६ कविता ६०-६२

नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल – ८ खण्ड ६३-६७

नयराज पन्तका ५ लेख ६८-७८

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धैरै मिहिनेत गरी यो तयार गरिएको छ। यस कारण यहाँ भूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

३२ वर्ष

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

१ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ९५/-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिक्रीमा भएका हाम्रा कृति

१.	*अभिलेख-संग्रह* (१-१२ भाग)*	२०।-
२.	*आदर्श, ए सप्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल* (१-२ सङ्ख्या)	५५०।-
३.	*इतिहास-संशोधन* (१-६८ सङ्ख्या)*	३५०।-
४.	*इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ*	५।-
५.	*इनेप्ट् स्पेस्इमिन् ?*	२०।-
६.	*कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या* (१-२ सङ्ख्या)*	५०।-
७.	*गोरखाको इतिहास* (१-४ भाग)	५००।-
८.	*त्रिकोणमिति*	२५।४०
९.	*धादिङमा फेला परेका नेपाली कविता*	७५।-
१०.	*नेपालको संक्षिप्त इतिहास*	१२५।-
११.	*नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य*	५।-
१२.	*पञ्चाङ्ग-संशोधन* (१-१७ सङ्ख्या)	३०।-
१३.	*पं. गोपाल पाँडे र उनको धनमूल ल्याउने रीति*	१६।४०
१४.	*पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*	८०।-
१५.	*पूर्णिमा* (१-१२५ पूर्णाङ्क)*	४५७५।-
१६.	*प्राचीन गणित र नवीन गणितको तुलना*	१५।-
१७.	*बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर*	५०।-
१८.	*रत्नदीप*	२।५०
१९.	*रत्नदीप १ भाग*	१०५।-
२०.	*रत्नदीप २ भाग*	९२।-
२१.	*राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी*	७५।-
२२.	*लिच्छवि-संवत्को निर्णय*	१००।-
२३.	*विद्या-रक्षा* (१-१५ सङ्ख्या)*	५०।-
२४.	*विश्रान्ति*	८२।-
२५.	*वृत्तशतक*	३।-
२६.	*व्याकरण-संशोधन* (१-१० सङ्ख्या)*	३५।-
२७.	*श्री ३ महाराज पद्मशमशेरका कुरा*	१२।-
२८.	*सावधान-पत्र* (१-३१ सङ्ख्या)*	१००।-
२९.	*हाम्रो उद्देश्य र कार्यप्रणाली*	१००।-
३०.	*हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना*	२२।-
३१.	*हृद् डिङ् अंशुवर्मन् राइद ?*	४०।-

* यिनका कुनै कुनै सङ्ख्या/पूर्णाङ्क फोटोकपीमा छन्।

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल
२७ डल्लु आवासमार्ग, काठमाडौं, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४४३५७४९
ई-मेल– samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

साझा प्रकाशनका सबै पसलमा

हिमालयन बुक सेन्टर
रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

वज्र बुक शप
ज्याठाटोल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२
ई-मेल – vajrabook@hotmail.com
वेबसाइट– www.vajrabooks.com.np

रत्न बुक डिष्ट्रिब्यूटर्स
७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१
ई-मेल – rpb@wlink.com.np

रत्नपुस्तकभण्डार
ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रो वक्तव्य

शुरूशुरूमा पूर्णिमाका हरेक अङ्कमा जसो *हाम्रो वक्तव्य* छापिन्थ्यो । पछि यो परम्परा बिस्तारै टुटचो र छोटकरीमा भन्ने हो भने *पूर्णिमा*का भूतपूर्व वा वर्तमान सदस्यहरूको मृत्युको खबर दिन *हाम्रो वक्तव्य* लेखिने जस्तो हुन गयो । अहिले *पूर्णिमा*को यस १२५ पूर्णाङ्कमा *पूर्णिमा*कै प्रकाशनको विषयमा केही कुरा *हाम्रो वक्तव्य*मा लेखिँदैछ ।

वि.सं. २०२१ वैशाखदेखि तीन तीन महीनामा छापिन थालेको *पूर्णिमा* अहिले वि.सं. २०६३ पौषमा १७१ पूर्णाङ्क छापिनुपर्नेमा १२५ पूर्णाङ्क छापिएको छ । यताबाट ४६ पूर्णाङ्क अर्थात् ११ वर्ष ६ महीना हामी पछाडि छौँ भन्ने स्पष्ट छ ।

हरेक वर्षका वैशाख, श्रावण, कार्तिक र माघसङ्क्रान्तिको दिन *पूर्णिमा* निकाल्ने योजना १० पूर्णाङ्कसम्म राम्ररी चल्यो । ११ पूर्णाङ्क समयमा निस्कन सकेन । **कार्तिकमा निस्कनुपर्ने यो अङ्क हो । तर रेग्मीज्यूले हाम्रो संपत्ति हरी आफ्नो नाममा दर्ता गर्नुभएकोले वेलैमा त्यसको प्रतिवाद गर्नु आवश्यक हुँदा सो गर्दा गर्दै पौषमा मात्र यो अङ्क निस्कन सक्यो**[1] भनी ढीलो हुनाको कारण त्यहीं खुलाइएको छ । १२ पूर्णाङ्क फेरि नियत समयमा नै निस्कियो । समयमा *पूर्णिमा* निस्कन गाह्रो भएपछि वैशाखसङ्क्रान्तिको दिन निस्कनुपर्ने अङ्क वैशाख-ज्येष्ठ-आषाढ, श्रावणसङ्क्रान्तिको दिन निस्कनुपर्ने अङ्क श्रावण-भाद्र-आश्विन, कार्तिकसङ्क्रान्तिको दिन निस्कनुपर्ने अङ्क कार्तिक-मार्ग-पौष र माघसङ्क्रान्तिको दिन निस्कनुपर्ने अङ्क माघ-फाल्गुन-चैत्रको मिति हाली १३ पूर्णाङ्कदेखि २४ पूर्णाङ्कसम्म प्रकाशित गरिए । यसरी तानतुन गरे पनि एउटा १६ पूर्णाङ्क छोडेर अरू कुनै पनि अङ्क ठीक समयमा ननिस्किई कममा १ महीना र बढीमा १ वर्षपछि प्रकाशित भए । त्यसपछि त समयमा *पूर्णिमा* नआउने सिलसिला अझ राम्रैसँग शुरू भयो । *पूर्णिमा*का २५ देखि यो १२५ पूर्णाङ्क कममा १ वर्ष ५ महीना र बढीमा १३ वर्ष ४ महीनाको अन्तरालमा निस्केका छन् । अब अन्तर सकेसम्म कम गर्दै जाने प्रण यही पूर्णाङ्कदेखि हामीले गरेका छौँ र केही वर्षभित्र हामी *पूर्णिमा* नियत समयमा नै प्रकाशित गर्न सक्छौँ कि जस्तो लाग्छ ।

त्रैमासिक *पूर्णिमा* पत्रिकाको हरेक अङ्कको पृष्ठसङ्ख्या अलग अलग नदिई ४ अङ्कको एउटै पृष्ठसङ्ख्या हाल्ने परिपाटी तेस्रो वर्षदेखि हामीले चलाएका थियौँ । त्यो परिपाटी अरू साढे ८ वर्ष अर्थात् बीचको ४४ पूर्णाङ्क छोडेर ४६ पूर्णाङ्कसम्म चल्यो र त्यसपछि फेरि अलग अलग अङ्कको अलग अलग पृष्ठसङ्ख्या हाल्न हामीले शुरू गऱ्यौँ । अब यस १२५ पूर्णाङ्कदेखि ४ अङ्कको एउटै पृष्ठसङ्ख्या दिने चलन फेरि चलाएका छौँ ।

जुन वेला हामीले *पूर्णिमा* शुरू गऱ्यौँ, त्यस वेला नेपालबाट अन्वेषणमूलक अर्को पत्रिका छापिँदैनथ्यो । अझ *पूर्णिमा*मा जुन विषय ओगटिएका हुन्छन्, ती विषय समेट्ने अर्को पत्रिका त छँदै थिएन । अहिले अन्वेषण-मूलक पत्रिकाको त बाढी नै आएको छ, तर तिनको तह कस्तो छ भन्ने कुरा गहिरिएर पढ्ने मानिसहरूबाट छिपेको छैन । हामीले *पूर्णिमा*लाई विद्वज्जनग्राह्य बनाउन उस्तै छाँटले काम गरी आइरहेका छौँ भन्ने कुरा *पूर्णिमा*का पृष्ठपृष्ठमा झल्किएको छ भन्दा बढ्ता बोलेको ठहरिनेछैन ।

---

१. वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका १०१-११८ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य* (११८ पृष्ठ) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संसारदेवी परलोक भएको दिन

– महेशराज पन्त
दिनेशराज पन्त

एक

संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा

> **ना दे स्क न्द मू खे ह्य न ग[1] वि शि खे ने पा ल स म्ब त्स रे [illegible]**
> **मा सा दौ शि त स प्त मी व रू ण भे यो गे श नौ गी स्प तौ ।**
> **हा हा का र कृ तं ज न स्य नि खि लं सं त्य क्त ल क्ष्म्या स्प दं [illegible]**
> **त त्कै ला श पू रं ज गा म दि व से सं सा र दे वी ति सा ॥ ० ॥[2]**

भनी संसारदेवी परलोक भएको दिनको मिति दिइएको छ । शब्दद्वारा अङ्क बुझाउने रीतिको अनुसरण गरी यहाँ संवत् दिँदा प्रयोग भएको **नाद**को अर्थमा र महीना बुझाउन **मासादौ** (पहिलो महीनामा) भनी लेखिएको महीना कुन हो भन्ने कुरामा विवाद उठेकोले त्यसको निर्णयको लागि यो लेख लेखिएको हो ।

देउपाटनका वैद्यहरूलाई संसारदेवीगूठी थामिदिई जङ्गबहादुर राणाले वि.सं. १९३१ आषाढकृष्णपञ्चमी अर्थात् ज्येष्ठ २४ गते गरिदिएको रुक्कामा संसारदेवीगूठी खडा भएको ४२४ वर्ष भयो भनी लेखिएकोले[3] यहाँको मिति वि.सं. १९३१-४२४ = वि.सं. १५०७-९३६ = ने.सं. ५७१ भनी ठहऱ्याएको देखिन्छ । **स्कन्द**का ६ वटा मुख हुने र **स्कन्द**को पर्यायमा **षडानन**,[4] **षण्मुख**[5] आदि ६ **वटा मुख भएका भन्ने अर्थ**

---

१. यस ताम्रपत्रको पाठ तयार गर्नेले परसवर्णनियमको अनुसरण नगरी आम तर अशुद्ध चलन*अनुसार नमा अनुस्वार हाली **ह्यनङ्ग**को काम लिएको र ताम्रपत्र कुँद्नेले त्यो अनुस्वार छुटाएको देखिन्छ ।

२. परम्परागत भारतीय पद्धतिमा शब्द शब्द छुट्ट्याएर लेख्ने चलन नभएकोले यो ताम्रपत्र पनि यही चलनअनुसार कुँदिएको छ । यहाँ एक ठाउँमा पदयोग (**योगेशनौ**) र पदवियोग (**योगे शनौ**)मा विप्रतिपत्ति उठेको र त्यसको समाधान गर्ने सिलसिलामा ताम्रपत्रमा जसरी लेख कुँदिएको छ, त्यसैअनुसार माथि पद पद नछुट्ट्याई पाठ दिइएको हो । जोड्नेछुट्ट्याउनेबाहेक अरू पाठ महेशराज पन्त २०६३ क:३ अनुसारको छ । **मुखे**को **म** (पहिलो पाउ), **वरुण**को **र** (दोस्रो पाउ) र **पुरं**को **प** (चौथो पाउ)मा तर्कुल्ले नलाई बर्धन्ने लाएको विषयमा उही: § ३ को ३ कण्डिका = १ मा लेखिएको छ ।

३. उही २०६२ क:५८-६० = २ सङ्ख्याका १४-१६ पङ्क्ति ।

४. उदाहरणको लागि

> **कार्त्तिकेयो महासेनः शरजन्मा षडाननः ।**
> **पार्वतीनन्दनः स्कन्दः सेनानीरग्निभूर्गुहः ॥ ३९ ॥**

---

* यस्तो चलनको विषयमा महेशराज पन्त २०५९:९७ = § १.४.८ मा अलिकति लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बुझाउने शब्द (षड्ाननार्थ)[६] पनि चलेकाले यस ताम्रपत्रमा दशस्थानी अङ्कको ठाउँमा आएको **स्कन्दमुखे**[७]

बाहुलेयस्तारकजिद् विशाखः शिखिवाहनः ।
षाण्मातुरः शक्तिधरः कुमारः क्रौञ्चदारणः ॥ ४० ॥

(*अमरकोष* १।१)

(कार्त्तिकेय, महासेन, शरजन्मा, षडानन, पार्वतीनन्दन, स्कन्द, सेनानी, अग्निभू, गुह, बाहुलेय, तारकजित्, विशाख, शिखिवाहन, षाण्मातुर, शक्तिधर, कुमार, क्रौञ्चदारण [स्कन्दका पर्याय हुन् ।] ॥ ४० ॥)

५. उदाहरणको लागि

गौरीपुत्रः षण्मुखः शक्तिपाणिः क्रौञ्चारातिः कार्त्तिकेयो विशाखः ।
स्कन्दः स्वामी तारकारिः कुमारः सेनानीः स्यादग्निभूर्बाहुलेयः ॥ १९ ॥
गाङ्गेयो ब्रह्मचारी च गुहो वर्हिणवाहनः ।
महासेनो महातेजाः शरजन्मा च कथ्यते ॥ २० ॥

(*अभिधानरत्नमाला* १ काण्ड)

(गौरीपुत्र, षण्मुख, शक्तिपाणि, क्रौञ्चाराति, कार्त्तिकेय, विशाख, स्कन्द, स्वामी, तारकारि, कुमार, सेनानी, अग्निभू र बाहुलेय [षण्मुखका पर्याय] हुन् ॥ १९ ॥

गाङ्गेय, ब्रह्मचारी, गुह, वर्हिणवाहन, महासेन, महातेजा, शरजन्मा पनि [ती] कहिन्छन् ॥ २० ॥)

६. बालचर्यो महासेनः पर्यायः शरजन्मनः ।
षडाननार्थः सेनानीर्गुहः शिख्यर्थवाहनः ॥ १४२ ॥
गौरीगङ्गाकृत्तिकाग्निपर्यायेभ्यः सुतार्थकः ।
द्वादशाक्षो जयन्तोऽपि महातेजाश्च शक्तिभृत् ॥ १४३ ॥
क्रौञ्चतारकवैर्यर्थो देवसेनापतिश्च सः ।
कामजित् कामदः कान्तः स्कन्दः शीघ्रः शुचिः शिशुः ॥ १४४ ॥
मयूरकेतुः स्वाहेयो भूतेशो महिषार्दनः ।
षष्ठीप्रियो रेवतीजः पवित्रो मातृवत्सलः ॥ १४५ ॥
विश्वामित्रप्रियश्चण्डो दीप्तः शरवणोद्भवः ।
वासुदेवप्रियश्चापि स च द्वादशबाहुकः ॥ १४६ ॥

(*कल्पद्रुकोष* भुवःस्कन्ध)

(बालचर्य, महासेन, शरजन्मा (निगालोमा जन्मेका)को पर्याय; षडानन (छवटा मुख भएका) भन्ने अर्थ बुझाउने [शब्द]; सेनानी, गुह, शिखी (मयूर) भन्ने अर्थ बुझाउने [शब्दपछि आएको] वाहन ॥ १४२ ॥
गौरी, गङ्गा, कृत्तिका र अग्निका पर्याय[पछि आएको] सुत (छोरो) भन्ने अर्थ बुझाउने [शब्द] । द्वादशाक्ष । जयन्त पनि, महातेजा पनि । शक्तिभृत् ॥ १४३ ॥
क्रौञ्च (कन्याङकुरुङ) र तारक [असुर]को वैरी भन्ने अर्थ बुझाउने [शब्द] । त्यही देवसेनापति पनि हो । कामजित्, कामद, कान्त, स्कन्द, शीघ्र, शुचि, शिशु ॥ १४४ ॥
मयूरकेतु, स्वाहेय, भूतेश, महिषार्दन, षष्ठीप्रिय, रेवतीज, पवित्र, मातृवत्सल ॥ १४५ ॥
विश्वामित्रप्रिय, चण्ड, दीप्त, शरवणोद्भव, वासुदेवप्रिय पनि । त्यही द्वादशबाहुक पनि हो ॥ १४६ ॥)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शब्दले कुनै हालतमा पनि ७ बुझाउँदैन भनी भनिरहनुपर्दैन । यस कारण वि.सं. १९३१-४३४ = वि.सं. १४९७-९३६ = ने.सं. ५६१ हुने हुनाले ४३४ लेख्नुपर्नेमा हिसाब गर्दा झुक्किएर ४२४ लेख्न पुगेको देखिन्छ र त्यस वेला यसको संवत् ५६१ ठहऱ्याएको देखिन्छ । संसारदेवीगूठीका गुठियारहरूले **नाद**को अर्थ १ भनी गरेको यताबाट स्पष्ट हुन्छ भनी भनिरहनुपर्दैन ।

नेपाली सम्बत् ५६७ साल मार्ग्गशिलशुक्लसप्तमी शतभिषानक्षत्र शनिश्चर र बृहस्पति एकै राशमा बसेको योगमा[८] भनी यस ताम्रपत्रको माथि उद्धरण गरिएको अंशको अर्थ सिद्धिहर्ष वज्राचार्यले गरेकाले उनले **नाद**को अर्थ ७ भनी गरेकोमा शङ्का छैन ।

यस ताम्रपत्रको वा संसारदेवी परलोक भएको मितिको विषयमा लेख्दा आफ्नो नेपालको मध्यकालको इतिहासको पहिलो भागका २ ठाउँमा[९] र तेस्रो भागको एक ठाउँमा ५६१,[१०] पहिलो भागका ३ ठाउँमा

७. यक्ष मल्लको भक्तपुर टौमढीटोलको शिलालेखमा पनि संवत् दिँदा संस्कृतपद्यमा ६ बुझाउन **स्कन्दमुख** शब्द आएको कुरा यस प्रसङ्गमा भन्नुपर्छ –

सून्ये स्कन्दमुखेन्द्रिसंख्यकगते नेपालसम्वत्सरे
जेष्टे पाण्डरपक्षकान्तकतिथौ नक्षत्र (ऽऽ।ऽ)
योगे सुद्धिमते दिवा विधुसुते भास्वद्वृषे संस्थिते
कंन्ये चन्द्रमसीति तत्र कृतवान् पूर्ण्णा प्रतिष्ठाविध ॥ [...]

सम्वत् ५६० ज्येष्ठसुदि १० बुधवार थ्व कोह्नु संपूर्ण्णा दिन जुरो ॥ ॥[१]

(ने.सं. ५६० (वि.सं. १४९७) ज्येष्ठशुक्लदशमी, [उत्तरफल्गुनी]नक्षत्र, सिद्धियोग, बुधवार सूर्य वृषराशिमा चन्द्रमा कन्याराशिमा भएको वेलामा त्यहाँ प्रतिष्ठा पूरा गरिबक्स्यो । [...]
संवत् ५६० (वि.सं. १४९७) ज्येष्ठशुक्ल १० बुधवार यो दिन पूरा भएको दिन भयो ।[२])
यस दिनको गणना यस्तो छ –

ने.सं. ५६० (वि.सं. १४९७) ज्येष्ठशुक्ल

गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
ज्येष्ठ १६	बुध	दशमी	५१।३५	उत्तरफल्गुनी	२८।२६	वज्र	८।४०

शिलापत्रमा सिद्धियोग लेखिएको छ । गणना गर्दा त्यो दिन वज्रयोग ८ घडी ४० पला भएकोले प्रतिष्ठा गर्दा सिद्धियोग लागिसकेको देखिन आएको छ ।[३]

८. महेशराज पन्त २०६२:१६ ।
९. डिल्लीरमण रेग्मी २०२२:१०५, ४८८ ।
१०. उही २०२३:१ खण्ड ५८ ।

१. यहाँ दिइएको पाठ महेशराज पन्त छापिन बाँकीको १ सङ्ख्याअनुसार छ।
२ शङ्करमान राजवंशी २०२२:१४ मा आवश्यक सुधार गरी माथिको अर्थ दिइएको हो।
३ उही।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५६७[११] भनी डिल्लीरमण रेग्मीले लेखेका छन् र यस ताम्रपत्रको **मासादौ** अर्थात् पहिलो महीनाको अर्थ २ ठाउँमा **कार्तिक**[१२] भनी गरे पनि उनको लेखाइबाट १ ठाउँमा चाहिँ महीना **कार्तिक** नभएको स्पष्ट देखिन्छ ।[१३]

धनवज्र वज्राचार्यले यस ताम्रपत्रको संवत् **ने.सं. ५६१** र महीनाचाहिँ **वैशाख** मानेको कुरा उनको अप्रकाशित पुस्तक हेर्न पाएकाहरूको लेखबाट देखिन आएको छ ।[१४]

लूछ्याह्यो पेतेकले यहाँको संवत् ने.सं. ५६७ मानेका छन् । नेपालसंवत् कार्तिकदेखि शुरू हुने हुनाले **मासादौ**को अर्थ **कार्तिक** भनी उनले गरेका छन् । अभिलेखमा भएको **योगे शनौ**को अर्थ **शिवयोग** हो भन्ने उनको अडकल छ । यति गर्दा पनि गणना मिलाउन नसकेको कुरा उनले लेखेका छन् –

कप्अर्-प्लेट् इन्स्क्रिप्शन् इन् द कलेक्शन् अफ् पशुपति नाथ् । डेट्इड् *नादे स्कन्दमुखे ह्यनङ्ग*[१५] *विशिखे* (= ५६७ ?) *नेपालसम्वत्सरे मासादौ* (= कार्तिक ?) *ऽशित*[१६]*-सप्तमी वरुणाभे*[१७] (= शतभिषज्-*नक्षत्र*)

---

११. उही २०२२:४३२ = २७ सङ्ख्याको सामग्री, ४३९, ४४० ।

१२. उही २०२२:४३९, ४४० ।

१३. उही:४८८ मा संसारदेवी परलोक भएको साल दिँदा **एन्एस् ५६१** (=१४४१ ए.डी.) (ने.सं. ५६१ (= ई.सं. १४४१) लेखिएको छ । ने.सं.लाई ई.सं.मा बदल्दा कार्तिकमा ने.सं.मा ८७९ मात्र जोडे पुग्नेमा यहाँ ई.सं. १४४१ लेखिएकोले ८८० (१४४१-८८० = ने.सं. ५६१) जोडिएकोले ई.सं.को नयाँ साल फिरिसकेपछिको कुनै महीनामा संसारदेवी परलोक भइन् भनी उनले मानेको देखिन्छ ।

१४. लूछ्याह्यो पेतेक (२०४०)ले आफ्नो नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणको *प्रिफेस्* (प्रस्तावना)मा धनवज्र वज्राचार्यलाई धन्यवाद दिएकाले र त्यही पुस्तकमा यस ताम्रपत्रको मितिको प्रसङ्गमा धनवज्र वज्राचार्य नाद = १ भनी अर्थ लाउँछन्, महीनाको बारे **मासादि** (पहिलो महीना) यसको अर्थ वैशाख भनी लाउँछन्[1] भनी उनले लेखेकाले पनि धनवज्र वज्राचार्यको त्यो अप्रकाशित पुस्तक हेर्ने अवसर उनले पाएको देखिन्छ ।

धनवज्र वज्राचार्यले नेपाल र एशियाली अनुसन्धानकेन्द्रमा बुझाएको,[2] उनको *मध्यकालका अभिलेख* (भक्तपुर) पहिलो खण्डको आधार लिई यस अभिलेखको संवत् ने.सं. ५६१[3] र त्यसलाई वि.सं.मा बदल्दा १४९८[4] पारी रमेश ढुङ्गेल र ऐश्वर्यलाल प्रधानाङ्गले लेखेका छन् । ने.सं. ५६१+९३७ = वि.सं. १४९८ हुने भएकोले यसको महीना धनवज्र वज्राचार्य वैशाख मान्छन् भनी लूछ्याह्यो पेतेकले लेखेको कुराको पुष्टि यताबाट पनि भएको छ ।

१५. मूलमा **ह्यनग** छ । यस विषयमा माथि १ सङ्ख्याको टिप्पणी हेर्नू ।

१६. **मासादौ** र **शित**को बीचमा लूछ्याह्यो पेतेकले थपेको अवग्रहको अर्थ बुझ्न सकिएन ।

१७. मूलमा **वरूणभे** छ ।

---

१. तल ६ पृष्ठमा लूछ्याह्यो पेतेकका वाक्य हेर्नू ।

२. रमेश ढुङ्गेल र ऐश्वर्यलाल प्रधानाङ्ग २०५६:२३३ पृष्ठमा ११७ र १२८ टिप्पणी, २४२ पृष्ठमा ८ टिप्पणी, २८५ पृष्ठ ।

३. उही:२०२, २२३, २३६-२३७ ।

४. उही:२२३, २३६-२३७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योगे शनौ (= शिव ?) *गिष्पतौ*[१८] (= बृहस्पति) । इट् गिभ्ज् यान् अकाउन्ट् अफ् अफ्अरिङ्ज् यान्ड् ग्रान्ट्स् अफ् ल्यान्ड् इन् द मेम्अरि अफ् द क्वीन्-मद्अर् संसारदेवी, डिसीस्ड् अन् द्याट् डे, बाइ *श्री-श्री-जयजक्षमल्ल*[१९]*देव प्रभु ठाकुर*[२०]*सन्*[२१] *श्री-श्री-जयजीवमल्ल*[१९]*देव प्रभु मु*[२२] *ठाकुर*[२०]*सन्*[२१] *उभयस्यं दुन्ता*[२३] *जुरो*[२४] । द डेट् इज् डिफ्इकल्ट् टु अन्डर्स्टचान्ड् । आइ टेक् *नाद* = *स्वर* = ७; सो अल्सो रेग्मी, १, ४३२, ४३९, ४४० । बट् ध्. बज्राचार्य, यान्ड् अल्सो रेग्मी, ३, ५८, अन्डर्स्टचान्ड् *नाद* = १ । याज् टु द मन्थ्, *मासादि* ("द फर्स्ट् मन्थ्") शुड् बी कार्त्तिक, यान्ड् दस् इट् ह्याज् बीन् अन्डर्स्टुड् बाइ रेग्मी; ध्. बज्राचार्य टेक्[२५] इट् टु मीन् वैशाख । याक्सेप्टइङ् दि इक्विभ्अलन्सइज् गिभ्अन् अबभ्, द डेट् वुड् बी क्वाइट् इरेग्युलर्, याज् द तिथि एन्ड्इड् अन् अक्टोबर् २६थ्, १४४६, ह्विच् डे वाज् अ वेन्ज्डे यान्ड् नट् अ थर्ज्डे; द *नक्षत्र* एन्ड्इड् अन् द २८थ् यान्ड् द *योग* अन् नोभेम्बर् ९थ् । भेर्इफिकेशन् फर् ५६१ कार्त्तिक अर् ५६१ वैशाख इज् अल्सो इम्पसइब्ल् ।[२६]

(पशुपतिनाथको सङ्ग्रहमा रहेको ताम्रपत्र–अभिलेख । **नादे स्कन्दमुखे ह्यनङ्गविशिखे** (= ५६७ ?) **नेपालसम्वत्सरे मासादौ** (= कार्तिक ?) ऽ**शितसप्तमी वरुणाभे** (= शतभिषानक्षत्र) **योगे शनौ** (= शिव ?) **गिष्पतौ** (= बृहस्पति) भन्ने मिति भएको । त्यही दिन परलोक भएकी राजमाता संसारदेवीको सम्झनामा *श्री-श्री-जयजक्षमल्लदेव प्रभु ठाकुरसन् श्री-श्री-जयजीवमल्लदेव प्रभु मु ठाकुरसन् उभयस्यं दुन्ता जुरो*[२७]ले गरेका दानको र जग्गा दिएको कुराको फाँटवारी यसमा दिइएको छ । यस मितिको माने थाहा पाउन गाह्रो छ । **नाद** = **स्वर** = ७ भनी म अर्थ लाउँछु, रेग्मी[को नेपालको मध्यकालको इतिहास] १ भागका ४३२, ४३९ र ४४० पृष्ठमा पनि यही छ । तर धनवज्र वज्राचार्य **नाद** = १ भनी अर्थ लाउँछन्, र रेग्मी[को नेपालको मध्यकालको इतिहास] ३ भागको ५८ पृष्ठमा पनि त्यसरी नै अर्थ लाइएको छ । महीनाको बारे **मासादि** (पहिलो महीना) भनेको **कार्तिक** हुनुपर्छ र यसरी नै रेग्मीले यसको अर्थ लाएका छन्, धनवज्र वज्राचार्य यसको अर्थ वैशाख भनी लाउँछन् । [शब्दका] माथि दिइएका समानार्थ मान्दा तिथि ई.सं. १४४६ अक्टोबर २६ तारीखमा टुङ्गिने, त्यो दिन बुधवार पर्ने बृहस्पतिवार नपर्ने, नक्षत्र [अक्टोबर] २८

१८. मूलमा **गीस्पतौ** छ ।
१९. मूलमा **मल** छ ।
२०. मूलमा **ठाकूर** छ ।
२१. अजन्त पदलाई हाँसोउठ्दो ढङ्गले यहाँ हलन्त बनाएको विषयमा महेशराज पन्त २०६३:३९ मा ९ सङ्ख्याको टिप्पणी हेर्नू ।
२२. मूलमा **मु** छैन ।
२३. मूलमा **दूंता** छ ।
२४. मूलमा **जुरों** छ ।
२५. यस्तै छ ।
२६. लूछ्याह्गो पेतेक २०४०:१७०-१७१ = १७ सङ्ख्याको सामग्री ।
२७. दाताहरूको नाउँ आफ्नो शब्दमा नदिई मूलकै शब्दको उद्धरण आफ्नो वाक्यमा मिलाई लूछ्याह्गो पेतेकले यहाँ गरेका छन् । तर यस सन्दर्भमा अनावश्यक क्रियापद आदिको उद्धरणले उनको वाक्य भद्दा बन्न गएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तारीखमा र योग नोभेम्बर ९ तारीखमा टुङ्गिने हुनाले यहाँको मिति[को गणना गर्दा] बिलकुलै नमिल्ने हुन जान्छ। ५६१ कार्तिक वा ५६१ वैशाखको लागि पनि सत्यापन असम्भव छ।)

यस ताम्रपत्रको मिति दिँदा आफ्नो गूठीसम्बन्धी पुस्तकमा,[२८] पशुपतिसम्बन्धी पुस्तकको पहिलो भागको १ ठाउँमा[२९] र दोस्रो भागका २ ठाउँमा ५६१[३०] तथा पहिलो भागको अर्को ठाउँमा ५६७[३१] भनी गोविन्द टण्डनले लेखेका छन् । यस ताम्रपत्रको मूलपाठ दिनुभन्दा अगाडि यसको विषयमा लेख्दा[३२] र यसको उल्था गर्दा[३३] यहीँको **मासादौ** अर्थात् **पहिलो महीना**को अर्थ **कात्तिक/कार्तिक** भनी उनले गरे तापनि ने.सं.लाई वि.सं.मा बदल्दा भने ९३६ नजोडी पटक पटक ९३७ जोडेकाले[३४] धनवज्र वज्राचार्यले जस्तै उनले पनि यसको महीना **वैशाख** भनी ठानेको देखिन्छ ।

यस ताम्रपत्रको आधारमा यसको संवत्को वा संसारदेवी परलोक भएको मितिको चर्चा अरूअरूका कृतिमा पनि परेको छ। एक थरीले यसको संवत् ने.सं. ५६१ भनी लेखेका छन्[३५] र कसैले **ने.सं.** ५६१ मा संसारदेवी परलोक भइन् भनी लेखेका छन् ।[३६] यसको संवत् वा संसारदेवी परलोक भएको साल ने.सं. ५६१ मान्नेमध्ये जजसले महीना पनि दिएका छन्, तिनले **वैशाख** मानेका छन् ।[३७]

२८. गोविन्द टण्डन २०५२:८२ ।

२९. उही २०५३:४२४ मा ९ क्रमसङ्ख्या ।

३०. उही २०५६:१२५, १२९ ।

३१. उही २०५३:५७४ । यसको प्रमाणको लागि टिप्पणीमा **परिशिष्टभाग, अभिलेखखण्ड (क), ४ सङ्ख्या** भनी लेखिएको छ । उनले दिएको निर्देशअनुसार हेर्दा त्यहाँ यसको संवत् ५६१ भनी लेखिएको छ ।

३२. उही २०५६:१२५ ।

३३. उही:१२९ ।

३४. उही २०५२:८२ ।
उही २०५३:४२४ मा ९ क्रमसङ्ख्या । **वि.सं. १४९८** हुनुपर्नेमा प्रूफको गल्तीले अङ्क उल्टोपाल्टो हुँदा **वि.सं. १९४८** भई छापिएको छ ।
उही:५७४ ।

३५. जनकलाल वैद्य २०४०:१८ ।
रमेश ढुङ्गेल र ऐश्वर्यलाल प्रधानाङ्ग २०५६:२०२, २२३, २३६-२३७ ।
कमलप्रकाश मल्ल आदि २०५७:भूमिकांखण्ड २९ ।*

३६. कुलचन्द्र कोइराला २०५१:३६५ ।

३७. उही ।
रमेश ढुङ्गेल र ऐश्वर्यलाल प्रधानाङ्ग २०५६:२२३, २३६-२३७ । माथि १४ सङ्ख्याको टिप्पणी दोस्रो कण्डिका पनि हेर्नू ।

* कमलप्रकाश मल्ल (२०३८:११)ले यस ताम्रपत्रको संवत् **ने.सं.** ५६० भनी बुझनसुझ लेखेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संसारदेवी परलोक भएको साल **ने.सं. ५६७** मान्नेहरूमा पनि कसैले महीना **कार्तिक**[३८] र कसैले **वैशाख**[३९] भनी मानेका छन् ।

दुइ

निषाद, ऋषभ, गान्धार, षड्ज, मध्यम, धैवत र **पञ्चम** गरी हाम्रा पूर्वाचार्यहरूले **स्वर**का ७ भेद गरेकाले[४०] र **नाद**को अर्थ **आवाज** भएकोले सिद्धिहर्ष वज्राचार्य, लूछ्याह्यो पेतेक आदिले **नाद**लाई **स्वर**को पर्याय मानी शब्दद्वारा अङ्क बुझाउने पद्धतिअनुसार **स्वर**ले ७ बुझाउने भएकोले **नाद**ले पनि ७ नै बुझाएको हो भनी ठानेको देखिन्छ । तर **नाद**को पर्यायमा कोषमा **स्वर** शब्द चढेको नदेखिएकोले[४१] होला, धनवज्र वज्राचार्यले **नाद** भनेको ७ हो भनी नमानेको देखिन्छ । देउपाटनका वैद्यहरूलाई संसारदेवीगुठी

---

३८. **वि.सं. १५०३ कार्तिकमा यक्षमल्लकी आमा संसारदेवी परलोक भइन्** भनी ज्ञानमणि नेपाल (२०५४:२४४)ले लेखेकाले उनले यहाँको महीना **कार्तिक** र संवत्चाहिँ वि.सं. १५०३-९३६ = ने.सं. ५६७ मानेको देखिन्छ । पछि उनैले **वि.सं. १५०४ कार्तिकमा यक्ष मल्लकी आमा संसारदेवी परलोक भइन्** (उही २०६२:२८८) भनी लेखेकाले ने.सं. ५६७ कार्तिकलाई वि.सं.मा बदल्दा भ्रमवश ९३७ जोड्न उनी पुगेको देखिन्छ ।

गणेश क्षेत्री र रामचन्द्र रायमाझी (२०६०:२४७)ले **सन् १४४६ मा आफ्नी आमा संसारदेवीको मृत्यु हुँदा यक्ष मल्ल र जीव मल्ल दुवैले आमाको सुनको सालिक बनाएर पशुपति मन्दिरभित्र राख्नुका साथै आमाको कैलाशबास होस् भनी गौरीको पूजाका निम्तिसमेत गुठी राखी दिएका थिए** भनी लेखेकाले उनीहरूले सन् १४४६-८७९ = ने.सं. ५६७ कार्तिकमा संसारदेवी परलोक भइन् भनी मानेको देखिन्छ ।

३९. पेशल दाहाल (२०४१:३३ = उही २०४८:१०८)ले **आमाको मृत्यु भएपछि वि.सं. १५०४ तिर दुवै दाजुभाइले आमाको सम्झनामा गौरीको पूजाआजाका निमित्त गुठीसमेत राखेका थिए** भनी लेखेकाले वि.सं. १५०४-९३७ = ने.सं. ५६७ वैशाखतिरको त्यो ताम्रपत्र उनले मानेको देखिन्छ । पुष्पराज चालिसे (२०५८:१७८)ले **वि.सं. १५०४ तिर आमाको सम्झनामा भाइ जीव मल्लका साथ गौरीको पूजाआजाका लागि गुठी राखिदिए** भनी लेखेकाले उनले पेशल दाहालकै वाक्यमा अलिकति फेरफार पारी सारेको देखिन्छ ।

४०. उदाहरणको लागि

निषादर्षभगान्धारषड्जमध्यमधैवताः ।
पञ्चमश्चेत्यमी सप्त तन्त्रीकण्ठोत्थिताः स्वराः ॥ १ ॥

(*अमरकोष* १।७)

(**निषाद, ऋषभ, गान्धार, षड्ज, मध्यम, धैवत** र **पञ्चम** यी सात स्वर तारबाट र घाँटीबाट निस्कन्छन् ।)

४१. उदाहरणको लागि

शब्दे निनादनिनदध्वनिध्वानरवस्वनाः ॥ २२ ॥
स्वाननिर्घोषनिर्ह्रादनादनिस्वाननिस्वनाः ।
आरवारावसंरावविरावाः

(*अमरकोष* १।६)

(**शब्द**को अर्थमा **निनाद, निनद, ध्वनि, ध्वान, रव, स्वन, स्वान, निर्घोष, निर्ह्राद, नाद, निस्वान, निस्वन, आरव, आराव, संराव** र **विराव** छन् ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थामिदिई जङ्गबहादुर राणाले वि.सं. १९३१ मा गरिदिएको रुक्काबाट पनि ने.सं. ५६१[४२] मा संसारदेवीगूठी खडा भयो भनी मानेको देखिएकोले धनवज्र वज्राचार्यले यस ताम्रपत्रको संवत् ने.सं. ५६१ मानेको कुराको समर्थन भएको छ ।

स्थिति यस्तो भए पनि शब्दद्वारा अङ्क बुझाउने विषयको चर्चा परेका नयाँ[४३] पुराना[४४] कुनै पनि पुस्तकमा **नाद** चढेको देखिएन ।[४५] तथापि **ब्रह्म** शब्दले १ बुझाएको उदाहरण पाइएकोले[४६] र **नाद**को पर्याय **शब्द**सँग

४२. माथि २-४ पृष्ठ हेर्नू ।

४३. गौरीशंकर हीराचंद ओझा १९७५:११९-१२१ ।

गे. ब्यूलर १९५३:८०-८२ (§ ३५) = योहन गेओर्ग ब्यूलर १९६१:८३-८६ = मंगलनाथ सिंह २०२२:१७२-१७६ = गेओर्ग ब्यूलर २०३६/३७:१०३-१०६ ।

म. रङ्गाचार्य १९६८/६९:२८७-२९५ ।

विभूतिभूषण दत्त र अवधेश नारायण सिंह १९९२:५४-५७ = कृपाशंकर शुक्ल २०१२/१३:४९-५२ ।

पाण्डुरङ्ग वामन काणे २०३०/३१:७०२-७०३ ।

दीनेशचन्द्र सरकार २०२१:२३०-२३३ ।

शङ्करमान राजवंशी २०३१:५८-५९ ।

गुणाकर मुले २०३२:६५-६६ ।

लुइ रनू र जँ फिलिओजा २०४१/४२:७०८-७०९ ।

दिनेशचन्द्र रेग्मी २०४८:१२१-१२३ ।

उही २०६०:२५१-२५३ ।

४४. *सुमतितन्त्र* = नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्त २०३५:८-१२ = नयराज पन्त २०६०: १२-१७ ।

अल्बीरूनी = एद्वर्द त्से. सखौ १९६६/६७:१७८-१७९ = सन्तराम १९७६/७७:९७-१०१ ।

४५. नादले ७ बुझाउँछ भन्ने कुरा एउटा प्राचीन पुस्तकबाट थाहा भएको विषयमा तल १५-१६ पृष्ठमा लेखिएको छ ।

४६. पाटनका राजा योगनरेन्द्र मल्लको पालाको एउटा शिलापत्रमा संस्कृतमा यस्तो

ब्रह्मानेत्रदिगङ्गनाङ्कसहिते नेपालसंवत्सरे ।
चैत्रे मासि सिते दिने सुरुगुरोः षष्ठ्यां तिथौ संयुते ।
श्रीमद्भैरवमूर्त्तिशक्तिसहितं संस्थापयामास स,
कृत्वा तत्र नरेन्द्रभूपतिमणिर्होमं च कोटचाहुतिं ॥ ॥[१]

(त्यहाँ कोटिहोम गरिबक्सेर दिग[गज]का पत्नी (आठ), आँखा (दुइ) र ब्रह्म [यी] अङ्कले सहित

१. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:२१ = ८-१० पङ्क्ति । तेस्रो पाउमा सहितंको तको अनुस्वार छाप्दा छाप्दै उडेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ब्रह्म मिली बनेको समस्तपद **शब्दब्रह्म** शास्त्रमा चलेको देखिएकोले[४७] **शब्द**को पर्याय **नाद**ले पनि १ नै बुझाएको हो भनी मान्न धनवज्र वज्राचार्यलाई बल मिलेको अडकल हुन्छ ।

यसो भए पनि नेपालसंवत्मा तिथिमिति दिइएको यस ताम्रपत्रको **मासादौ**को अर्थ सौरमानअनुसार विक्रमसंवत्को पहिलो महीना वैशाख हुने हुनाले धनवज्र वज्राचार्यले खास विचारै नगरी **वैशाख** मानेको देखिन्छ ।

लूछ्याह्लो पेतेकले यहाँको मिति **ने.सं. ५६७ कार्तिकशुक्लसप्तमी शतभिषानक्षत्र शिवयोग बृहस्पतिवार** मानी गणना गर्दा वार नक्षत्र योग कुनै पनि मिलाउन नसकेको कुरा माथि उद्धरण गरिएको उनकै वाक्यबाट स्पष्ट भएको छ । त्यसै गरी डिल्लीरमण रेग्मीले २ ठाउँमा माने जस्तै ने.सं. ५६१ कार्तिक र धनवज्र वज्राचार्यले माने जस्तै ने.सं. ५६१ वैशाख मानेर गणना गर्दा पनि गणना मिलाउन आफूले नसकेको कुरा लूछ्याह्लो पेतेकको माथि उद्धरण गरिएको अर्को वाक्यबाट स्पष्ट हुन्छ ।

नेपालसंवत्मा चैत महीनामा शुक्ल[पक्ष]मा षष्ठी तिथिले युक्त बृहस्पतिवार राजाहरूमा मणि, उहाँ [योग]नरेन्द्र [मल्ल]बाट शक्तिसहितको श्रीभैरवमूर्तिको स्थापना गरिबक्स्यो ।)

लेखिएको र नेवारीमा यस्तो

संवत् ८२१ चैत्रमास शुक्लपक्ष षष्ठी बृहस्पतिवार, थ्व कुन्हु संगीताण्र्णवपारग रविकुलतिलक हनुमद्ध्वज माणिग्लाधिपति महाराधिराज[२] वीरश्रीश्रीजयजोगनरेन्द्र मल्ल प्रभु थाकुरन, न्हपाया मणिमण्डप जीर्ण्ण जुयाव न्हूर दयकं बिज्याङाव कोट्याहुति होम याङाव थो मणिमण्डपस शक्तिन सहित भैरव दयकं स्थापना याङाव प्रतिष्ठा याङ बिज्याक ॥[३]

(संवत् ८२१ चैत महीना शुक्लपक्ष षष्ठी बृहस्पतिवार । यो दिन सङ्गीतरूपी समुद्र पार गरिबक्सेको, सूर्यवंशका टीका, झण्डामा हनूमान् भइबक्सेको, माणिग्लका मुख्य मालिक, महाराजाधिराज वीरश्रीश्रीजय-योगनरेन्द्र मल्ल प्रभु ठाकुरबाट पहिलेको मणिमण्डप जीर्ण भएकोले नयाँ बनाइबक्सेर कोटिहोम गरेर यस मणिमण्डपमा शक्तिसहित भैरव बनाई स्थापना गरेर प्रतिष्ठा गरिबक्स्यो ।)

लेखिएकोले **ब्रह्म**ले १ बुझाएको स्पष्ट छ ।

शङ्कर दीक्षितले आफ्नो *गङ्गावतरणचम्पू*मा यो पुस्तक लेखिएको संवत् दिँदा वि.सं. १८१६ बुझाउन ***ऋतुब्रह्मब्रह्मानन-हरणदेहावनिमिते*** भनी लेखेका छन् ।[४] यताबाट पनि **ब्रह्म** शब्दले १ बुझाउने गरेको देखिन्छ ।

४७. शास्त्रमा **शब्दब्रह्म** शब्दको प्रयोगको केही उदाहरणको लागि ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथ १९३२ मा **शब्दब्रह्मन्** हेर्नू ।

---

२. यस्तै छापिएको छ ।

३. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:२१ = ११-१५ पङ्क्ति ।

४. यो पुस्तक हामीले देखेका छैनौँ, गयाचरण त्रिपाठीबाट यो थाहा भएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तीन

लूछ्याह्लो पेतेकले यस ताम्रपत्रको **यो गे श नौ**लाई २ भिन्नाभिन्नै पद मानी **योगे शनौ** गरी यिनको अर्थ **शिवयोग** भनी गरे पनि त्यस अर्थमा आफूलाई सन्देह भएको कुरा **शनौ**को अर्थ **शिव** गरिसकेपछि उनले प्रश्नचिह्न हालेकोबाट स्पष्ट हुन्छ । उनले **योगे शनौ** भनी पढेको पाठलाई परम्परागत भारतीय पद्धतिमा शब्द शब्द छुट्ट्याएर लेख्ने चलन नभएकोले **योगे** र **अशनौ**को सन्धि हुँदा **अशनौ**को अको लोप भई **योगेशनौ** भएको हो भनी पाठ ठहर गर्दा **वज्र**को पर्याय **अशनि** भएकोले **वज्रयोग** भन्ने अर्थ आउँछ र लूछ्याह्लो पेतेकको अर्थमा जस्तो प्रश्नचिह्न हालिरहनुपर्दैन । **नाद**को अर्थ उनले माने जस्तै ७ र नेपालसंवत् कार्तिकबाट शुरू हुने भएकोले यस ताम्रपत्रको **मासादौ** (पहिलो महीना)को अर्थ पनि उनले माने जस्तै **कार्तिक** माने पनि उनले सम्झे जस्तो **योगे शनौ** होइन कि **योगेशनौ** मानी गणना गर्दा नतीजा यस्तो आयो –

ने.सं. ५६७ (वि.सं. १५०३, ई.सं. १४४६) कार्तिकशुक्ल

गते	तारीख	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
कार्तिक २७	अक्टोबर २६	बुध	सप्तमी	४४।१७	श्रवण	५५।३४	गण्ड	२७।५१

यस गणनाबाट वार, नक्षत्र र योग कुनै पनि मिलाउन सकिएन अर्थात् बृहस्पतिवार आउनुपर्नेमा बुध, शतभिषा आउनुपर्नेमा शतभिषाभन्दा २ नक्षत्रअगाडिको श्रवणनक्षत्र, पन्ध्रौँ वज्र आउनुपर्नेमा दशौँ गण्डयोग आयो ।

नादको अर्थ १ र **मासादौ**को अर्थ **कार्तिक** मानेर पनि गणना गर्दा मिलाउन नसकेको कुरा लूछ्याह्लो पेतेकले लेखेका छन् । अब ने.सं. ५६१ कार्तिकशुक्लसप्तमी माने पनि उनले माने जस्तो **योगे शनौ** होइन कि **योगेशनौ** मानी गणना गरौँ –

ने.सं. ५६१ (वि.सं. १४९७, ई.सं. १४४०) कार्तिकशुक्ल

गते	तारीख	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
मार्ग ५	नोभेम्बर २	बुध	सप्तमी	७।५६	धनिष्ठा	४६।३१	वृद्धि	४२।५१

यस गणनाबाट पनि वार, नक्षत्र र योग कुनै पनि मिलाउन सकिएन अर्थात् बृहस्पतिवार आउनुपर्नेमा बुध, शतभिषा आउनुपर्नेमा शतभिषाभन्दा अघिल्लो धनिष्ठानक्षत्र, पन्ध्रौँ वज्र आउनुपर्नेमा एघाह्रौँ वृद्धियोग आयो ।

नादको अर्थ १ र **मासादौ**को अर्थ **वैशाख** मानेर पनि गणना गर्दा मिलाउन नसकेको कुरा लूछ्याह्लो पेतेकले लेखेका छन् । अब ने.सं. ५६१ वैशाखशुक्लसप्तमी माने पनि उनले माने जस्तो **योगे शनौ** होइन कि **योगेशनौ** मानी गणना गरिन्छ –

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ५६१ (वि.सं. १४९८, ई.सं. १४४१) वैशाखशुक्ल

गते	तारीख	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
ज्येष्ठ २	अप्रिल २७	बृहस्पति	सप्तमी	५०।५७	पुष्य	१३।१५	वृद्धि	५३।३१

यस गणनाबाट नक्षत्र र योग मिलाउन सकिएन अर्थात् चौबीसौँ शतभिषा आउनुपर्नेमा आठौँ पुष्यनक्षत्र, पन्ध्रौँ वज्र आंउनुपर्नेमा एघाह्रौँ वृद्धियोग आयो ।

नादमा ईशानबाट उत्पन्न भएका ५ वटा कला हुन्छन्[४८] भनी शास्त्रमा लेखिएकोले कतै **नाद** भनेर **५** बुझाएको त होइन भन्ने शङ्का उठेकोले **नादलाई ५** र **मासादौलाई कार्तिक** मानी गणना गर्दा नतीजा यस्तो आयो –

ने.सं. ५६५ (वि.सं. १५०१, ई.सं. १४४४) कार्तिकशुक्ल

गते	तारीख	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
कार्तिक २०	अक्टोबर १८	आदित्य	सप्तमी	२४।११	उत्तराषाढा	९।२२	शूल	१६।४१

यस गणनाबाट वार, नक्षत्र र योग कुनै पनि मिलाउन सकिएन अर्थात् बृहस्पतिवार आउनुपर्नेमा आदित्य, चौबीसौँ शतभिषा आउनुपर्नेमा एक्काइसौँ उत्तराषाढानक्षत्र, पन्ध्रौँ वज्र आउनुपर्नेमा नवौँ शूलयोग आयो ।

नाद र **शब्द** पर्याय भएकाले[४९] र ९ किसिमका शब्द हुन्छन् भनी शास्त्रमा लेखिएकोले[५०] कतै **नाद** भनेर ९ बुझाएको त होइन भन्ने शङ्का उठेकोले **नादलाई** ९ र **मासादौलाई कार्तिक** मानी गणना गर्दा नतीजा यस्तो आयो –

४८. **नादे पञ्च समाख्याताः कला ईशानसम्भवाः । ... ॥ २९ ॥**

(*शिवपुराण* कैलाससंहिता ३ अध्याय)

(नादमा ईशानवाट उत्पन्न ५ वटा कला कहिएका छन् ।)

४९. माथि ४१ सङ्ख्याको टिप्पणी हेर्नू ।

५०. **तस्माच्छब्दा नव प्रोक्ताः प्राणविद्भिस्तु लक्षिताः ॥**
तान् प्रवक्ष्यामि यत्नेन नादसिद्धिमनुक्रमात् ॥ ॥ ३९ ॥
घोषं १ कांस्यं २ तथा शृङ्गं ३ घण्टां ४ वीणा ५ दिवंशजान् ६ ॥
दुन्दुभिं ७ शङ्ख ८ शब्दं तु नवमं मेघगर्जितम् ९ ॥ ४० ॥

(*शिवपुराण* उमासंहिता २६ अध्याय)

(त्यस कारण प्राणको विषयमा जान्नेहरूबाट जनाइएका ९ थरी शब्द बताइएका छन् । तिनलाई नादसिद्धिको क्रमले यत्नपूर्वक भन्नेछु । घोष (उच्चारण गर्दा घनघनाहट उत्पन्न हुने वर्ण), काँस, सीङ, घण्टा, वीणा आदि, बाँसवाट हुने, नगरा, शङ्खको शब्द र नवौँचाहिँ मेघ गर्जेको ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ५६९ (वि.सं. १५०५, ई.सं. १४४८) कार्तिकशुक्ल

गते	तारीख	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
मार्ग ६	नोभेम्बर ३	आदित्य	सप्तमी	२९।१	श्रवण	४।३६	ध्रुव	५३।२३

यस गणनाबाट वार, नक्षत्र र योग कुनै पनि मिलाउन सकिएन अर्थात् बृहस्पतिवार आउनुपर्नेमा आदित्य, चौबीसौँ शतभिषा आउनुपर्नेमा बाइसौँ श्रवणनक्षत्र, पन्ध्रौँ वज्र आउनुपर्नेमा बाह्रौँ ध्रुवयोग आयो ।

ने.सं. ५६१ कार्तिकशुक्लसप्तमी, ने.सं. ५६१ वैशाखशुक्लसप्तमी, ने.सं. ५६५ कार्तिकशुक्लसप्तमी, ने.सं. ५६७ कार्तिकशुक्लसप्तमी र ने.सं. ५६९ कार्तिकशुक्लसप्तमी मानी गणना गर्दा कुनै पनि गणना नमिलेकोले कार्तिकपछिको महीना **मार्ग**को अर्को नाउँ **अग्रहायण** भएको र यसको शब्दशः अर्थ गर्दा **सालको अगाडिको**[५१] अर्थात् **सालको शुरूआत**[५२] भन्ने भएकोले, एक थरी मतमा यो महीना सालको पहिलो महीना भएकोले[५३] र *भगवद्गीता*मा **मार्ग** महीनालाई महीनामध्ये मुख्य भनेकोले[५४] पनि **मासादौ** अर्थात् पहिलो महीना भनेको **मार्ग**मा भन्ने मानी ने.सं. ५६१, ५६५, ५६७ र ५६९ को गणना गरिन्छ ।

सबभन्दा पहिले ने.सं. ५६१ मार्गशुक्लसप्तमी मानी यहाँको तिथिमितिको गणना गर्दा नतीजा यस्तो आयो –

ने.सं. ५६१ (वि.सं. १४९७, ई.सं. १४४०) मार्गशुक्ल

गते	तारीख	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
पौष ४	नोभेम्बर ३०	बृहस्पति	सप्तमी	३५।५४	शतभिषा	२।४३	सिद्धि	४३।१९

यस गणनाबाट बृहस्पतिवारको दिन वज्रयोग होइन कि त्यसपछिको सिद्धियोग पर्ने देखियो । वज्रयोग भने अघिल्लो दिन अर्थात् बुधवार ५० घडी २४ पलामा नै सिद्धिन्छ ।

ने.सं. ५६५ मार्गशुक्लसप्तमी मानी यहाँको तिथिमितिको गणना गर्दा नतीजा यस्तो आयो –

ने.सं. ५६५ (वि.सं. १५०१, ई.सं. १४४४) मार्गशुक्ल

गते	तारीख	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
मार्ग २०	नोभेम्बर १७	मङ्गल	सप्तमी	७।२१	शतभिषा	४२।२	हर्षण	२७।४५

---

५१. राधाकान्तदेव १९४३ (२०२४) मा **अग्रहायण** ।

५२. मोनियर मोनियर-विलियम्ज १९५६ मा अग्रभित्र **अग्रहायण** ।

५३. राधाकान्तदेव १९४३ (२०२४) मा **आग्रहायणिक** र **आग्रहायणी** ।

५४. **मासानां मार्गशीर्षोऽहम्**

(महीनाहरूमध्ये म मार्ग हुँ ।)

(*भगवद्गीता* १०।३५)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस गणनाबाट वार र योग मिलाउन सकिएन अर्थात् बृहस्पतिवार आउनुपर्नेमा मङ्गल र वज्र आउनुपर्नेमा त्यसभन्दा अघिल्लो हर्षणयोग आयो ।

ने.सं. ५६७ मार्गशुक्लसप्तमी मानी यहाँको तिथिमितिको गणना गर्दा नतीजा यस्तो आयो –

ने.सं. ५६७ (वि.सं. १५०३, ई.सं. १४४६) मार्गशुक्ल

गते	तारीख	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
मार्ग २६	नोभेम्बर २४	बृहस्पति	षष्ठी	१७।९	धनिष्ठा	१२।३९	हर्षण	३०।१४

यस गणनाबाट षष्ठी तिथि बृहस्पतिवार १७ घडी ९ पलामा सिद्धिएपछि सप्तमी लागेको, धनिष्ठानक्षत्र बृहस्पतिवार १२ घडी ३९ पलामा सिद्धिएपछि शतभिषा लागेको, हर्षणयोग बृहस्पतिवार ३० घडी १४ पलामा सिद्धिएपछि वज्र लागेको देखियो र यस ताम्रपत्रमा लेखिएअनुसार सबै अङ्ग मिले ।

ने.सं. ५६९ मार्गशुक्लसप्तमी मानी यहाँको तिथिमितिको गणना गर्दा नतीजा यस्तो आयो –

ने.सं. ५६९ (वि.सं. १५०५, ई.सं. १४४८) मार्गशुक्ल

गते	तारीख	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
पौष ५	डिसेम्बर २	सोम	सप्तमी	५४।५६	शतभिषा	१७।२	सिद्धि	५८।८

यस गणनाबाट वार र योग मिलाउन सकिएन अर्थात् बृहस्पतिवार आउनुपर्नेमा सोम र वज्र आउनुपर्नेमा त्यसपछिको सिद्धियोग आयो ।

चार

यस ताम्रपत्रमा भएको तिथिमितिको ९ थरी अर्थ गरी गणना गर्दा **ने.सं. ५६७ मार्गशुक्लसप्तमी शतभिषानक्षत्र, वज्रयोग बृहस्पतिवार**को गणना मिलेकोले **ने.सं. ५६७ मार्गशुक्लषष्ठीउप्रान्त सप्तमी** अर्थात् **वि.सं. १५०३ मार्ग २६ गते** अर्थात् **ई.सं. १४४६ नोभेम्बर २४ तारीख बृहस्पतिवार**को दिन संसारदेवी परलोक भएको देखिन आएको छ ।

गणनाअनुसार मार्गशुक्लसप्तमीको दिन परलोक भएकी संसारदेवीको ४५ दिनको श्राद्ध यताबाट तिथिको घटबढको हिसाब नराखी सोझो गन्दा अमान्तमानअनुसार पौषकृष्णअष्टमीको दिन पर्न जान्छ । संसारदेवीको वर्षवर्धनपूजा पूर्णान्तमानले माघकृष्णअष्टमीको दिन गर्ने चलन[५५] चलिरहेकोबाट पनि हामीले गरेको गणना ठीक देखिन्छ ।

५५. सदानन्द वैद्यहरूले गूठीलगतजाँचअड्डामार्फत श्री ५ सरकारमा चढाएको लगतमुचुल्का (महेशराज पन्त २०६२ क:६०-६५ = ३ सङ्ख्याको ७० पङ्क्ति) ।
हरिबोल आचार्य २०५१:१०० ।
गोविन्द टण्डन २०५३:२८० ।
राजेश आचार्य २०६३:३० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी नादलाई ७ र मासादौलाई मार्ग मानी गणना गर्दा मिल्न आए पनि नादले ७ कसरी बुझायो भन्ने कुराचाहिँ पहेली नै भएर आएकोमा *अपराजितपृच्छा* भन्ने वास्तुशास्त्रको ग्रन्थ (४२ सूत्र = पोपटभाई अम्बाशङ्कर मनकाड २००६/०७:९६-९७)बाट हालै त्यो सुल्झाउन सकिएको छ –

क्ष्माक्षितितनुशब्दरूपमन्त्रचन्द्राश्चैकपर्यायाः ।
पक्षयुग्मनेत्रद्वन्द्वगोलकं दस्राश्विन्यौ विषाणचरणा द्वयोः ॥
अग्नयो गुणरामाश्च कालसङ्ख्याविधिस्तथा ।
शक्तयो हरनेत्राणि त्रयाणां वाचका इमे ॥
कृतकोणयुगविध्यास्यतुर्याम्बुधिदिग्विदिग्मङ्गला ।
गोचरणमार्गाख्यातं भागाः श्रुतयश्च सङ्ख्या चतुर्णाम् ॥
इषुविषयतत्त्वेन्द्रियधृषणशम्भुवक्त्रक्षेत्राणि ।
वास्तुलिङ्गप्रतीतादृतभवमुखानि च पञ्चानाम् ॥
गायत्रीदर्शनखण्डरसर्तुयानकर्णिकरागषण्मिश्रम् ।
द्विशक्तिकाणगणरत्नशक्त्याननामृतग्रन्थस्कन्दवक्त्रं षण्णाम् ॥
समुद्राद्रिद्वीपनगाः कन्यायक्षस्वरनादखण्डाग्रम् ।
ऋषिमुनीन्द्रसप्तलोकसूर्याश्च पातालानि सप्तानाम् ॥
शैलान्वयवसुपद्मदलजातिक्रमच्छन्दांसि ।
व्यक्तिगमस्वराम्रमानशंभवोऽष्टानाम् ॥
अङ्का रन्ध्रप्रदेशअङ्गस्थानकत्याहस्तांगलवणभूवरिष्ठं ताराष्टैकक्रमोद्भव नवानाम् ॥
निस्वरादिकविष्णवतारप्रदेशैकनखार्धस्वरताल दशानाम्
दशैकरुद्रभूताद्विगोकर्णशातत्वेकादशानाम्
तालवितस्तिमुखवदनसूर्यमासा केशं च भानुरुद्रैकंशिव द्वादशानाम्
दैत्यादिसुरेन्द्रादित्या सूर्यैकखातत्रिदशास्त्रयोदशसुवाचकाः
भुवनमनुव्यक्तिशात्केन्द्राखण्डलद्विसप्तमन्वन्तरं चतुर्दशानाम्
तिथिर्मासार्ध पञ्चदशानाम् ।
कला द्विरष्टनृपभृङ्गापक्षैकबिन्दु षोडशानाम् ।
जन्मपक्षरंभोभ्यासश्चेति द्विरष्टैकन्यून सप्तदशानाम् ।
वेदाङ्गस्मृतिशान्तिविभूतिपौराण्यभवोद्भवमहाव्रतमेघराजश्चाष्टादशानाम् ।
अधृति अतृप्ति विफला अमोघा त्वेकोनविंशतिः ।
नखविश्वाविश्वपारस्वंतीधृतीप्ति स्याद् विंशतिः ।
त्रिषाक्रान्तामूर्च्छनास्त्वेकविंशतिः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कृष्णाक्रान्ता भूध्र्यानां त्वेकविंशतिः ।
तृसृतां स्वामारोप्या द्वाविंशतिः ।
त्रितार्तीयकास्तीर्णा त्रयोविंशतिः ।
तीर्था जिनमहाद्विशासनी चतुर्विंशतिः ।
तत्त्वगुणयुग्मात् पञ्चविंशतिः ।
एकाङ्गुलादिहस्तान्ता समाः शब्दाः प्रकीर्तिताः ।
निघण्टौ एतावन्तश्च पर्यायकाः सुदीपकाः ॥

लुप्त जस्तो भइसकेको वास्तुशास्त्रसम्बन्धी यो ग्रन्थ अशुद्ध संस्कृतमा लेखिएको मात्र नभई यसका सम्पादकले पनि आफ्नो काम राम्रोसँग गरेका छैनन् भन्ने कुरा प्रकाशित पुस्तकका पत्रपत्रले हामीलाई बताउँछन् । *अपराजितपृच्छा*को गणितशब्दनिघण्ट्वधिकारबाट माथि उद्धरण गरिएको अंशको पदपदको अर्थ हामीलाई पनि नलागेकोले छापिएको अंशमा अतिसामान्य संशोधनसिवाय अरू केही गर्न सकिएन ।[५६] यसैले यस अंशको उल्था गर्ने काम अहिलेको लागि थाँती राखिएको छ । स्थिति यस्तो भए पनि हामीलाई अहिले खायस परेको कुराको समाधान यताबाट राम्ररी हुन्छ ।

शब्दद्वारा अङ्क बुझाउने प्रसङ्गमा १ देखि २५ सम्मका अङ्क बुझाउन प्रयोग हुने शब्दसूची *अपराजितपृच्छा*मा दिंदा ७ को पर्यायमा **स्वरसँगै नाद** पनि परेकोले कुनै परम्पराअनुसार **नादले** ७ बुझाउने कुरामा शङ्का भएन । यसैले यस ताम्रपत्रमा संवत् दिंदा आएको **नादले** ७ बुझाएको हो भनी गणनाबाट सिद्ध गरिएको कुराको पुष्टि *अपराजितपृच्छा*बाट पनि भएको छ । १ को पर्यायमा यहाँ **शब्द** पनि दिइएकोले **नादकै** पर्याय **शब्दले** चाहिँ १ बुझाएको पनि यस प्रसङ्गमा सम्झन योग्य छ ।

पाँच

अन्त्यमा अर्को एउटा कुरा पनि भन्नुपरेको छ । त्यो के हो भने ने.सं. ५६७ (वि.सं. १५०४) भाद्रशुक्लतृतीयाको दिन यक्ष मल्ल गोसाईंकुण्डमा तीर्थ गर्न भनी हिँडेको, द्वादशीको दिन गोसाईंकुण्डमा स्नान गरी दानदक्षिणा गरेको, ३ रात ४ दिन त्यहीँ बसेको, गाई दान गरेको, त्यहाँबाट फर्कँदा चाँगु पुगी भाद्रकृष्ण-चतुर्थीको दिन चाँगुनारायणको स्नान गराएको, त्यही दिन पशुपति पुगी पशुपतिको स्नान गराई त्यही

५६. जोड्नेछुट्टयाउने, अनुस्वार थप्ने, लिपिकरले अक्षर नचिन्दा गरेको गल्ती र सन्धिमा भएका सामान्य भूल सच्याएको छोड्ने हो भने *अपराजितपृच्छा*को प्रकाशित पुस्तकमा ९ को पर्यायमा **अङ्काररन्ध्र°** भएकोमा **अङ्कारन्ध्र°**, १६ को पर्यायमा **तृप** भएकोमा **नृप** र २३ को पर्यायमा **त्रिकात्रीयंका** भएकोमा **त्रितार्तीयका** मात्र हामीले सच्याउन सक्यौं ।
अर्को एउटा भन्नुपर्ने कुरा के छ भने ३ को पर्यायमा यहाँ **काल** छ, तर **कालले** नभई **त्रिकालले** ३ बुझाउने कुरा अल्बीरूनी (एद्वर्द त्से. सखौ १९६६/६७:१७८ = सन्तराम १९७६/७७:९८)को पुस्तकबाट बुझिन्छ । तर यहाँ **त्रि** थप्दा छन्दोभङ्ग हुने हुनाले मूलमा संशोधन गर्ने आँट गरिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिन दरबार भित्रिएको बयान तात्कालिक टिपोटमा आएको छ।[५७] ने.सं. ५६७ (वि.सं. १५०३) मार्गशुक्ल-सप्तमीको दिन उनकी आमा संसारदेवी परलोक भएकीले उनले गोसाईँकुण्ड, चाँगुनारायण र पशुपतिमा धर्मकर्म गर्दा आमाको बरखी नै थियो।[५८] बरखीमा सामान्यतया पितृकार्य मात्र गर्ने र विशेष धर्मकर्म नगर्ने चलन भएकोले यक्ष मल्लले आमा बितेको १० महीना नपुग्दै किन यस्तो गरे भन्ने प्रश्न उठ्छ। गद्दीनशीन राजालाई जूठो लाग्दैन भन्ने शास्त्रीय वचन[५९] भएकोले पनि आमाको बरखीभित्रै यक्ष मल्लको तीर्थयात्रा सम्भव भएको पनि हुन सक्छ। यस विषयमा खास प्रकाश त धर्मशास्त्रका ऐतिहासिकहरूले नै पार्न सक्लान्।

---

५७. नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्त २०३५:परिशिष्टको १२७-१२८।

५८. आमा मरेकै साल यक्ष मल्लले यो तीर्थयात्रा गरे भनी ज्ञानमणि नेपाल (२०५४:२४५[१] = २०६२:२८९[२])ले लेखेका छन्। बरखीमा यो कसरी सम्भव भयो भन्ने विषयमा चाहिँ उनले केही लेखेका छैनन्।

५९. **राजा करोति यत् कर्म स्वप्नेऽप्यन्यस्य तत् कथम्।**
एवं सति नृपः शुद्धः संस्पर्शे मृतसूतके॥

(*आदिपुराण*को भनी *पराशरमाधवीय*मा उद्धृत वचन, पाण्डुरङ्ग वामन काणे २०३०:२९९ मा ६७३ सङ्ख्याको टिप्पणीमा उद्धृत)
(राजाले जुन काम गर्छन्, सपनामा पनि अरूले त्यो कसरी गर्न सक्छन्। यसो हुँदा राजा जूठो र सुत्केरो पर्दा शुद्ध हुन्छन्।)

बालदेशान्तरितप्रव्रजितासपिण्डानां सद्यः शौचम्॥ ४५॥
राज्ञां च कार्यविरोधात्॥ ४६॥

(*गौतमीय धर्मसूत्र* १४ अध्याय)

(बालकको, देशान्तर गएकाको, जोगी भएकाको र सपिण्डीभित्र नपर्नेको जूठो उत्लिखेरै चोखिन्छ[३]॥ ४५॥
काम अड्किने हुनाले राजाहरू पनि उत्लिखेरै चोखिन्छन्[३]॥ ४६॥)

शिल्पिनः कारुका वैद्या दासीदासाश्च नापिताः।
राजानः श्रोत्रियाश्चैव सद्यःशौचाः प्रकीर्तिताः॥ २२॥
सव्रतो मन्त्रपूतश्च आहिताग्निश्च यो द्विजः।
राज्ञश्च सूतकं नास्ति यस्य चेच्छति पार्थिवः॥ २३॥

(*पराशरस्मृति* ३ अध्याय)

(कालीगड, कर्मी, वैद्य, कमारी, कमारा, नाउ, राजा र वेदपाठीहरू उत्लिखेरै चोखिने[३] भनी भनिएका छन्। ब्रह्मचारी, मन्त्रले चोखो भएको र जुन बाहुन अग्निहोत्री छ; उसलाई र राजालाई सूतक लाग्दैन। राजाको इच्छा जसलाई [सूतक बार्न नलाउने] हुन्छ, [त्यसलाई] पनि लाग्दैन।)

---

१. **आमा मरेकै साल भदौमा नौ दिन हिंडेर गोसाईकुण्डका नीलकण्ठको दर्शन गरी अनेक दानधर्म उनले गरेका थिए।**

२. **आमा मरेकै साल भदौमा नौ दिन हिंडेर गोसाईकुण्डको स्नान नीलकण्ठको दर्शन गरी फर्केर आई पशुपतिनाथको चाँगुनारायणको पनि दर्शन गरी अनेक दानधर्म पनि उनले गरेका थिए।**

३. **सद्यः शौचम्**को शब्दशः अर्थ गरी उत्लिखेरै चोखिन्छ/चोखिन्छन् भनी माथि लेखियो। **सद्यःशौच**को अर्थ गर्दा धर्मशास्त्रका कुनै पुस्तकमा जूठै नलाग्ने, कुनैमा खल्को हालेपछि सिद्धिने, कुनैमा जूठो परेको दिन वा रातको १ अंश बारे पुग्ने र कुनैमा पूरा अहोरात्र बार्नुपर्ने भनी लेखिएको छ भनी धर्मशास्त्रका महनीय ऐतिहासिक पाण्डुरङ्ग वामन काणे (२०३०:२९५-२९६)ले खुलाएर लेखेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कारवः शिल्पिनो वैद्या दासीदासास्तथैव च ।
राजानो राजभृत्याश्च सद्यःशौचाः प्रकीर्तिताः ॥

(*प्रचेताको वचन*)[५]

(कर्मी, कालीगड, वैद्य, त्यस्तै दासदासी, राजा र राजाका जागीरदार उत्तिखेरै चोखिने भनी भनिएका छन् ।)

नाशौचसूतके स्यातां नृपतीनां कदाचन ।

(*बृहत्पराशरसंहिता*बाट लक्ष्मणशास्त्री जोशी २०२९:९५८ मा उद्धृत)

(राजाहरूलाई जूठो र सुत्केरो कहिले पनि लाग्दैन ।)

न राज्ञामघदोषोऽस्ति व्रतिनां न च सत्रिणाम् ।
ऐन्द्रं स्थानमुपासीना ब्रह्मभूता हि ते सदा ॥ ९३ ॥
राज्ञो माहात्मिके स्थाने सद्यः शौचं विधीयते ।
प्रजानां परिरक्षार्थमासनं चात्र कारणम् ॥ ९४ ॥
सोमाग्न्यर्कानिलेन्द्राणां वित्ताप्पत्योर्यमस्य च ।
अष्टानां लोकपालानां वपुर्धारयते नृपः ॥ ९६ ॥
लोकेशाधिष्ठितो राजा नास्याशौचं विधीयते ।
शौचाशौचं हि मर्त्यानां लोकेशप्रभवाप्ययम् ॥ ९७ ॥

(*मनुस्मृति* ५ अध्याय)

(राजाहरूलाई आशौच लाग्दैन । व्रत बसिरहेकाहरूलाई र लामो यज्ञ गरिरहेकाहरूलाई पनि लाग्दैन । किनभने [राजाहरू] इन्द्रको स्थानमा बसेका र तिनीहरूचाहिँ सधैँ ब्रह्मसँग मिलेका हुन्छन् ॥ ९३ ॥[६]

५. यो वचन *मनुस्मृति*मा मेधातिथिको टीका (५ अध्यायको ६० श्लोक)मा उद्धरण गरिएको छ । त्यस टीकाको पुस्तक (विश्वनाथ नारायण मण्डलिक १९४२:६२५)मा दोस्रो पाउमा **दासीदासाः**को ठाउँमा द्वन्द्वसमास भएको **दासीदासं** पाठ छ । *मिताक्षरा*को पुस्तक (बापू शास्त्री मोघे १९४८:२९५)मा चाहिँ हामीले माथि दिए जस्तै **दासीदासाः** पाठ छ । पाण्डुरङ्ग वामन काणे (२०२५:५१९ मा ६११ सङ्ख्याको टिप्पणी)ले *मिताक्षरा*बाट यस वचनको उद्धरण गरेका छन् । **दासीदासास्तथैव** हुनुपर्नेमा त्यहाँ भ्रमवश **दासीदासा तथैव** छापिएको छ ।

६. धर्मशास्त्र र अर्थशास्त्रमा राजधर्मलाई **व्रत** र **यज्ञ**सँग दाँजेकोले[१] यस श्लोकका **व्रतिनां**[२] र **सत्रिणाम्**ले राजाहरूभन्दा फरक, २ अलग अलग प्रकारका मानिसहरूलाई नबुझाई यी दुवै पद **राज्ञां**का नै विशेषण हुन् भन्ने तर्क हेन्‌रिख फन श्यीतन्क्रोन (२०५३:४९४, ४९५-४९६)को छ र यसैअनुसार उनले यस श्लोकको अर्थ दिएका छन् (उही:४९६-४९७) । *मनुस्मृति*का यसपछिका श्लोकमा **व्रती** र **सत्री**को विषयमा केही नलेखी खालि राजाको विषयमा मात्र लेखिएकोले झ्वाट्ट हेर्दा उनको तर्कले प्रभाव पार्न सक्छ तापनि *मनुस्मृति*का टीकाकारहरूले गरेको अर्थको उल्टो (विश्वनाथ नारायण मण्डलिक १९४२:६५१-६५२) यो अर्थ संस्कृतवाक्यरचनाको धर्मअनुसार प्रामाणिक मात्र सकिँदैन[३] र यस श्लोकको वाक्यरचनाको विषयमा उनले गरेको तर्क (उही:४९६ मा ३४ सङ्ख्याको टिप्पणी) प्रमाणकोटिमा चढ्दैन । यस विषयमा एउटा छुट्टै लेखको जरूरत छ ।

१. उदाहरणको लागि हेन्‌रिख फन श्यीतन्क्रोन २०५३:४९४-४९५ हेर्नू ।

२. हेन्‌रिख फन श्यीतन्क्रोनले धर्मशास्त्रबाट उद्धरण गर्दा **व्रतिणाम्** (उही २०५३:४९३ पृष्ठमा २२ र ४९४ पृष्ठमा २३ सङ्ख्याको टिप्पणी) र आफ्नो तर्फबाट लेख्दा **व्रतिणां** (उही:४९४, ४९६ र ४९६ पृष्ठमा ३४ सङ्ख्याको टिप्पणी) लेखेकाले उनले णत्वको नियम राम्रो नबुझेको स्पष्ट हुन्छ ।

३. यमले गाएको भनी *वसिष्ठस्मृति*मा उद्धरण गरिएको (तल १९ पृष्ठमा हामीले सारेको), *मनुस्मृति*को यही श्लोकसँग पहिलो पाउबाहेक अन्यत्र ठ्याक्क मिल्ने श्लोकको अर्थको विषयमा पनि हेन्‌रिख फन श्यीतन्क्रोन (उही:४९५-४९६)को यही तर्क छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ठूलो स्थानमा [बसेका] राजालाई उल्लिखेरै चोख्याइन्छ। यहाँ कारण प्रजाहरूको रक्षाको लागिको आसन हो ॥ ९४ ॥
चन्द्रमा, अग्नि, सूर्य, वायु, इन्द्र, कुवेर, वरुण, यम गरी ८ लोकपालहरूको शरीरको धारणा राजाले गरेका हुन्छन् ॥ ९६ ॥
राजामा लोकपालहरू बसेका हुन्छन्। [यसैले] यिनलाई आशौच लाग्दैन। किनभने शौच र आशौच लोकपालहरूबाटै मनुवाहरूमा उत्पन्न र नष्ट हुन्छ ॥ ९७ ॥)

महीपतीनां नाशौचं हतानां विद्युता तथा ।
गोब्राह्मणार्थे सङ्ग्रामे यस्य चेच्छति भूमिपः ॥ २७ ॥

(*याज्ञवल्क्यस्मृति* प्रायश्चित्ताध्याय)

(राजाहरूलाई जूठो लाग्दैन। चटचाङ लागेर तथा गाई र ब्राह्मणको [रक्षाको] लागिको लडाइँमा मारिएकाको जूठो लाग्दैन। राजाको इच्छा जसलाई [जूठो बार्न नलाउने] हुन्छ, [त्यसलाई] पनि जूठो लाग्दैन ॥ २७ ॥)

यमगीतं चात्र श्लोकमुदाहरन्ति ।
नाघदोषोऽस्ति[७] राज्ञां वै व्रतिनां न च सत्रिणाम् ।
ऐन्द्रस्थानमुपासीना ब्रह्मभूता हि ते सदा ॥ ४८ ॥
इति ॥

(*वसिष्ठस्मृति* १९ अध्याय)

(यमले गाएको श्लोकको पनि यहाँ उद्धरण गर्छन् –
राजाहरूलाई आशौच लाग्दैन। व्रत बसिरहेकाहरूलाई र लामो यज्ञ गरिरहेकाहरूलाई पनि लाग्दैन। किनभने [राजाहरू] इन्द्रको स्थानमा बसेका र तिनीहरूचाहिँ सधैं ब्रह्मसँग मिलेका हुन्छन् ॥ ४८ ॥)

भृग्वग्न्यनाशकाम्बुसङ्ग्रामविद्युन्नृपहतानां नाशौचम् ॥ ४७ ॥
न राज्ञां राजकर्मणि ॥ ४८ ॥

(*विष्णुधर्मसूत्र* २२।४८)

(भृगुपतन गरेर, अग्निप्रवेश गरेर, नखाएर, पानीमा डुबेर, लडाइँमा परेर, चटचाङ लागेर मर्नेको र राजाले मारिएकाको जूठो लाग्दैन ॥ ४७ ॥
राजाहरूलाई पनि राजकाजमा लाग्दैन ॥ ४८ ॥)

---

७. आलोइस अन्तोन फ्यूरर १९८६/८७:५८ मा नाघदोषोऽस्तिको ठाउँमा नाद्य दोषोस्ति र *स्मृतिसन्दर्भ* :१५१९ (३३ श्लोक) र लक्ष्मणशास्त्री जोशी २०२९:९४२ मा नात्र दोषोऽस्ति भन्ने पाठ छ। प्याट्रिक ओलिवेल (२०५६:६८७)ले आइ रीड् *अघदोष* (फाउन्ड् इन् द प्यारअलेल् इन् एमडीएच् ५.९३) इन् प्लेस् अफ् *अद्य दोष* अफ् फ्यूरर'ज् एडिशन्। कमएन्टेटर्ज् एक्स्प्लेन् *अघ* याज् *आशौच*, द पीरइअड् अफ् इम्प्यूरइटि फल्ओइङ् डेथ् यान्ड् बर्थ् (फ्यूररको संस्करणको अद्य दोषको ठाउँमा अघदोष (*मनुस्मृति* ५।९३ मा समान्तर रूपमा पाइएको) पढ्छु। टीकाकारहरूले अघलाई आशौच अर्थात् मरण र जन्मपछि हुने बिटुल्याइ भनी व्याख्या गरेका छन्) भनी लेखे पनि उनले मूलपाठमा नाद्य (उही:४२८) राखी टिप्पणीमा मात्र नाघ (उही:६८७) दिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको* वर्णक्रमअनुसारको तालिका

अभिधानरत्नमाला
= हलायुधमा हेर्नू।

अपराजितपृच्छा
= भुवनदेवमा हेर्नू।

अमरकोष
= अमरसिंहमा हेर्नू।

अमरसिंह *अमरकोष*
= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमृएन्टरि अन् दि अमरकोष* (जातरूपले बनाएको *अमरकोष*को टीका) २ भाग।

अल्बीरूनी
= ई.सं. १९१० (वि.सं. १९६६/६७) मा लन्डनबाट केगन पल, ट्रेन्च, ट्रब्नर यान्ड कम्पनीद्वारा प्रकाशित, एद्वर्द त्से. सखौको *अल्बेरुनि'ज् इन्डिअ* (अल्बीरूनीको भारत) १ भाग।

एद्वर्द त्से. सखौको *अल्बेरुनि'ज् इन्डिअ*को सन्तरामले उल्था गरी ई.सं. १९२० (वि.सं. १९७६/७७) मा प्रयागबाट इंडियन प्रेसद्वारा प्रकाशित *अलबेरूनी का भारत* (अल्बीरूनीको भारत) २ भाग।

आलोइस अन्तोन फ्यूरर १९८६/८७
= *वसिष्ठस्मृति*मा हेर्नू।

एद्वर्द त्से. सखौ १९६६/६७
= अल्बीरूनीमा हेर्नू।

ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथ १९३२
= ई.सं. १८७५ (वि.सं. १९३२) मा सेन्ट पिटर्सबर्गबाट बूख्द्रुकेरै देर कैजर्लिषेन आकादेमी देर विस्सेनशफ्त्एनद्वारा प्रकाशित, ओत्तो ब्योत्लिङ्क र रूदोल्फ रोथको *सन्स्कित् वोर्तेर्बूख्* (संस्कृत कोष) ७ भाग।

कमलप्रकाश मल्ल २०३८
= ने.सं. ११०२ (वि.सं. २०३८) मा ललितपुरबाट खेलुइता: पिकाक गुथिद्वारा प्रकाशित *खेलुइता:* (पर्वमा बालिने बत्ती) ३ अङ्कका ३-१५ पृष्ठमा छापिएको, कमलप्रकाश मल्लको *मध्यकालया अभिलेखय् नेपाल भाषा* (मध्यकालको अभिलेखमा नेवारी)।

कमलप्रकाश मल्ल आदि २०५७[1]
= ई.सं. २००० (वि.सं. २०५७) मा काठमाडौँबाट च्वसापासाद्वारा प्रकाशित, कमलप्रकाश मल्लको प्रधान-सम्पादकत्वमा तयार भएको

* कुनै कृतिमा रचयिता वा सम्पादक आदिको नाउँ नदिइएको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार राखिएको छ। रचयिताको नाउँ थाहा नभएको ग्रन्थको हकमा ग्रन्थको नाउँ वर्णक्रमअनुसार दिइएको छ। प्राचीन ग्रन्थको हकमा चाहिँ रचयिताको नाउँ दिइएको भए तापनि ग्रन्थनाम पनि वर्णक्रमअनुसार राखिएको छ। कहीँ कहीँ प्राचीन ग्रन्थको एकभन्दा बढी संस्करणको उल्लेख यहाँ गरिए पनि यहाँ सबभन्दा अगाडि जुन संस्करणको उल्लेख गरिएको छ, त्यही संस्करणअनुसारको पाठ यस लेखमा दिइएको छ भनी सम्झनुपर्छ। प्राचीन ग्रन्थको मूलभागको होइन कि सम्पादकले लेखेको भागको उपयोग गर्दा भने प्राचीन ग्रन्थको कर्ता र त्यस ग्रन्थको नाउँ वर्णक्रमअनुसार दिइएको छैन। प्राचीन ग्रन्थबाट उद्धरण गर्दा आम तर अशुद्ध चलनअनुसार परसवर्ण नगरी शंख आदि छापिएको र पद छुट्ट्याउन मिल्नेमा पनि जोडेर छापिएको ठाउँमा परसवर्णनियमको अनुसरण गर्ने र पद छुट्ट्याएर हामीले पाठ दिने गरेका छौँ।

१. यस कोषमा परेका शब्दको सङ्कलन काशीनाथ तमोट आदि ९ जनाले र यस कोषको सम्पादन कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा तेजरत्न कंसकार आदि ६ जनाले गरेका हुन् भन्ने कुरा यही कोषमा लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अ डिक्शन्अरि अफ् क्ल्यास्इक्ल् नेवारी, कम्पाइल्ड् फ्रम् म्यान्युस्क्रिप्ट् सोर्स्इज् (लेखोट पुस्तकहरूबाट [शब्द]सङ्कलन गरिएको, पुरानो नेवारीको कोष)।

कल्पद्रुकोष

= केशवमा हेर्नू।

कुलचन्द्र कोइराला २०५१

= वि.सं. २०५१ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, कुलचन्द्र कोइरालाको *नेपालका आराध्य देव भगवान् श्रीपशुपतिनाथ*।

कृपाशंकर*[२] शुक्ल २०१२/१३

= विभूति*भूषण दत्त र अवधेश नारायण सिंह २०१२/१३ मा हेर्नू।

केशव *कल्पद्रुकोष*

= ई.सं. १९२८ (वि.सं. १९८४) मा बरोदाबाट अर्इएन्टल इन्स्टिटयुटद्वारा प्रकाशित, रामावतार शर्माको *केशवकृतः कल्पद्रुकोशः* (केशवले बनाएको *कल्पद्रुकोश*)।

गणेश क्षेत्री र रामचन्द्र रायमाझी २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट एसिया पब्लिकेसन्सद्वारा प्रकाशित, गणेश क्षेत्री र रामचन्द्र रायमाझीको *नेपालको इतिहास* २ संस्करण।

गुणाकर मुले २०३२

= ई.सं. १९७५ (वि.सं. २०३२) मा दिल्लीबाट राजकमल प्रकाशनद्वारा प्रकाशित, गुणाकर मुलेको *भारतीय अंक*-पद्धति की कहानी* (भारतीय अङ्कपद्धतिको कुरा)।

गे. ब्यूलर १९५३

= गेओर्ग ब्यूलरमा हेर्नू।

गेओर्ग ब्यूलर १९५३

= ई.सं. १८९६ (वि.सं. १९५३) मा स्ट्रास्वर्गबाट फेर्लाग फन कार्ल योत. त्रुएव्नरद्वारा प्रकाशित, गे. ब्यूलरको *इन्दिशे पाल्इओग्राफि* (भारतीय पुरालिपिशास्त्र)।

ई.सं. १९०४ (वि.सं. १९६१) मा बम्बईबाट बम्बे एड्युकेशन ससाइइटि'ज प्रेसद्वारा प्रकाशित *दि इन्डिअन् यान्टिक्वरि* (भारतीय प्रत्नतत्त्व) ३३ भागमा *अपेन्डिक्स्* (परिशिष्ट)को रूपमा छापिएको, जान फेयफुल फ्लीटले सम्पादन गरेको, योहन गेओर्ग ब्यूलरको *इन्डिअन् प्याल्इओग्रफि* (भारतीय पुरालिपिशास्त्र)।

गेओर्ग ब्यूलरको *इन्दिशे पाल्इओग्राफि*को मंगल* नाथ सिंहले उल्था गरी ई.सं. १९६६ (वि.सं. २०२२) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित *भारतीय पुरालिपि-शास्त्र*।

ई.सं. १९८० (वि.सं. २०३६/३७) मा नयाँ दिल्लीबाट अर्इएन्टल बुक्स रीप्रिन्ट कर्परेशनद्वारा पुनः प्रकाशित, गेओर्ग ब्यूलरको *इन्डिअन् प्याल्इओग्रफि*।

गोविन्द टण्डन २०५२

= वि.सं. २०५२ मा काठमाडौँबाट नेपाल-अध्ययनसमूहद्वारा प्रकाशित, गोविन्द टण्डनको *नेपालमा गूठीव्यवस्था*।

गोविन्द टण्डन २०५३

= वि.सं. २०५३ मा काठमाडौँबाट झरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* १ भाग।

---

२. यस तालिकामा जहाँ जहाँ हामीले यस्तो * चिह्न दिएका छौं, त्यसको अर्थ ती अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गोविन्द टण्डन २०५६

= वि.सं. २०५६ मा काठमाडौँबाट भरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* २ भाग।

गौतमीय धर्मसूत्र

= ई.सं. २००० (वि.सं. २०५६) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, प्याट्रिक ओलिवेलको *धर्मसूत्रज् : द ल कोड्ज् अफ् आपस्तम्ब, गौतम, बौधायन, यान्ड् वसिष्ठ* (धर्मसूत्रहरू – आपस्तम्ब, गौतम, बौधायन र वसिष्ठका कानून)का ११६-१८९, ५३०-५६८ पृष्ठमा छापिएको *गौतमीय धर्मसूत्र*।

वि.सं. २०२३ मा काशीबाट चौखम्बा संस्कृत सीरीज आफिसद्वारा प्रकाशित, उमेशचन्द्र पाण्डेयको *गौतमधर्मसूत्राणि – हिन्दीव्याख्याविभूषित-हरदत्तकृत-मिताक्षरावृत्ति-सहितानि* (*गौतमधर्मसूत्रहरू* – हिन्दी व्याख्याले सिँगारिएका, हरदत्तले बनाएको *मिताक्षरावृत्तिसहित*)।

गौरीशंकर हीराचंद ओझा १९७५

= वि.सं. १९७५ मा अजमेरबाट गौरीशंकर हीराचंद ओझाद्वारा प्रकाशित, उनैको *भारतीय प्राचीन लिपिमाला* २ संस्करण।

जनकलाल वैद्य २०४०

= ई.सं. १९८४ (वि.सं. २०४०) मा जोशी रिसर्च इन्स्टिटयुटद्वारा प्रकाशित *रोलम्ब* ४ वर्ष १ अङ्कको नेपाली खण्डका १३-२२ पृष्ठमा छापिएको, जनकलाल वैद्यको *नेपालको पुरातात्विक* * *अभिलेखमा नेपालभाषाको स्थान – एक अध्ययन*।

ज्ञानमणि नेपाल २०५४

= वि.सं. २०५४ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *नेपालको पूर्वमध्यकालको इतिहास*।

ज्ञानमणि नेपाल २०६२

= वि.सं. २०६२ मा काठमाडौँबाट मकालु बुक्स एण्ड स्टेशनर्सद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *नेपालको माध्यमिक कालको इतिहास*।

डिल्लीरमण रेग्मी २०२२

= ई.सं. १९६५ (वि.सं. २०२२)[३] मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल) १ भाग।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्तावाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* ३ भाग।

दिनेशचन्द्र रेग्मी २०४८

= वि.सं. २०४८ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय शिक्षणविभागद्वारा प्रकाशित, दिनेशचन्द्र रेग्मीको *पुरालेखन परिचय नेपाल*।[४]

दिनेशचन्द्र रेग्मी २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट हिमालय बुक स्टलद्वारा प्रकाशित, दिनेशचन्द्र रेग्मीको *पुरालेखन र अभिलेख*।

---

३. त्यहाँ पुस्तक छापिएको मिति ई.सं. १९६५ दिइए तापनि वि.सं. २०२३ को बर्खामा मात्र यो बजारमा आएको हो (*हाम्रो वक्तव्य* २०२३:१०१)।

४. वि.सं. २०४८ मा काठमाडौँबाट सुशीला रेग्मीद्वारा प्रकाशित, दिनेशचन्द्र रेग्मीको *पुरालेखन परिचय नेपाल* उनैको माथि नाउँ किटिएको पुस्तकसँग विषयवस्तु र छपाइ हूबहू मिल्छ; खालि प्रकाशकको नाउँ मात्र फरक छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दीनेशचन्द्र सरकार २०२१

= ई.सं. १९६५ (वि.सं. २०२१) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, दीनेशचन्द्र सरकारको *इन्डिअन् इपिग्रफि* (भारतीय अभिलेखशास्त्र)।

नयराज पन्त २०६०

= *सुमतितन्त्र*मा हेर्नू।

नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्त २०३५

= *सुमतितन्त्र*मा हेर्नू।

पराशरस्मृति

= वि.सं. २०२५ मा काशीबाट चौखम्बा संस्कृत सीरीज आफिसद्वारा प्रकाशित, वासुदेवको *धर्मशास्त्रग्रन्थः पाराशरस्मृतिः सुबोधिनी हिन्दीव्याख्योपेता* (धर्मशास्त्रको ग्रन्थ *पाराशरस्मृति* सुबोधिनी हिन्दी व्याख्यासहित)।

पाण्डुरङ्ग वामन काणे २०२५

= ई.सं. १९६८ (वि.सं. २०२५) मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, पाण्डुरङ्ग वामन काणेको *हिस्टरि अफ् धर्मशास्त्र* (धर्मशास्त्रको इतिहास) १ खण्ड, १ भाग, २ संस्करण।

पाण्डुरङ्ग वामन काणे २०३०

= ई.सं. १९७३ (वि.सं. २०३०) मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, पाण्डुरङ्ग वामन काणेको *हिस्टरि अफ् धर्मशास्त्र* ४ खण्ड, २ संस्करण।

पाण्डुरङ्ग वामन काणे २०३०/३१

= ई.सं. १९७४ (वि.सं. २०३०/३१) मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, पाण्डुरङ्ग वामन काणेको *हिस्टरि अफ् धर्मशास्त्र* ५ खण्ड, १ भाग, २ संस्करण।

पुष्पराज चालिसे २०५८

= वि.सं. २०५८ मा काठमाडौँबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित, पुष्पराज चालिसेको *नेपालको इतिहास र सभ्यता (प्राचीन र मध्यकाल)* २ संस्करण।

पेशल दाहाल २०४१

= वि.सं. २०४१ मा विराटनगरबाट कमला दाहालद्वारा प्रकाशित, पेशल दाहालको *नेपालको मल्लकालीन इतिहास*।

पेशल दाहाल २०४८

= वि.सं. २०४८ मा काठमाडौँबाट एम.के. पब्लिशर्स एण्ड डिस्ट्रीब्यूटर्सद्वारा प्रकाशित, पेशल दाहालको *नेपालको इतिहास* ४ संस्करण।

पोपटभाई अम्बाशङ्कर मनकाड २००६/०७

= भुवनदेवमा हेर्नू।

प्याट्रिक ओलिवेल २०५६

= *वसिष्ठस्मृति*मा हेर्नू।

प्रजीत शाक्य, राजेश आचार्य र ज्ञानबहादुर के.सी. २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* ११३ पूर्णाङ्कका १-५३ पृष्ठमा छापिएको; प्रजीत शाक्य, राजेश आचार्य र ज्ञानबहादुर के.सी.को *पूर्णिमामा छापिएका लेखको सूची*।

बापू शास्त्री मोघे १९४८

= *याज्ञवल्क्यस्मृति*मा हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विभूति*भूषण दत्त र अवधेश नारायण सिंह १९९२

= ई.सं. १९३५ (वि.सं. १९९२) मा लाहुरबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, विभूति*भूषण दत्त र अवधेश नारायण सिंहको *हिस्टरि अफ् हिन्डू म्याथ्इम्याट्इक्स्* (हिन्दू गणितको इतिहास) १ भाग।

विभूति*भूषण दत्त र अवधेश नारायण सिंह २०१२/१३

= विभूति*भूषण दत्त र अवधेश नारायण सिंहको *हिस्टरि अफ् हिन्डू म्याथ्म्याट्इक्स्*को कृपाशंकर शुक्लले उल्था गरी ई.सं. १९५६ (वि.सं. २०१२/१३) मा लखनऊबाट उत्तरप्रदेश सरकारको प्रकाशन ब्यूरोद्वारा प्रकाशित *हिन्दू गणित-शास्त्र का इतिहास* (हिन्दू गणितशास्त्रको इतिहास) १ भाग।

भगवद्गीता

= वि.सं. २०१९ मा बनारसबाट हिन्दू विश्वविद्यालय संस्कृत पब्लिकेशन बोर्डद्वारा प्रकाशित, श्रीपाद कृष्ण बेलवेल्करले सम्पादन गरेको र वासुदेवशरण अग्रवालले उल्था गरेको *श्रीमद्भगवद्गीता*।

भुवनदेव *अपराजितपृच्छा*

= ई.सं. १९५० (वि.सं. २००६/०७) मा बडोदाबाट अरूएन्टल इन्स्टिटचुटद्वारा प्रकाशित, पोपटभाई अम्बाशङ्कर मनकाडको *श्रीभुवनदेवाचार्यविरचिता अपराजितपृच्छा* (श्रीभुवनदेवाचार्यले बनाएको *अपराजितपृच्छा*)।

मंगल*नाथ सिंह २०२२

= गेओर्ग ब्यूलरमा हेर्नू।

मनुस्मृति

= ई.सं. २००५ (वि.सं. २०६२) मा अक्सफर्डबाट अक्सफर्ड यूनिभर्सिटि प्रेसद्वारा प्रकाशित, प्याट्रिक ओलिवेलको *मनु'ज् कोड् अफ् लः अ क्रिट्इक्ल् एडिशन् यान्ड् ट्रान्स्लेशन् अफ् द मानव-धर्मशास्त्र* (मनुको कानून– *मानव-धर्मशास्त्र*को मूलपाठको परीक्षा गरी तयार गरिएको संस्करण र उल्था)।

म. रङ्गाचार्य १९६८/६९

= ई.सं. १९१२ (वि.सं. १९६८/६९) मा मद्रासबाट मद्राससरकारद्वारा प्रकाशित, म. रङ्गाचार्यको *महावीराचार्यप्रणीतः गणित-सार-सङ्ग्रहः* (महावीर आचार्यले बनाएको *गणित-सार-सङ्ग्रह*)।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कम्एन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) १ भाग।

महेशराज पन्त २०६२

= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११८ पूर्णाङ्कका १-१७ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको सिद्धिहर्ष वज्राचार्य(वि.सं. १९३६-२००९)ले पढेको पाठ र गरेको उल्था*।

महेशराज पन्त २०६२ क

= *पूर्णिमा* ११८ पूर्णाङ्कका ५३-६७ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीगूठीसम्बन्धी, अहिलेसम्म प्रकाशमा नआएका ५ वटा पत्र*।

महेशराज पन्त २०६३

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२२ पूर्णाङ्कका १-६१ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०६३ क
= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२३ पूर्णाङ्कका १-६६ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र*।

महेशराज पन्त छापिन बाँकी
= *यक्ष मल्ल वा उनको पालाका ७ वटा लेख*।

मिताक्षरा
= *याज्ञवल्क्यस्मृतिमा* हेर्नू।

मेधातिथि
= विश्वनाथ नारायण मण्डलिकमा हेर्नू।

मोनियर मोनियर-विलियम्ज १९५६
= ई.सं. १८९९ (वि.सं. १९५६) मा अक्स्फर्डबाट क्ल्यार्अन्डन प्रेसद्वारा प्रकाशित, मोनियर मोनियर-विलियम्जको *अ स्यान्स्क्रिट्-इङ्ग्लिश् डिक्शन्अरि* (संस्कृत-अङ्ग्रेजीकोष)।

याज्ञवल्क्यस्मृति
= शाके १८१३ (वि.सं. १९४८) मा बम्बईबाट निर्णयसागरप्रेसद्वारा प्रकाशित, बापू शास्त्री मोघेको *याज्ञवल्क्यस्मृतिः योगीश्वरेण महर्षिणा याज्ञवल्क्येन प्रणीता विज्ञानेश्वरकृतमिताक्षराव्याख्यासंवलिता* (योगीश्वर महर्षि याज्ञवल्क्यले बनाएको *याज्ञवल्क्यस्मृति* – विज्ञानेश्वरले बनाएको *मिताक्षरा* व्याख्यासहित)।

योहन गेओर्ग ब्यूलर १९६१
= गेओर्ग ब्यूलरमा हेर्नू।

रमेश ढुङ्गेल र ऐश्वर्यलाल प्रधानाङ्ग २०५६
= वि.सं. २०५६ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, रमेश ढुङ्गेल र ऐश्वर्यलाल प्रधानाङ्गको *काठमाडौं उपत्यकाको मध्यकालिक आर्थिक इतिहास*।

राजेश आचार्य २०६३
= यही पूर्णाङ्कको ३० पृष्ठमा छापिएको, राजेश आचार्यको *संसारदेवीको प्रतिमा चढाइने भोग र पूजाआजाको विषयमा*।

राधाकान्तदेव १९४३ (२०२४)
= वि.सं. १९४३ मा प्रकाशित, राधाकान्तदेवको *शब्दकल्पद्रुम*को पहिलो देवनागरीसंस्करण।
वि.सं. २०२४ मा बनारसबाट चौखम्बा संस्कृत सीरीज आफिसद्वारा प्रकाशित, राधाकान्तदेवको[५] *शब्दकल्पद्रुम* १ भाग, ३ संस्करण।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९
= वि.सं. २०१९ मा काठमाडौंबाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* ६ भाग।

लक्ष्मणशास्त्री जोशी २०२९
= वि.सं. २०२९ मा वाईबाट प्राज्ञपाठशालामण्डलद्वारा प्रकाशित, लक्ष्मणशास्त्री जोशीको *धर्मकोशः राजनीतिकाण्डम्* (धर्मकोश राजनीतिकाण्ड) २ भाग।

---

५. यो कोष वरदाप्रसाद वसु र हरिचरण वसुले परिवर्धन गरेको।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लुइ रनू र जँ फिलिओजा २०४१/४२

= ई.सं. १९८५ (वि.सं. २०४१/४२) मा प्यारिसबाट एकोल फ्रान्सेज द्'एक्स्त्रेम-ओरियँद्वारा प्रकाशित, लुइ रनू र जँ फिलिओजाको[६] *ल्'आँद् क्लासिक् : मान्युएल् देज् एत्यूद् आँदिएन्* (पुरानो भारत – भारतसम्बन्धी परिशीलनको [लागि] पुस्तिका) २ भाग।

लूछ्याह्लो पेतेक २०४०

= ई.सं. १९८४ (वि.सं. २०४०) मा रोमबाट ईस्तीतूतो ईताह्ल्याह्लो पेर ईल मेद्यो एद एस्त्रेमो ओर्‌येन्तेद्वारा प्रकाशित, लूछ्याह्लो पेतेकको *मेड्इईभल् हिस्‌टरि अफ् नेपाल् (सी. ७५०-१४८२)* (नेपालको मध्यकालको इतिहास (अन्दाजि वि.सं. ८०७-१५३८))।

वसिष्ठस्मृति

= ई.सं. १९३० (वि.सं. १९८६/८७) मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, आलोइस अन्तोन फ्यूररको *श्रीवासिष्ठधर्मशास्त्रम्* (श्रीवसिष्ठको धर्मशास्त्र) ३ संस्करण।

वि.सं. २००९ मा कलकत्ताबाट मनसुखराय मोरद्वारा प्रकाशित *स्मृतिसन्दर्भ* ३ भाग १४६८-१५४३ पृष्ठमा छापिएको *वसिष्ठस्मृति*।

ई.सं. २००० (वि.सं. २०५६) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, प्याट्रिक ओलिवेलको *धर्मसूत्रज् : द ल कोड्ज् अफ् आपस्तम्ब, गौतम, बौधायन, यान्ड् वसिष्ठ* (धर्मसूत्रहरू – आपस्तम्ब, गौतम, बौधायन र वसिष्ठका कानून)का ३४६-४६३, ६३१-७०४ पृष्ठमा छापिएको *वसिष्ठस्मृति*।

विज्ञानेश्वर *मिताक्षरा*

= *याज्ञवल्क्यस्मृति*मा हेर्नू।

विश्वनाथ नारायण मण्डलिक १९४२

= शाके १८०७ (वि.सं. १९४२) मा बम्बईबाट गणपत कृष्णाजी प्रेसद्वारा प्रकाशित, विश्वनाथ नारायण मण्डलिकको *मानवधर्मशास्त्रम् मेधातिथिसर्वज्ञनारायणकुल्लूकराघवानन्दनन्दनरामचन्द्रप्रणीतव्याख्याभिः परिष्कृतं परिशिष्टोपेतं च* (*मानवधर्मशास्त्र*– मेधातिथि, सर्वज्ञनारायण, कुल्लूक, राघवानन्द, नन्दन र रामचन्द्रले बनाएका व्याख्याले परिष्कार गरिएको र परिशिष्टले युक्त) १ भाग।

विष्णुधर्मसूत्र

= वि.सं. २०१८ मा बनारसबाट चौखम्वा संस्कृत सीरीज आफिसद्वारा प्रकाशित, युलियस जोलिको *विष्णु स्मृति (दि इन्‌स्टिटचुट्स् अफ् विष्णु) टुगेद्अर् विथ् एक्स्‌ट्रचाक्ट्स् फ्रम् द स्यान्स्क्रिट् कम्‌एन्टरि अफ् नन्द पण्डित् कल्ड् वैजयन्ती* (*विष्णुस्मृति* (विष्णुको स्थिति) – नन्द पण्डितको *वैजयन्ती* भन्ने संस्कृत टीकाको सारसहित) ३ संस्करण।

शङ्करमान राजवंशी २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ८ पूर्णाङ्कका १४-२० पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *यक्षमल्लको[७] समयका निश्चित संवत् र तिथिमितिहरू*।

शङ्करमान राजवंशी २०३१

= ई.सं. १९७४ (वि.सं. २०३१) मा काठमाडौंबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित *कैलाश*[८] २ वर्ष १-२ अङ्कका २३-१२० पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *देवनागरी लिपिको विकास*।

शिवपुराण

= वि.सं. १९८२ मा मुम्बईबाट श्रीवेंकटेश्वर प्रेसद्वारा प्रकाशित *श्रीशिवमहापुराणम्* (श्रीशिवमहापुराण)।

---

६. यो भाग पोउल देमिएविल, ओलिविए लकोम्व र पीएर मेल पनि मिलेर तयार गरिएको।

७. प्रजीत शाक्य, राजेश आचार्य र ज्ञानबहादुर के.सी. २०६०:३० मा ११ सङ्ख्याको टिप्पणी हेर्नू।

८. कैलासको स दन्त्य हुनुपर्नेमा तालव्य श भएकोले पाश्चात्यहरूको र तिनका पिछ्लग्गूहरूको संस्कृतज्ञानको इयत्ता यसले देखाएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सन्तराम १९७६/७७

= अल्बीरूनीमा हेर्नू।

सुमतितन्त्र

= वि.सं. २०३५ मा काठमाडौंबाट त्रिभुवनविश्वविद्यालयको पाठचक्रमविकासकेन्द्रद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्तको *सुमतितन्त्रम्* (*सुमतितन्त्र*)।

वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०५ पूर्णाङ्कका ५-१७ पृष्ठमा छापिएको, नयराज पन्तको[९] *सुमतितन्त्रस्य मूलपाठः प्रतिसंस्कृतरूपं च – तत्र मध्यमाधिकारः* (सुमतितन्त्रको मूलपाठ र प्रतिसंस्कृत रूप – त्यहाँ मध्यमाधिकार)।

स्मृतिसन्दर्भ

= *वसिष्ठस्मृतिमा* हेर्नू।

हरिबोल आचार्य २०५१

= वि.सं. २०५१ मा काठमाडौंबाट गूठीसंस्थानको केन्द्रीय कार्यालयद्वारा प्रकाशित, हरिबोल आचार्यद्वारा सम्पादित *गुठीसंस्थान ३१ औं वार्षिकोत्सव स्मारिका २०५१* का ६५-१२८ पृष्ठमा छापिएको *प्रत्येक वर्ष श्रावण सुदी* १ देखि आषाढ वदी* ३० सम्मको काठमाडौं, ललितपुर र भक्तपुर कार्यालयहरूले चलाउने पर्व पूजाहरूको विवरण*।

हलायुध *अभिधानरत्नमाला*

= ई.सं. १८६१ (वि.सं. १९१७/१८) मा लनुडनबाट विलियम्ज यान्ड नर्‌गेटद्वारा प्रकाशित, थेओदोर औफ्रेश्तको *हलायुध'ज् अभिधानरत्नमाला । ए स्यान्स्क्रिट् भक्याबूयुलरि* (हलायुधको *अभिधानरत्नमाला* – संस्कृतको एउटा शब्दसूची)।

हाम्रो वक्तव्य २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका १०१-११८ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य – श्रीडिल्लीरमण रेग्मीज्यूको छट्टेलपन*।

हेन्रिख फन श्थीतन्क्रोन २०५३

= ई.सं. १९९७ (वि.सं. २०५३) मा टचुरिनबाट एदिजिओनी देल'ओर्‌सोद्वारा प्रकाशित, जीग्फ्रीत लीन्हार्त र इर्म[१०] पिओवानोद्वारा सम्पादित, *लेक्स् एत् लितेराइ : स्टड्इज् इन् अनर् अफ् प्रोफेसर् ओस्कर वोत्तो* (कानून र वाङ्मय – प्रोफेसर ओस्कर वोत्तोको सम्मानमा [प्रकाशित] रचनाहरू)का ४८७-५०८ पृष्ठमा छापिएको, हेन्रिख फन श्थीतन्क्रोनको *द नन्-एक्जिस्टेन्स् अफ् इम्प्युरिटि यान्ड् द लिजिटिमेशन् अफ् किङ्ज्* (आशौचाभाव र राजाहरूको वैधता)।

---

९. यसमा सहायक देवीप्रसाद भण्डारी र दिनेशराज पन्त।

१०. यस नाउंको उच्चारण हलन्त नगरी अजन्त गर्नुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपतिको मन्दिरको पश्चिमढोकाबाट गर्भगृहमा देखिने २ स्त्रीमूर्ति

– राजेश आचार्य

ने.सं. ५६७ (वि.सं. १५०३) मार्गशुक्लसप्तमी (मार्ग २६ गते) बृहस्पतिवारको दिन परलोक भएकी[1] संसारदेवीको ४५ दिनमा पशुपतिमन्दिरको गर्भगृहमा उनको प्रतिमास्थापना गरिएको कुरा त्यहाँ राखिएको ताम्रपत्रबाट स्पष्ट हुन्छ[2]। पशुपतिमन्दिरको पश्चिमढोकाबाट भित्र फेरि अर्को ढोका छ, त्यही ढोका नाघेर पशुपतिका भट्टभण्डारीहरू भित्रबाहिर गर्दछन्। त्यही ढोकाको दायाँबायाँ २ वटा स्त्रीमूर्ति छन्। ती मूर्ति हेर्न वि.सं. २०५९ भाद्र २० गते म पहिलोपटक त्यहाँ गएको थिएँ, त्यसपछि गढेर हेर्न भनी वि.सं. २०६२ चैत्र ३ गतेभित्र अरू ४ पटक त्यहाँ गएँ। यसरी ५ पटकको यात्राबाट आफ्नो मनमा चढेका कुरा तल लिपिबद्ध गर्दैछु।

त्यस ढोकाको दायाँबायाँ दुवैतिर दुइदुइवटा गरी ४ वटा धातुका मूर्ति छन्। तिनमा एउटा पुरुषमूर्ति र बाँकी स्त्रीमूर्ति हुन्। दायाँपट्टिका २ मूर्तिमध्ये अघिल्लो स्त्रीमूर्ति र त्यसपछिको पुरुषमूर्ति हो। हामीलाई त्यस पुरुषमूर्तिको खायस अहिले परेको छैन। बायाँपट्टिका मूर्तिमध्ये अघिल्लो मूर्तिको मात्र यहाँ प्रसङ्ग आएको छ, त्यसपछिको मूर्तिको खायस अहिले हामीलाई परेको छैन। दायाँबायाँ राखिएका ती २ वटा स्त्रीमूर्तिको मात्र बाहिरबाट हेर्दा देखिने कुरा यहाँ लेख्छु।

यी दुवै मूर्ति ढलौटको जस्तो देखिन्छन्। यिनको रङ्ग पहेँलो भएकोले यिनमा सुनको जलफ लगाएको कुराको अडकल गर्न सकिन्छ। मूर्ति सफा नभएर हो कि खिया लागेर हो, शरीरका सम्पूर्ण भागको रङ्ग भने अलि मैलो देखिन्छ। दुवै मूर्ति मनुष्याकृतिमा छन् अर्थात् दुवैका शरीरका अङ्ग मानिसका जस्ता हुन्छन् त्यस्तै छन्।

दायाँपट्टिको मूर्ति

यस स्त्रीमूर्तिको दायाँबायाँ मध्यभागको दुवै छेउमा फलामको पाता जोडिएको छ। त्यस पातामा प्वाल भएकोले पहिले यसलाई भित्तामा ठोकेर राखिएको थियो कि भनी अनुमान गर्न सकिन्छ।

---

१. *पूर्णिमा*को यही पूर्णाङ्कका २-२७ पृष्ठमा छापिएको, महेशराज पन्त र दिनेशराज पन्तको *संसारदेवी परलोक भएको दिन* (१४ पृष्ठ)।

२. वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२३ पूर्णाङ्कका १-६६ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* (१-५ पृष्ठ) र वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२४ पूर्णाङ्कका १-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस स्त्रीमूर्तिको दुवै कानमा कुण्डल र घाँटीमा २ वटा माला छन् । ती मालामध्ये एउटा घाँटीभन्दा अलिकति मात्र तल आएको र अर्को छातीभन्दा तलसम्म अर्थात् पेटको हाराहारीसम्म आएको । कपाल जुरो पारेको जस्तो देखिन्छ । मूर्तिको दुइटै नाडीमा चुरा छन् । दुवै पाखुरामा बाजू छन् । दायाँ हातका चोरऔँला र बूढीऔँला जोडिएका छन्, अरू औंलाचाहिँ सीधै छन् । बायाँ हातका माझीऔँला र बूढीऔँला जोडिएका छन्, अरू औँलाचाहिँ अलिअलि खुम्चिएका छन् । यस मूर्तिको बायाँ घुँडा अलिकति खुम्चिएको छ र दायाँ घुँडा पलेँटी मारे जस्तै गरी खुम्चिएको छ ।

बायाँपट्टिको मूर्ति

दायाँपट्टि भएको स्त्रीमूर्तिमा बयान गरिएको मूर्ति जस्तै र त्यही नापोमा यो स्त्रीमूर्ति छ । माथि बयान गरेको मूर्ति र यस मूर्तिको बीचमा शिरोभाग मात्र फरक देखिन्छ । दायाँपट्टि भएको मूर्ति हँसिलो मुद्रामा छ भने योचाहिँ अलि अँध्यारो मुद्रामा छ अर्थात् यस मूर्तिको शिर अलि झुकेको छ । दायाँपट्टि भएको मूर्तिको शिरमा केही पनि लगाइएको छैन र कपाल जुरो पारेको छ भने यसमा चाहिँ मुकुट लगाइएको छ । यस मूर्तिको दुवै हातमा चुरा भए तापनि बायाँ हातमा लगाएका चुरा ढोकाबाट हेर्दा गन्न सकिँदैन, दायाँ हातको नाडीमा भने ६ वटा चुरा छन् ।

यी २ वटा स्त्रीमूर्ति एकैनासका जस्तो भएको कुरा भरखरै हामीले माथि दिएको बयानबाट स्पष्ट हुन्छ । यी मूर्ति ककसका हुन् भनी ठम्याउनको लागि पशुपतिको पश्चिम ढोकाबाट फूलप्रसाद दिने मान्छेहरूलाई सोद्धा कसैले दायाँबायाँ दुवैतिर भएका स्त्रीमूर्तिलाई संसारदेवीको हो भने त कसैले अरू नै नाउँ दिए । त्यस कारण यहाँ राखिएका २ वटा मूर्तिमध्ये कुनचाहिँ संसारदेवीको हो भनेर ठम्याउनको लागि संसारदेवीको मूर्तिलाई भोग ल्याउने अभिभारा बोकेका जयवागीश्वरी दुनेछेँका सानुमान वैद्यलाई भेट्ने इच्छा जाग्यो । त्यसैले मैले उनलाई भेटेर यस विषयमा सोद्धा उनले दायाँपट्टिको संसारदेवीको र बायाँपट्टिको गौरीको हो र म त्यही दायाँपट्टिको मूर्तिमा भोग चढाउँछु भनी उनले भने ।[३]

३. वि.सं. २०६१।२।१८ मा देविचन्द्र श्रेष्ठ र मैले तिनै सानुमान वैद्यलाई भेट्दा उनले दायाँपट्टिको मूर्ति **गौरीदेवी** वा **मणिदेवी**को हो र बायाँपट्टिको **संसारदेवी**को हो भने ।

– महेशराज पन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संसारदेवीको प्रतिमामा चढाइने भोग र पूजाआजाको विषयमा

– राजेश आचार्य

मैले देखेको भोग

पशुपतिमा बेलुकीको आरती भइरहेको वेलामा भात, मुगीको दाल र सिद्रा भएको भोग हालेर ल्याएको थाल[1] बोकेर बेलुकी साढे ६ बजे एक जना मान्छे आउँछन् र पशुपतिको मन्दिरको पश्चिमढोकाको अगाडि पटाङ्गिनीमा सानो साँढेको नजीकै एक छिन उभिएर त्यो थाल संसारदेवीको मूर्तिलाई देखाए जस्तो तिनले गर्छन् । अनि त्यही पटाङ्गिनीमा अलि दक्षिणपट्टिको ग्रहमण्डलमा भोगको थाल घोप्टचाउँछन् र रित्तो थाल लिई तिनी जान्छन् । त्यसको एकै छिनपछि अर्का मान्छे आएर त्यो भोग उठाएर लग्छन् ।

पशुपतिगोस्वाराको लगतअनुसार भोग

वि.सं. २०५९ भाद्र २० गते गुठीसंस्थानको पशुपतिगोस्वारामा गएर संसारदेवीको पूजाआजा चलाउन दिने सामग्रीको लगत हेर्दा त्यहाँ जम्मा ३ वटा कुरा मात्र लेखेको पाइयो । दैनिक पूजाआजा चलाउनको लागि गूठीसंस्थानले २ माना चामल र २ माना च्यूरा प्रत्येक दिन तथा महीनैपीछे रु. १००।- संसारदेवीलाई भोग चढाउने अभिभारा बोकेका सानुमान वैद्यलाई दिइने रहेछ ।

भोगको अभिभारा बोकेकाको अनुसार भोग र पूजाआजा

संसारदेवीलाई दिइने भोगको विषयमा तिनै सानुमान वैद्यलाई भेटेर सोद्धा उनले यस्तो कुरा गरे –

> २ माना चामलको भात, मुगीको दाल, तरकारी वा उसिनेको आलुमध्ये एक थोक, सिद्रा वा मासुमध्ये एक थोकको भोग लगाइन्छ; दिनकादिन मासु किन्न नसकिने हुनाले धेरैजसो सिद्राको भोग लगाउने गरेको हो। घरमा फलफूल छ भने त्यो पनि चढाइन्छ।
>
> पहिले पहिले तरकारीको लागि मात्र भनेर गूठीसंस्थानले दिनको १ रुपैयाँ दिने गरेको थियो, अहिले त्यसको लागि महीनामहीनाको रु. १००।- दिने गरेको छ।
>
> वर्षको एक दिन अर्थात् माघको कृष्णपक्षको अष्टमीको दिनचाहिँ संसारदेवीको पूजा गर्न र संसारदेवीलाई लुगा फेराउनको लागि धोती ३ वटा, रुमाल ३ वटा, ओढ्ने ३ वटा, फलफूल, चामल ११ पाथी र च्यूरा १ मुरी १७ पाथी चाहिन्छ। यसमध्ये चामल ११ पाथी र च्यूरा १ मुरी १७ पाथी जिन्सी गूठीसंस्थानले दिन्छ, बाँकी सामान किन्नको लागि भने मलाई नगद रु. ३६।- दिने गरेको छ। यति रकमबाट चाहिने लुगाफाटो नआउने हुनाले कपडाका टुक्रा चढाउने गरेको छु।

---

१. वि.सं. २०६१।२।१८ मा म र देविचन्द्र श्रेष्ठ गई हेर्दा भोगमा ठूलो थालभरि भात, एक एक तुर्को दुइ थरी पहेंलो दाल, २ वटा मसिना सिद्रा र सागको त्यान्द्रो थियो।

– महेशराज पन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारराज्यमा सारिएका ४ पुस्तकका पुष्पिका

– महेशराज पन्त

मेरा पुराना टिपोट खोतल्दा मैले सारिराखेका ४ वटा पुष्पिकामा अहिले मेरो दृष्टि गएकोले र यिनबाट इतिहासमा प्रकाश पर्ने हुनाले यी छपाउँदैछु ।

यी पुष्पिका भएका पुस्तक नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनामा माइक्रोफिल्म गर्न भनी ल्याइएका हुन् । तिनमध्ये पहिलो, तेस्रो र चौथो डल्लुका केसरमान चित्रकार भन्नेले ल्याएका रहेछन् र दोस्रोचाहिँ स्वर्गवासी पण्डित अनङ्गनाथ पौडयालको रहेछ र पद्मनाथ भन्नेले ल्याएका रहेछन् । त्यसताका म नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनामा काम गर्ने हुनाले ती पुस्तकबाट तिनको पुष्पिका एकसरो सर्र मैले सारेको रहेछु । १, ३ र ४ सङ्ख्याका पुष्पिका वि.सं. २०४१ कार्तिक १६ गते बृहस्पतिवारको दिन सारेको रहेछु । दोस्रोचाहिँ कहिले सारेँ, त्यो मैले टिपेको रहेनछु । माइक्रोफिल्म हुनुभन्दा अगाडि माइक्रोफिल्म गरिने पुस्तकहरूको विषयमा कार्ड लेख्नुपर्ने हुनाले कार्ड अघि लेखिने र त्यसपछि मात्र माइक्रोफिल्म हुने हुनाले माइक्रोफिल्म भइसकेपछि त्यसको रीलनम्बर टिपेको भए पछि रुजू गर्न सजिलो हुने भए तापनि त्यो काम मैले गरेको रहेनछु । हुनत त्यस परियोजनाले तयार गरेको सूची केलाए यिनको रीलनम्बर पत्ता लाग्नु धेरै सम्भव छ तापनि रीलनम्बर खोज्नपट्टि नलागी धेरैअगाडि पढेको पाठ यहाँ यथावत् छपाएको छु ।

मूलमा नष्ट भएका केही अक्षर प्रसङ्गानुरोधले कोष्ठभित्र त्यसै वेला मैले थपेको रहेछु र केही अहिले थपेको छु । पाठ सन्दिग्ध लागेको अक्षरमुनि मैले त्यसै वेला तानेको धर्को वा तीनवटा थोपा र आफूले पढेको अक्षरमा शङ्का उठाई प्रश्नचिह्नसहित कोष्ठभित्र राखेको पाठ पनि कायम राखेको छु र कतै कतै पाठमा कुरा नमिलेको जस्तो लागेकोमा त्यस पाठपछि प्रश्नचिह्न हालेको छु ।

१. नीलपत्रमा स्वर्णाक्षरले सारिएको *पञ्चरक्षा*को पुष्पिका

आर्यमहारक्षामहामन्त्रानुसारिणी महायानसूत्रं रक्षा(कल्पं)

ये धर्मा हेतुप्रभवा हेतुस्तेषां तथागतो ह्यवत्तेषाञ्च यो निचार एवंवादी महाश्रमणः ॥

देयधर्मोयं प्रव(रमहायान)यायिनः परमोपासकश्रीउदयपालपालनाम्नस्य यदत्र पुण्यन्तत भवतु आचार्योपाध्याय-मातापितृपोवगम कृत्वा सक(ल)सत्वरासेरनुत्तरज्ञानफलावाप्त इति ॥ ॥ राजाधिराजपरमेश्वरपरमभट्टारक-रघुवंसावतारअधोपट्टश्रीअभयमल्लदेवस(य) विजयराज्ये लिखितमिति ॥ ० ॥ ० ॥ श्रीसखरदेवकारितश्रीसीहदेव-महाविहारार्यभिक्षुश्रीधरसेनस्य लिखितमिति ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शङ्करदेवकारितसिंहदेवमहाविहारका भिक्षु श्रीधर सेनले *पञ्चरक्षा*को यो पुस्तक राजा अभय मल्लको पालामा उदय पालको खर्चमा सारेका हुन् भन्ने कुरा महायानीहरूका देयधर्मसम्बन्धी लेखको शैलीमा लेखिएको यस पुष्पिकाबाट बुझिन्छ। यो विहार कहाँ थियो भन्ने कुरा मलाई थाहा छैन। यस पुष्पिकामा मिति नदिइए तापनि अरू अरू प्रमाणबाट अभय मल्लले ३९ वर्ष अर्थात् ने.सं. ३३६ (वि.सं. १२७३) आश्विन[1]देखि राज्य गर्न थाली ने.सं. ३७५ (वि.सं. १३१२) आषाढशुक्लअष्टमीको दिन उनी परलोक भएकाले[2] यही ३९ वर्षभित्र यो पुस्तक सारिएकोमा शङ्का छैन।

२. नीलपत्रमा सारिएको *वसुधारानामधारणी*को पुष्पिका

(व)सुधारानामधारणी समाप्त इति ॥ ॥[3]

ये धर्म्मा हेतुप्रभवा हेतुन्तेषान्तथागतो ह्यवदत्तेषाञ्च यो निरोध एम्बम्बा(द)ी महाश्रमण ॥ ॥[3] देयधर्मोयं श्रीयम्बुमहानगरे श्रीशातीगलके खिखलंतोलके मानधरसुनाउ(मा ?) केन दत्त पुष्टक ॥ श्रीयम्बु-ब्रु(मा)या श्रीगाङ्गल्वके केलंतोलकें वास्तव्यसंस्थंसखुपकस्य हस्तेन पूर्वपुष्टकह्रासनिमितार्थ तत पुष्टक सखुपतिकेन लिखितमिद९। तस्येततः पुष्टलिखितपुण्येनति मातापितृपूर्व्वंगमसकलसत्वरासे सर्वगोष्ठिनामनुत्तरधर्म्मफल-प्राप्तयोऽस्तु ॥ ॥[4] श्रीयोऽस्तु सम्बत् – – – भार्दवकृष्णदुयाया सुकवासरेः श्रीराजाधिराजपरमेश्वरपरम-भट्टारकश्रीमत्श्रीश्रीजयार्ज्जुनदेवस्य विजयराज्ये लिखितमिति ॥ शुभ ॥

*वसुधारानामधारणी*को पुरानो पुस्तक नष्ट भएकोले त्यसको सट्टाभर्नाको लागि काठमाडौं खिलंटोलका एक जना मानन्धरको खर्चमा केलटोलका सखुपति भन्नेले यो पुस्तक राजा अर्जुनदेवको पालामा सारेका हुन् भन्ने कुरा महायानीहरूका देयधर्मसम्बन्धी लेखको शैलीमा लेखिएको यस पुष्पिकाबाट बुझिन्छ। यस पुष्पिकामा साल, महीना, पक्ष, तिथि र वार दिइए तापनि यसको संवत् नष्ट भएकोले यो कहिले सारिएको थियो भनी भन्न कठिन छ। अर्जुनदेव ने.सं. ४८१ (वि.सं. १४१८) वैशाखकृष्णद्वादशीको लिखतमा राजाको रूपमा देखिइसकेका[5] र ने.सं. ५०१ (वि.सं. १४३७) मार्गकृष्णद्वादशीको दिन धपिई[6] ने.सं. ५०२ (वि.सं. १४३८) माघकृष्णपञ्चमीको दिन परलोक भएकाले[7] यही २० वर्षभित्र यो पुस्तक सारिएकोमा शङ्का छैन।

---

१. लूछ्याह्लो पेतेक २०४०:८२।
२. महेशराज पन्त २०५८:४१ मा २१ सङ्ख्याको टिप्पणी।
३. यी दुइदुइवटा दण्डको बीचमा फूलबुट्टा छ।
४. यी दुइदुइवटा दण्डको बीचमा हाँसको चित्र छ, हाँसको थुतुनोमा कलम भएको जस्तो लाग्छ।
५. लूछ्याह्लो पेतेक २०४०:१३० = १ सङ्ख्याको सामग्री।
६. महेशराज पन्त २०४४:४९-५२।
७. लूछ्याह्लो पेतेक २०४०:१३६।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. नीलपत्रमा स्वर्णाक्षरले सारिएको *वसुधारानामधारणी*को पुष्पिका

(वसुधा)रानामधारणी परिसमाप्ता ॥ ॥

ये धर्म्मा हेतुप्रभवा हेतुस्तेषां तथागतो ह्यवत्तेषाञ्च यो निरोध एवं(वादी महाश्रमणः) ।

राजाद्धिराजपरमेश्वर ॥ ॥ परमभट्टारकश्रीश्रीजयनरेन्द्रमल्लदेवस्य विजयराज्ये ॥७ ॥

देयधर्मोऽयं प्रवरमहायानयायिनाः परमोपासकः श्रीकान्तिपुरिमहानगरे श्रीश्रीश्रीजमलेश्वरसंनिधाने श्रीकेलमण्डप-स्थाने इहैव त्वलके ह्वलछें ॰ जजमानकांसकारडोयभारो भार्या हेरलक्ष्मी ज्येष्टात्मजपुत्रगुडोभारो तस्य भार्या मा हेरलक्ष्मी पुत्री समिनिमयि ॰ भ्वोकनमयि॰ फिननिमयि ॰ या एतन्मङ्गल बाबु सहन एतेषां दानपतिरायदत्त पुन्यं तद्भवतानां न्मायाधुन्नमातापितृपूर्वङ्गमं कृत्वा सकलसत्वरास्येरनुत्तरफल(वा)प्तयोस्तु ॥ ७ ॥ श्रेयोऽस्तु सम्बत् ६६५ ॥ फाल्गुणशुक्लनवमिप्रदसम्यान्तितौ ॰ आद्रानक्षत्र आयुष्मानयोगे शुक्लवासरे ॥ तद्दिन सम्पूर्ण्ण-मिति ॥ लिखितेयं श्रीकाष्ठमण्डपनगरे श्रीसिंकमगुडिबहारावस्थितवज्राचार्यश्रीकर्मकीर्त्तिसेनेन लिखितमिदं ॥

यथा दृष्टं तथा लिखितं लेखको नास्ति दोष ।

यदि शुद्धमशुद्धं वा शोधनीय बुद्धजनेन – – –

काठमाडौँका राजा नरेन्द्र मल्ल (अमर मल्ल[८])को पालामा सिखमुबहाल[९]का वज्राचार्य कर्मकीर्ति सेनले *वसुधारानामधारणी*को यो पुस्तक ने.सं. ६६५ (वि.सं. १६०१) फाल्गुनशुक्लनवमीउप्रान्त दशमीको दिन सारिसिद्धचाएका हुन् र केलटोलका डोय भारो नाउँ भएका एक जना कंसकारले यसको खर्च बेहोरेका हुन् भन्ने कुरा महायानीहरूका देयधर्मसम्बन्धी लेखको शैलीमा लेखिएको यस पुष्पिकाबाट बुझिन्छ ।

४. नीलपत्रमा स्वर्णाक्षरले लेखिएको मन्त्रको पुस्तकको पुष्पिका

ये धर्म्मा हेतुप्रभवा हेतुस्तेषां तथागतो ह्यवदत्त महाश्रमणः ॥

स्वस्ति ॥ सम्बत् ६९६ फाल्गुणमासकृष्णपक्षअष्टम्यायान्तितौ बुद्धवासरे एतद्दिने लिखितमिति ॥ राजाधिराजश्रीश्रीजयसदाशिवमल्लदेवस्य विजयराज्ये ॥ दानपति श्रीकान्तिपुरीमहानगले श्रीमच्छ्रीजमलेश्वरस्थाने श्रीगाङ्गुलंगा (केलंतोल)के ह्वरछेंगृहाधिवासिन ॰ कान्सकारगुरुभारोकस्य भार्या मणिकलक्ष्मी द्वितीयभार्या रूपलक्ष्मी पुत्र आसयिक वादन XXXXX पुत्र (?) ह्विमुमयि । पौत्र महेन्दास । तस्य माता सरूपमयि पुत्री मयन्तिमयि । एते जजमानसगणसपरिवारस्य ॰ एतत्मन्त्र लिखित(मिदं) जजमानस्य आयुरारोग्यजनज(ध?)न-लक्ष्मीवृद्धिरस्तु ॥ दानपति गुरु भारो उतरापन्थ वङाव यतत्मन्त्र लिखिता थाना लिहा वयाव चोचका जुरो ॥ लिखित श्रीसिंकामगुडि वज्राचार्य श्रीसंजन लिखितमिति ॥ शुभ मंङ्गलं ॥

---

८. शङ्करमान राजवंशी २०२१:२९-३७ ।

९. यस बहालको विषयमा जान कर लाक २०४१/४२:२५८-२६३ र राजेन्द्रमान वज्राचार्य २०६२:१-१६ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काठमाडौँका राजा सदाशिव मल्लको पालामा सिखमुबहालका वज्राचार्य संजले यो पुस्तक ने.सं. ६९६ (वि.सं. १६३२) फाल्गुनकृष्णअष्टमीको दिन सारिसिद्धचाएका हुन् र केलटोलका[१०] गुरु भारो नाउँ भएका एक जना कंसकारले यसको खर्च बेहोरेका हुन् भन्ने कुरा यस पुष्पिकाबाट बुझिन्छ। गुरु भारो भोट (**उतरापन्थ**) जाँदा उनले मन्त्र सारेका थिए, त्यहाँबाट फर्केपछि वज्राचार्य संजलाई मन्त्रको यो पुस्तक सार्न लगाए भनी यस पुष्पिकामा लेखिएको छ।

भोटबाट फर्केका यी जजमान छाँटले ह्लासासाहू देखिन्छन्। पुस्तक सार्ने वज्राचार्यको नाउँ संस्कृतमा नभई नेवारीमा **भोटे** बुझाउने **संज** भएको यस प्रसङ्गमा चाखलाग्दो छ। ने.सं. ७१४ (वि.सं. १६५१) वैशाखशुक्लअष्टमीको दिन स्वयम्भूचैत्यमा सुनको गजूर भएको, मैन कपडाको छत्र (**सुवर्ण मैन**) चढाउँदा यही बहालका **संजजु** वज्राचार्य मूलाचार्य भएका थिए।[११] स्वयम्भूचैत्यको जीर्णोद्धारको काम सिद्धिएपछि १२ दिनसम्म लक्षहोम गरी ने.सं. ७१५ (वि.सं. १६५२) वैशाखकृष्णपञ्चमीको दिन त्यस चैत्यको प्रतिष्ठा गरिँदा यही बहालका गुरुभलाड वज्राचार्य **संजजु** मुख्य पुरोहित भएका थिए।[१२] एउटा ठ्यासफूमा यही बहालका **संजजु**को चर्चा ने.सं. ७१५ (वि.सं. १६५१/५२) मा आएको छ।[१३] वि.सं. १६३२ मा पुस्तक सार्ने, सिखमुबहालका **संज** र वि.सं. १६५१ र १६५२ मा सोही बहालमा बसोबास गर्ने **संजजु** एउटै मानिस हुन् भन्ने कुरा यताबाट देखिन्छ।

अहिलेसम्म सदाशिव मल्लको पालाको पहिलो लिखत ने.सं. ६९६ (वि.सं. १६३३) चैत्रकृष्णत्रयोदशीको भइरहेकोमा[१४] यस पुष्पिकाको प्रकाशनले उनको राज्यकाल १ महीनाभन्दा अगाडि घचेटिन गएको छ र यो पुष्पिका उनको पालाको पहिलो लिखत हुन गएको छ।

---

१०. यहाँनिर पत्र नष्ट भएकोले **केलटोलका** भन्ने कुरा मूलबाट थाहा नभए पनि **केलटोलका** भनी स्पष्ट उल्लेख भएको, ३ सङ्ख्याको पुष्पिकामा जस्तै यहाँ पनि जजमानको वतन खुलाउँदा **श्रीकान्तिपुरीमहानगले श्रीमच्छ्री-जमलेश्वरस्थाने** र **ह्वरछेंगृहाधिवासिन** लेखिएकोले र ३ सङ्ख्याको पुष्पिकामा जस्तै यहाँ पनि जजमानको नाउँ-अगाडि **कंसकार** र पछाडि **भारो** मात्र नआई ३ सङ्ख्याको पुष्पिकामा छोरा जजमानको रूपमा देखिएका **गुडो भारो** नै यस पुष्पिकामा मुख्य जजमान गुरु **भारो**को रूपमा देखिएकाले नष्ट भएका अक्षर भर्दा माथि कोष्ठमा **केलंतोल** थपेर तदनुसार व्याख्या गरिएको हो।

११. राजेन्द्रमान वज्राचार्य २०६२:१० । यहाँ यसको प्रमाणवाक्य खुलाइएको छैन।

१२. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१०:४७-४८ । अनभ्यस्त आँखाले नेवारी लिपिमा **ड** र **त्र** छुट्ट्याउन गाह्रो पर्ने हुनाले यहाँ **गुरुभलाडलाई गुरुभलात्र** र **सिक्वमगुडिलाई सिक्वमगुत्रि** पढिएको छ। चोरचार गरी ऐतिहासिकको रूपमा प्रतिष्ठित डिल्लीरमण रेग्मी (२०२३:४९)ले पनि यही गल्ती दोहऱ्याएका छन्।

१३. यज्ञमानपति वज्राचार्य २०६३:११ । त्यहाँ ठ्यासफूको मूलवाक्य भने उद्धरण गरिएको छैन।

१४. महेशराज पन्त २०६१:२८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका

जान कर लाक २०४१/४२
= ई.सं. १९८५ (वि.सं. २०४१/४२) मा काठमाडौँबाट सहयोगी प्रेसद्वारा प्रकाशित, जान कर लाकको *बुड्इस्ट् मनृअस्टरिज् अफ् नेपाल्: ए सर्भे अफ् द बाहाज् यान्ड् बहिज् अफ् द काठ्मानृडू भ्यालइ* (नेपालका विहार – काठमाडौँदूनका बाहा र बहिको निरीक्षण)।

डिल्लीरमण रेग्मी २०२३
= ई.सं. १९६६ (वि.सं. २०२३) मा काठमाडौँबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल) ४ भाग।

धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१०
= वि.सं. २०११ मा काठमाडौँबाट नरहरिनाथ, बुद्धिसागर पराजुली, रत्नबहादुर वज्राचार्य, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* २ वर्ष ४-६ अङ्कका ४६-४९ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको *कान्तिपुरेश्वरस्य श्रीशिवसिंहस्य समयस्य स्वयम्भूस्थः शिलालेखः* [वि.सं. १६६१] (काठमाडौँका राजा श्रीशिवसिंहको पालाको स्वयम्भूमा रहेको शिलालेख [वि.सं. १६६१])।

महेशराज पन्त २०४४
= वि.सं. २०४४ मा प्रकाशित *पूर्णिमा* ७२ पूर्णाङ्कका १-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको द *गोपालराजवंशावली सरसरी हेर्दा*।

महेशराज पन्त २०५८
= ई.सं. २००२ (वि.सं. २०५८) मा काठमाडौँबाट पन्डिट पब्लिकेशन्जद्वारा प्रकाशित *आदर्श* २ सङ्ख्याका २९-६० पृष्ठमा छापिएको, महेशराज पन्तको *ए स्टेप् टुवर्ड्ज् ए हिस्टर्इक्ल् साइज्मिसिटि अफ् नेपाल्* (नेपालमा गएका भैँचालाहरूको इतिहासतिर चालिएको एक पाइला)।

महेशराज पन्त २०६१
= वि.सं. २०६१ मा प्रकाशित *पूर्णिमा* ११६ पूर्णाङ्कका १-४५ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रका लिखतपत्रमा अधिमास*।

यज्ञमानपति वज्राचार्य २०६३
= ने.सं. ११२६ (वि.सं. २०६३) मा काठमाडौँबाट मणिसिंहमहाविहारद्वारा प्रकाशित, यज्ञमानपति वज्राचार्यको *नेपाःया प्राचीन वज्राचार्य लीलावज्र (काष्ठमण्डप निर्माता)* (नेपालका पुराना वज्राचार्य लीलावज्र (काष्ठमण्डप बनाउने))।

राजेन्द्रमान वज्राचार्य २०६२
= वि.सं. २०६२ मा काठमाडौँबाट श्रीखण्डतरुमूलमहाविहारसंरक्षण तथा संचालनसमितिद्वारा प्रकाशित, राजेन्द्रमान वज्राचार्यको *श्रीखण्ड तरुमूल महाविहार म्हसिका व प्रव्रज्यासम्वर (चूडाकर्म)* २०६० (श्रीखण्डतरुमूलमहाविहारको परिचय र प्रव्रज्यासम्वर (चूडाकर्म) २०६०)।

लूछ्याह्यो पेतेक २०४०
= ई.सं. १९८४ (वि.सं. २०४०) मा रोमबाट ईस्तीतूतो ईताह्ल्याह्यो पेर ईल मेद्यो एद एस्त्रेमो ओर्येन्तेद्वारा प्रकाशित, लूछ्याह्यो पेतेकको *मेड्इईभल् हिस्टरि अफ् नेपाल् (सी. ७५०-१४८२)* (नेपालको मध्यकालको इतिहास (अन्दाजि वि.सं. ८०७-१५३८))।

शङ्करमान राजवंशी २०२१
= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* ३ पूर्णाङ्कका २९-३७ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *नरेन्द्र मल्ल र अमर मल्ल एकै व्यक्ति हुन्*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कमलादी गणेशस्थानमा रहेको ज्योति:प्रकाश मल्लका पालाको अभिलेख (वि.सं. १८०७)

– रामजी तेवारी, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशी

[यो लेख साफी रूपमा देवीप्रसाद भण्डारीको हस्ताक्षरमा छ । यो लेख भएको कापी लक्ष्मीपति-नयराज-सङ्ग्रहमा छ । यो लेख तयार गर्नेहरूले यसको शीर्षक *घण्टाघरदेखि पूर्व कमलाक्षि गणेशस्थानमा रहेको ज्योति:प्रकाश मल्लका पालाको अभिलेख (वि.सं. १८०७)* भनी राखे तापनि उनीहरूलाई रानीपोखरीवारिको **कमलाछि** र रानीपोखरीपारिको **कमलादी**मा भ्रम परेको देखिएकोले[1] र शीर्षक पनि लामो भएकोले **घण्टाघरदेखि पूर्व कमलाक्षि**को ठाउँमा **कमलादी** बनाइएको छ । यसै गरी त्यस शीर्षकमा **ज्योति:प्रकाश**को तिमा विसर्ग छुटेकोमा थपी सच्याइएको छ । वि.सं. २०१५ मा यस शिलापत्रको रबिङ लिने, पाठ पढ्ने र यसको तिथिमितिको गणना गर्ने काम भएको थियो भन्ने कुरा यही लेखबाट बुझिन्छ। राष्ट्रिय अभिलेखालयमा रहेको रबिङको आधारमा पछि वि.सं. २०२७ मा यस शिलापत्रको अंश राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित शङ्करमान राजवंशीको *कान्तिपुर-शिलालेख-सूची*मा छापियो ।[2] यस शिलापत्रको पूरा पाठ कहीँ पनि छापिएको नदेखिएकोले वि.सं. २०१५ मा लिइएको रबिङ र त्यसै वेला गरिएको गणनासहित त्यो पाठ यहाँ प्रकाश गरिएको छ ।]

१. ॐ स्वस्ति ॥ वैशाखमास शुक्रपक्ष ॥ एका
२. दसि प्र द्वादश्यांन्तिथे हसनक्षतै शुद्धि
३. ज्योग्ये आदित्यवालसरे वृषरासिगते
४. सवित्रे कन्यरासिगते चन्द्रंमसि श्री ३
५. गणेस ৲ कमरात्रिदेओ ह्लोङा ॥ श्री ३ ज
६. यज्योतिप्रकाशम्मलदेव्वस प्रज्यास ह्लो
७. ङा ॥ गुथिसमुचयन महजन ज्यतनु
८. गुरांम मचाका ग्यासिंहन तङा ॥ शु
९. भ ॥ पताय च्छाये मेवया आदिन ॥ सम्ब
१०. त् ८७० मदु गुथिजनमाल शुनांनं सेके
११. मदु पंचमहापाप

ॐ ग्यानसिं ॥[3]

---

१. वि.सं. २०४५ भाद्र २३ गते काठमाडौंबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *गोरखापत्र* ८८ वर्ष १२६ अङ्कको ४ पृष्ठमा *सम्पादकलाई चिठी*भित्र छापिएको, उत्तम राजकर्णिकारको *ठाउँ कमलाक्षी होइन कमलादी*मा पनि यो कुरा स्पष्ट पारिएको छ ।

२. वि.सं. २०५३ वैशाख २९ गते प्रकाशित *लोकपत्र* १ वर्ष ८२ अङ्कको ६ पृष्ठमा छापिएको, टेकबहादुर खत्रीको *काठमाडौं उपत्यकाका गणेशस्थानहरू*मा पनि यस शिलापत्रको चर्चा गरिएको छ ।

३. ११ पङ्क्तिपछि र ॐ ग्यानसिं ॥को बीचमा दाताको सालिक कुँदिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. २०१५ आषाढ १३ गते शुक्रवारका दिनमा पं. श्रीनयराज पन्तको प्रेरणाबाट रामजी तेवारी, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशीहरूले यो अभिलेख ल्याएका हुन्।

ने.सं. ८७० (वि.सं. १८०७ शाके १६७२) वैशाखशुक्लएकादशीपरद्वादशी तिथि, हस्तनक्षत्र, सिद्धियोग, आदित्यवारका दिनको पञ्चाङ्गगणना

गतमास १	वर्ष	तिथि	वार	चन्द्रकेन्द्र	रविकेन्द्र	नक्षत्र । क.
१x३०+११	१८००	२५	३। ५।१४	५।८.५	११।२८.४	२२।३००.९
= ४१-६ = ३५	७	१७	१।२१।५२	९।८.९	११।२९.६	१५।२१३.६
	१८०७	१२	४।२७। ६	२।१७.४	११।२८.०	१०।५१४.५
	०	२४	४। १।२७	६।१०.४	९।१४.५	२१।६३४.९
	१८०७	६	१।२८।३३	८।२७.८	९।१२.५	५।३४९.४
		३५	६।२७। ८	३। ०.१	१। ४.०	७। ३७.३
५.३x.९ = ४.७७		४१	०।५५।४१	११।२७.९	१०।१६.५	१२।३८६.७

	१६.०		०।५५।४१ मध्यमवा.
	-४.७७		+७। ६ तिथिपरा.ध.
चं.मं.फ.ऋ.	११.२३	१०।१६।३०।० र.के.	१।२।४७ मन्दस्पष्ट
		२।१८। ०।. उच्च	+ २।४० त्रिफल
१.६x.५ =	९०.८	१।४।३०।०	१।५।२७ स्पष्टवार
.८	- .८	+१।३०।० मं.फ.ध.	एकादशीसमाप्तिकाल
सू.मं.फ.ध.	९०.०	१। ६। ०।०	
७२३ चं.ग.		९०.० र.फ.ध. २०।२८। अयनांश	१।६। ०।०
५७ सू.ग.		११.२३ च.फ.ऋ. १।२६।२८।० सायनसूर्य	+१।४५ च.प.
६६६ ग.अं.		७८.७७x६०	१।६।१।४५ स्प.स.
७८० ग.यो.		६६६) ४७२६.२ (७.०९	

६६६) ४७२६.२ (७.०९ — १६.९ च.प.ध.

४६६२ ७५.४ — x६.२ पलभा

६४२० — ३.३८ — १।३१

५९९४ तिथिपराख्य — १०१.४ — +१। ९ देशान्तर

१६७२ — ४२६ धन — १०४.७८ धन — २।४०

-४४४ — -१३.६ भु.फ.ऋ. — त्रिफलसंस्कार घटचादि

६०) १२२८ (२० — ९१.१८ ध.

१२०० — १३.६ भुजफलऋण — १।३१।१०

२८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नक्षत्रगणना

१२।३८६.७ नक्षत्र ध्रुव

८००

३८६.७ भुक्तकलादि ऋण

४१३.३ भोग्यकला धन

+११.२३ चं.मं.फ.ऋ.

४०२.०७ x ६०

७२३)२४१२४.२(३३.३६

२१६९ ३३।२१.६

२४३४

२१६९ ३३।२२

२६६.२ नक्षत्रपराख्य धन

२१६९

४९३०

४३५८

०।५५।४१ मध्यमवारादि

+३३।२२ नक्षत्रपराख्य

१।२९। ३ मन्दस्पष्टवारा.

+२।४० त्रिफलसं.

१।३१।४३ स्पष्टवारादि

हस्तनक्षत्रसमाप्तिकाल

योगगणना

१२।३८६.७ x २

११x ७२० २४।७७३.४

=७९२० १९२००

१९९७३.४ न.क.

-७९२० ति.क.

८००)१२०५३.४(१५।५३.४

८०० योग ध्रुव

४०५३

४०००

५३.४

८००

-५३.४

७४६.६

७४६.६ यो.क.ध.

-९०.० सू.मं.फ.ध.

६५६.६

+११.२३ चं.मं.फ.ऋ.

६४५.३७x६०

७८०)३८७२२.२(४९.६४

३१२० ४९।३८.४

७५२२

७०२० योगपराख्य धन

५०२२

४६८०

३४२०

३१२०

३००

०।५५।४१ म.वा.

+४९।३८ यो.प.

१।४५।१९

+२।४० त्रि.

१।४७।५९ स्प.

सिद्धियोगसमाप्तिकाल

विक्रमसंवत् १८०७ शाके १६७२ ने.सं. ८७० वैशाखशुक्लपक्ष

तिथि	वार	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला	सूर्य
११	आ	५ २७	हस्त	३१ ४३	सिद्धि	४७ ५९	१।६।१४५

२०१५ आषाढ १३।१४ गते शुक्र, शनैश्चरवार दिनभर वसी यो गणना गरेको हो। गणना गर्नेहरू रामजी तेवारी, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशी हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ललितावल्लभको थरबारे

– महेशराज पन्त

भक्तविजय र *पृथ्वीन्द्रवर्णोदय*का ख्यातनामा कवि ललितावल्लभले आफ्नो थरगोत्र खुलाएका छैनन् र कहीँ आफ्नो नाउँ मात्र,[1] कहीँ नाउँको अगाडि वा पछाडि कवि[2] र कहीँ आफूलाई कवि[3] मात्र लेखेका छन् । अरू तात्कालिक लिखतबाट पनि यस विषयमा प्रकाश पर्दैन । यस कारण उनी जस्तै प्रसिद्ध कवि शक्तिवल्लभ र वाणीविलासको भन्दा कुलको हकमा यिनको स्थिति भिन्न देखिन्छ र यिनी अज्ञातकुल कवि हुन पुगेका छन् ।

रानीपोखरी संस्कृतपाठशालाका पण्डित देवीदत्त पराजुली (वि.सं. १९३०-२०१०)ले आफ्नो *कविता-गुच्छ-हार*को पञ्चम गुच्छकमा **नेपाली प्राचीन संस्कृत कवि** भनी ६ जना कविको विषयमा ८ श्लोक लेखेका छन् । तिनमा ललितावल्लभ पनि परेका छन् र उनको विषयमा देवीदत्त पराजुली यस्तो लेख्छन् –

लोहनी ललिता वल्लभ् कवि बेस थिए भनी ॥
भन्दछन् दुनियाँ सारा देखिन्छन् कविता पनी ॥ ३०६ ॥[4]

यसैको टिप्पणीमा उनले यस्तो लेखेका छन् –

यी १८२५ को ओर पर थिए ।[5]

वि.सं. १८२६ मा र वि.सं. १८२७ मा कान्तिपुरीमा बसी माथि भरखरै नाउँ किटिएका २ काव्य लेख्ने ललितावल्लभलाई नै **लोहनी ललिता वल्लभ्** भनी उनले लेखेको यताबाट देखिन्छ भनी भनिरहनुपर्दैन ।

एक जना ग्रन्थकारले वि.सं. २०३९ मा ललितावल्लभको विषयमा लेख्दा

---

१. *भक्तविजय*को १०९ श्लोक ।
पृथ्वीन्द्रवर्णोदय २ सर्गको १२ श्लोक = नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५:४४९ ।

२. *भक्तविजय*को १०९ श्लोकपछिको गद्यवाक्य ।
पृथ्वीन्द्रवर्णोदय १ सर्गको ७० श्लोकपछिको गद्यवाक्य = नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५:४४९ ।
*पृथ्वीन्द्रवर्णोदय*को अन्तिम श्लोक = उही:४५० ।

३. *भक्तविजय*को अन्तिम श्लोक ।
पृथ्वीन्द्रवर्णोदय ३ सर्गको १ श्लोक = नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५:४५० ।
*पृथ्वीन्द्रवर्णोदय*को अन्तिम गद्यवाक्य = उही:४५० ।

४. देवीदत्त पराजुली २००५:१७८ ।

५. उही ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

> **कवि ललिताबल्लभ काठमाडौंका निवासी हुन् । सम्भवतः यिनका वाबुको नाम लक्ष्मीनारायण थियो । शक्तिवल्लभ अर्याल तथा राधावल्लभ यिनका दुई दाजु भाईहरू थिए ।**[६]

भनी लेखेका छन् । म लक्ष्मीनारायणको छोरा हुँ भनी शक्तिवल्लभले स्पष्टसँग लेखेकाले[७] शक्तिवल्लभका भ्राता ललितावल्लभ हुन् भनी ठोकेर लेख्न सक्ने यी ग्रन्थकारले ललितावल्लभका बाबुको विषयमा लेख्दा **सम्भवतः यिनका वाबुको नाम लक्ष्मीनारायण थियो** भनी किन लेख्नुपर्‍यो, यो उदेकलाग्दो छ । यस कारण ललितावल्लभका शक्तिवल्लभ अर्ज्याल र राधावल्लभ अर्ज्याल २ दाजुभाइ थिए भनी यिनले लेखेको कल्पनासिवाय अरू केही होइन भन्न सकिन्छ । नाउँको पछाडि वल्लभ जोडिएका कवि शक्तिवल्लभको थर अर्ज्याल भएकोले र उनका भाइको नाउँ पनि वल्लभान्त (राधावल्लभ) नै भएकोले होला, ग्रन्थकारले थरगोत्र थाहा नभएका, नाउँको पछाडि वल्लभ जोडिएका ललितावल्लभलाई पनि यिनले अर्ज्याल शक्तिवल्लभ र राधावल्लभका भ्राता बनाइदिएको ।

यिनले लेखेको यही कुरालाई ब्रह्मवाक्य ठानी **इनी लक्ष्मी नारायणका छोरा तथा शक्तिवल्लभका कान्छा भाई हुन् भन्ने कुरा टीकाराम शर्माबाट पनि थाहा हुन्छ**[८] भनी आफ्नो कुलवृत्त लेख्दा एक जना अर्ज्यालले ललितावल्लभको विषयमा ठोकुवा गरिदिए ।

नेपाली साहित्यको इतिहासका प्रसिद्ध अन्वेषक ईश्वर बरालले पनि **श्री ५ पृथ्वीनारायणकै राज्यकालका अर्का अर्ज्याल राजपुरोहित ललितावल्लभ**[९] भनी विनाप्रमाण लेखेको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।

अर्ज्यालकुलको इतिहास लेख्ने अर्का अर्ज्यालले कुलवृत्त लेख्ने अर्ज्यालले ललितावल्लभको विषयमा जे लेखेका थिए, त्यही खुरुखुरु सारे[१०] तापनि उनले दिएको अर्ज्यालहरूको वंशावलीमा ललितावल्लभको नाउँ कतै परेको छैन ।

यस्ता लेखको प्रभावमा परी खास खोजीनिधी नगर्नेहरू पनि ललितावल्लभ अर्ज्याल हुन् कि भन्नेपट्टि ढल्किएका देखिन्छन् ।[११]

अनि अर्का अर्ज्यालले त ललितावल्लभलाई अर्ज्याल बनाउन विनाप्रमाण निकै मसी खर्च गरे ।[१२] अघिल्ला २ जना अर्ज्यालले ललितावल्लभलाई शक्तिवल्लभका आफ्नै भाइ बनाएकामा कान्छा अर्ज्यालले चाहिँ

---

६. टीकाराम शर्मा खनाल २०३९:९२ ।
७. नयराज पन्त २०१४:३ ।
८. विष्णुराज आत्रेय २०४२:८३ ।
९. ईश्वर बराल २०४२:२ = उही २०५५:१०९ ।
१०. रामजीप्रसाद अर्ज्याल २०४७:१६३ ।
११. शिवराज आचार्य कौण्डिन्न्यायन २०४८:२२ ।
जगदीशचन्द्र रेग्मी २०४९:३३५ ।
१२. विष्णु प्रभात २०६०:५३-५४ । यी विष्णु प्रभात अर्ज्याल हुन् (उही:१४३) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उनलाई शक्तिवल्लभका बडाबाबुका छोरा बनाइदिए[१३] र **ललितावल्लभको अस्तित्व गोर्खाविजय तिलकले उल्लेख गरेका वीरपुरुषको रूपमा पाइएको छ**[१४] भनी बुझनसुझ लेखिदिए। ललितावल्लभ लोहनी हुन् भनी ललितावल्लभलाई लोहनी बनाउनमा कुनै स्वार्थ नभएका पराजुली देवीदत्तले उहिल्यै लेखेको कुरालाई **सम्भवतः भूलवश भनिएको पनि हुन सक्छ**[१५] भनी लेखेको भरमा देवीदत्त पराजुलीको लेखाइ लत्याउन मिल्दैन।

सबभन्दा रमाइलो कुरा त बाबुराम आचार्यले ललितावल्लभको चर्चा गर्दा उनको नाउँ मात्र दिई थर नदिएकोमा उनका पुस्तकका सम्पादक उनका छोराले बाबुको पुस्तकको **ललितावल्लभ**को ठाउँमा **ललितावल्लभ अर्याल** लेखी बाबुको पुस्तकको मूल भागमै **परिष्कृत एवं परिवर्द्धित** गरेको।[१६]

ललितावल्लभका २ काव्यमध्ये पछिल्लो काव्य लेखिएको १०३ वर्षपछि जन्मिएका देवीदत्त पराजुलीले लेखेको कुरा कति प्रामाणिक छ भन्ने त पछि हुने खोजीबाट स्पष्ट होला।

---

१३. उही:५३-५४।

१४. उही:५४। यसको प्रमाणको रूपमा त्यहीँ टिप्पणीमा **योगी नरहरीनाथ, इतिहास प्रकाशमा सन्धि पत्र संग्रह, पूर्ववत्, पृ. ५०५** लेखिएको छ। *इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह*को ५०५ पृष्ठ पल्टाउँदा त्यहाँ *गोर्खाविजयतिलक*को नाउँ सुद्धा छैन। *गोर्खाविजयतिलक*को मूल *इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह*का ५२८-५३५ पृष्ठमा र त्यसको उल्था त्यही पुस्तकका ५३६-५४३ पृष्ठमा छापिएको छ। मूल र उल्था दुवैमा ललितावल्लभको दुम्सै पनि छैन। *गोर्खाविजयतिलक*को मूल दिइसकेपछि त्यसका सम्पादक नरहरिनाथले त्यहीँ **अत्र वीराः** (यहाँ [नाउँ परेका] वीरहरू) भन्ने शीर्षक हाली *गोर्खाविजयतिलक*मा नाउँ परेका जतिको नाउँ दिएका छन्। त्यति दिँदा दिँदै नरहरिनाथलाई जोश चढेछ र विनाप्रसङ्ग **भक्तविजयमा आयेका वीरहरु** भन्ने शीर्षक हाली त्यहाँ नाउँ आएका जतिको – *भक्तविजय* लेख्ने ललितावल्लभको नाउँसमेत वीरहरूको फेहरिस्तमा हालिदिएका छन् (*इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह*:५३५-५३६)। यसैको भर परी विष्णु प्रभातले *गोर्खाविजयतिलक*मा ललितावल्लभलाई **वीर** भनी लेखिएको छ भनी लेखेको देखिन्छ।

१५. विष्णु प्रभात २०६०:५४।

१६. भरखरै बजारमा आएको, बाबुराम आचार्य २०६३ मा **राजा पृथ्वीनारायण शाहका समकालिक नेपाली कवि ललितावल्लभ अर्यालले पनि** (३५० पृष्ठ) भनी छापिएको देख्दा आश्चर्य लागेकोले यही पुस्तकको पहिलो संस्करण (बाबुराम आचार्य २०२२) पल्टाई हेरियो। **पृथ्वीनारायण शाहका समकालीन कवि ललितावल्लभले पनि** (१६७ पृष्ठ) भन्ने पाठ त्यहाँ भएको र अन्यत्र पनि बाबुराम आचार्य (२०२४:१५५, २०२५:५३८, २०२६:६५१,७८०, ७८३)ले ललितावल्लभको थर लेखेको नदेखिएकोले ग्रन्थसम्पादनको सिद्धान्तभन्दा बाहिर गई **अर्याल** पद प्रक्षिप्त गरी ललितावल्लभलाई **अर्याल** बनाएको देखियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको* वर्णक्रमअनुसारको तालिका

इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह

= नरहरिनाथमा हेर्नू।

ईश्वर बराल २०४२

= वि.सं. २०४२ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित *प्रज्ञा* ५० पूर्णाङ्कका १-३२ पृष्ठमा छापिएको, ईश्वर बरालको *विष्णुभक्त कवि विद्यारण्यकेसरी अर्ज्याल*।

ईश्वर बराल २०५५

= वि.सं. २०५५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, शरद्चन्द्र शर्मा भट्टराईद्वारा सम्पादित, ईश्वर बरालको *सुवानन्ददेखि शम्भुप्रसादसम्म*।

जगदीशचन्द्र रेग्मी २०४९

= वि.सं. २०४९ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, शेषराज शर्मा रेग्मीको *श्री ५ पृथ्वीनारायण शाहकालिक संस्कृत साहित्यका* ३१३-३६४ पृष्ठमा छापिएको, जगदीशचन्द्र रेग्मीको *परिशिष्ट*।

टीकाराम शर्मा खनाल २०३९

= वि.सं. २०३९ मा काठमाडौँबाट प्रतिभाप्रकाशनद्वारा प्रकाशित, टीकाराम शर्मा खनालको *नेपालमा राजपरम्परा र साहित्यिक रूपरेखा*।

देवीदत्त पराजुली २००५

= वि.सं. २००५ मा काठमाडौँबाट नेपालीभाषाप्रकाशिनी समितिद्वारा प्रकाशित, देवीदत्त पराजुलीको *कविता-गुच्छहार* [illegible]।

नयराज पन्त २०१४

= वि.सं. २०१४ मा काठमाडौँबाट नेपाल-सांस्कृतिकपरिषद्द्वारा प्रकाशित, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालले सम्पादन र उल्था गरेको *जयरत्नाकरनाटक शक्तिवल्लभ अर्ज्याल विरचित*मा नयराज पन्तको *उपोद्घात* (१-५२ पृष्ठ)।

नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५

= वि.सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*।

नरहरिनाथ २०२२

= वि.सं. २०२२ मा दाङबाट आध्यात्मिक सम्मेलनद्वारा प्रकाशित, नरहरिनाथको *इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह*।

भक्तविजय

= ललितावल्लभमा हेर्नू।

बाबुराम आचार्य २०२२

= वि.सं. २०२२ मा काठमाडौँबाट प्रमोद शम्शेर र नीरविक्रम "प्यासी"द्वारा प्रकाशित, बाबुराम आचार्यको *नेपालको संक्षिप्त वृत्तान्त*।

---

* प्राचीन शैलीको ग्रन्थमा रचयिताको नाउँ दिइएको भए तापनि ग्रन्थनाम पनि वर्णक्रमअनुसार राखिएको छ। कुनै ग्रन्थको चर्चा ग्रन्थनामले भएको छ भने त्यस ग्रन्थलाई सम्पादकको नाउँ र ग्रन्थनाम दुवैमा वर्णक्रमअनुसार राखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बाबुराम आचार्य २०२४

= वि.सं. २०२४ मा काठमाडौँबाट श्री ५ महाराजाधिराजका प्रेससचिवालयद्वारा प्रकाशित, बाबुराम आचार्यको *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी* १ भाग।

बाबुराम आचार्य २०२५

= वि.सं. २०२५ मा काठमाडौँबाट श्री ५ महाराजाधिराजका प्रमुखसंवादसचिवालयद्वारा प्रकाशित, बाबुराम आचार्यको *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी* ३ भाग।

बाबुराम आचार्य २०२६

= वि.सं. २०२६ मा काठमाडौँबाट श्री ५ महाराजाधिराजका प्रमुखसंवादसचिवालयद्वारा प्रकाशित, बाबुराम आचार्यको *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी* ४ भाग।

बाबुराम आचार्य २०६३

= वि.सं. २०६३ मा काठमाडौँबाट श्रीकृष्ण आचार्यद्वारा प्रकाशित र सम्पादित, बाबुराम आचार्यको *नेपालको संक्षिप्त वृत्तान्त* २ संस्करण।

विष्णु प्रभात २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट अर्याल सेवा समाजद्वारा प्रकाशित, विष्णु प्रभातको *अर्ज्यालवंशीय विद्वत्परम्परा* ।

विष्णुराज आत्रेय २०४२

= वि.सं. २०४२ मा बनारसबाट अलका प्रकाशनद्वारा प्रकाशित, विष्णुराज आत्रेयको *अर्ज्याल वंशावली र कुलवृत्त*।

रामजीप्रसाद अर्याल २०४७

= वि.सं. २०४७ मा काठमाडौँबाट बिन्दु अर्यालद्वारा प्रकाशित, रामजीप्रसाद अर्यालको *नेपालको इतिहास र अर्ज्याल-परिवार*।

ललितावल्लभ *भक्तविजय*

= वि.सं. २००८ मा काठमाडौँबाट फत्यजङ्गपराक्रम साहद्वारा प्रकाशित, कृष्णप्रसाद शर्माद्वारा उल्था गरिएको *नेपालीयकवि-ललिताव*[१]*ल्लभविरचितम् भक्तविजयकाव्यम् (नेपालभाषानुवादसहितम्)* (नेपाली कवि ललितावल्लभले बनाएको *भक्तविजयकाव्य* (नेपाली भाषामा उल्थासहित))।

वि.सं. २००९ मा काशीबाट योगप्रचारिणीद्वारा प्रकाशित, नरहरिको टीकासहितको *कविललिताव*[१]*ल्लभविरचितं भक्तविजयकाव्यम् विजयाविराजितम्* (कवि ललितावल्लभले बनाएको *भक्तविजयकाव्य – विजया* [टीका]ले सुहाएको)।

नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५:३९२-४२७।

ललितावल्लभ *पृथ्वीन्द्रवर्णोदय*

= नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५:४३४-४७६ ।

शिवराज आचार्य कौण्डिन्न्यायन २०४८

= वि.सं. २०४८ मा काठमाडौँबाट स्वाद्ध्यायशालाद्वारा प्रकाशित, शिवराज आचार्य कौण्डिन्न्यायनको *कतिपयनैपालसंस्कृतग्रन्थकारपरिचयः* (केही नेपाली संस्कृतग्रन्थकारहरूको चिनारी)।

---

१. यस्तै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पूर्णिमा १२१ पूर्णाङ्कको ४१ पृष्ठपछि)

लक्ष्मीपतिसङ्ग्रहमा रहेका लेखोट पात्राहरूको सूची

– महेशराज पन्त

३५. वि.सं. १८४९

७ अङ्गुल लम्बा, ५.८ अङ्गुल चौडा नेपाली पाको कागजका पत्रमा दुवैतिर कालो र रातो मसीले लेखेको । पत्रपत्र सिएको । जम्मा ९ पत्र । ज्येष्ठकृष्णभन्दा अगाडिका पत्र र माघकृष्णभन्दा पछाडिका पत्र च्यातिएर गएका । आश्विनकृष्ण र त्यसभन्दा पछाडिका पत्रका दायाँपट्टिका तल्ला भाग ओसले खाई ज्यादै भुत्रो भइसकेका ।

आषाढशुक्लपक्ष भएको पत्रको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

३६. वि.सं. १८४९

३ हात ६ अङ्गुल लम्बा, ६.१ अङ्गुल चौडा नेपाली पाको कागजमा दुवैतिर कालो र रातो मसीले लेखेको । मूठो पारी बेरेर राखेको । उठानदेखि चैत्रशुक्लको आधाआधी भाग च्यातिएर गएको । त्यसपछि ज्येष्ठशुक्लसम्मको भाग र त्यसको पछाडिपट्टिको भागको एकापट्टिको छेउ च्यातिएर गएको । ठाउँठाउँमा कीराले खाएकोले ज्यादै जीर्ण भएको ।

श्रावणशुक्लपक्ष भएको भागको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

३७. वि.सं. १८४९

४ हात ४ अङ्गुल लम्बा, ६ अङ्गुल चौडा नेपाली पाको कागजमा दुवैतिर कालो र रातो मसीले लेखेको । मूठो पारी बेरेर राखेको । उठानदेखि वैशाखशुक्लसम्मको भागको दायाँबायाँ दुवैतिर च्यातिएर गएको । ठाउँठाउँमा कीराले खाएको ।

भाद्रकृष्णपक्ष भएको भागको फ्याक्सिमिलि



(बाँकी पछि)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वाणीविलास पण्डितको विषयमा थप कुरा

- महेशराज पन्त

विक्रमको उन्नाइसौँ शताब्दीका बडा पण्डित[1] वाणीविलास पाँडेको वाग्वतीको खामोको लेख हरिषेणले लेखेको, समुद्र गुप्तको प्रयागको प्रशस्ति वा अज्ञातकर्तृक, मानदेवको चाँगुको खामोको लेखसँग जोडा लाग्छ[2] तथा मानदेवको चाँगुको खामोको लेख, बुद्धकीर्तिले लेखेको, जयदेवको पशुपतिको शिलालेख र वाग्वतीको खामोको वाणीविलास पण्डितको लेख **आजसम्म नेपालमा पाइएका अभिलेखहरूमा श्रेष्ठतम ठहरिन्छन्**[3] भन्ने विचार नयराज पन्तको छ। यस्ता महनीय पण्डित वाणीविलास पाँडेको चर्चा वा उनको विषयमा गरिएको अन्वेषणको प्रतिफल वि.सं. २००३ देखिका कृतिमा आउन थालेको[4] भए पनि उनको

१. वाणीविलास पण्डितलाई **बड़ा पण्डित** भनी बाबुराम आचार्य (२००३:२)ले लेखेका र उनको पदवी के थियो भन्ने मलाई थाहा नभएकोले त्यही विशेषण मैले पनि लगाएको हुँ।

२. **लेखा वाणीविलासस्य शिलोत्कीर्णा अनेकशः।**
इतिहासविदः सूरीन् रञ्जयन्तश्चकासति। २८।
पाषाणोत्कीर्णलेखेषु दधदभ्यर्हितां स्थितिम्।
स्तम्भोत्कीर्णो वाग्वतीस्थो भीमसेनप्रशस्तिभाक्। २९।
गोरखीयनृपालानां वंशवीर्यप्रकाशकः।
लेखो वाणीविलासस्य पाण्डित्यं कुरुते स्फुटम्। ३०।
मानदेवस्य लेखेन स्तम्भोत्कीर्णेन तुल्यताम्।
धत्ते काव्यमिदं किं वा हरिषेणकवेर्गिरम्। ३१।
समुद्रगुप्तकीर्तिञ्च सममेव हि बिभ्रता।
स्तम्भोत्कीर्णेन काव्येन साम्यमेतीति मे मतिः। ३२।

(नयराज पन्त २०१७:७)

(ढुङ्गामा कुँदिएका, वाणीविलासका १ भन्दा बढी लेख इतिहास जान्ने विद्वान्हरूलाई आनन्द दिँदै चम्किरहेछन्॥ २८॥ ढुङ्गामा कुँदिएका लेखहरूमध्ये प्रतिष्ठित ठाउँ लिने, वाग्वतीमा रहेको, भीमसेनको प्रशस्ति भएको, खामोमा कुँदिएको, गोरखाली राजाहरूको कुल र पराक्रममा प्रकाश पार्ने लेखले वाणीविलासको पाण्डित्य स्पष्ट गर्छ॥ २९-३०॥ खामोमा कुँदिएको, मानदेवको लेखसँग यो काव्य बराबरी गर्छ अथवा हरिषेण कविको शब्द र समुद्र गुप्तको कीर्ति एकैचोटि धारण गर्ने, खामोमा कुँदिएको काव्यसँग यो काव्य बराबरी गर्छ भन्ने मेरो विचार छ॥ ३१-३२॥)

३. नयराज पन्त २०१८:२-३।

४. बाबुराम आचार्य २००३:२-७।
तोत्रराज पाण्डेय र नयराज पन्त २००४:१३२-१३३ = उही २०६०:१०२।
नरहरिनाथ २०१०:७-१०।
वखतमानसिंह वस्न्यात २०१०:१३।
नयराज पन्त २०१०:१-१६।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयमा खोजी गर्न अझ धेरै नै बाँकी छ। वाणीविलास परलोक भएको ५०।६० वर्षपछि उनका छोरा तथा छोरीपट्टिका अल्पशिक्षित सन्तानहरूका घरमा रहेको ग्रन्थराशि नष्टभ्रष्ट हुँदै गएकोले[५] अरू त के भन्नु, उनको जन्ममृत्युको सालसुद्धा पनि अहिलेसम्म निधो गर्न सकिएको छैन।

उनका गुरु गङ्गाराम शास्त्री हुन् भन्ने कुरा वाणीविलास पण्डितकै धर्मशास्त्रसम्बन्धी प्रसिद्ध ग्रन्थ *वाणीविलाससिद्धान्त*बाट थाहा भएको थियो।[६] वाणीविलासले आफ्ना तिनै गुरुलाई लेखेको पत्र हालै फेला परेकोले सबभन्दा पहिले त्यही पत्र जस्ताकोतस्तो उतारिन्छ –

(एकापट्टि)

१. **स्वस्ति श्रीसमस्तगीर्वाणवन्दितेष्टदेवताच–**
२. **णसमाराधनविशुद्धान्तःकरणस्फुरितस–**
३. **कलशास्त्रसरस्समवगाहनप्राप्तपरमानन्द–**
४. **मानसराजहंसेषु. श्रीगंगारामशास्त्रीषु.**

(अर्कोपट्टि)

१. **स्वस्ति श्रीसर्वोपमायोग्येत्यादिश्रवणादिभक्त्येकसेव्यमदेकशरणश्रीश्री–**
२. **श्रीश्रीश्रीश्रीमद्गुरुगङ्गारामशास्त्रिचरणकमलेषु. वाणीविलाससर्मणः शा–**
३. **ष्टाङ्गदण्डवत्प्रणतिततयः समुल्लसन्तु. शमत्रास्ति तत्र तदाशासे उदन्तस्तु.**
४. **मत्चित्तका शान्त्वनादिप्रकार लिखनेका. आपका वातशल्यसूचक पत्र तो**
५. **पहिलै आया रहा. ओहि प्रकारसैं चित्तका समाधान कर्कौं रहे हे. फेर हम–**
६. **ने पत्र तो आ – – – शन्तोषाधायक हमारा वृत्तान्त नहुनेसैं किमुत शोकोद्वी–**

नरहरिनाथ २०१३:३१७-३१८।
नयराज पन्त २०१७:५-१४।
नयराज पन्त २०१८:२-१०, १९, ४९-५०।
रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:८-१५।
नयनाथ पौडेल २०२१:४१-४६।
उही २०२१ क:३८-४३।
उही २०२१ ख:५२-५८।
उही २०२१ ग:४९-५४।
उही २०२२:४८-५४।
उही २०२२ क।
उही २०२२ ख:५५-६७।

५. नयराज पन्त २०१८:३-१०।
६. नयनाथ पौडेल २०२२ क:२८।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७. पक मात्र देखनेसै नही लिखा रहा. नेपालमौ पुत्रकौ लिखा था चार्पाच् क्षेत्र-
८. मो अवशिष्ट हे. उस्का भी विक्रय कर्नेमौ तो तुमु लोका मुखमौ मण्ड भी न पडे-
९. गा बालक भ्रातृजन्का विवाहादि भी कर्ना हे. कन्या भी न मिलेगि क्षत्रका.
१०. विक्रय तो. न कर्ना. गृहका विक्रय कर्कौ. ३।४ हजार रूपैञा जो मिल्ता हे
११. सो भेजो एतद्देशमौ भी तद्देशमौ भी सदसद्व्हुव्यवहार पणनेसै बहु ऋण
१२. लग गया. एतदृणमध्ये यत्किंचित् ऋणका परिहार तो करेङ्गे करिकौ लि-
१३. खा था सो भी नहि आया. आपका पत्रमौ भी ऋणग्रस्त शोकातुर अत्यशक्त
१४. हुँ इत्यादि असकृल्लेख देखनेसै बहुखिन्न बहुलज्जित भये हे बहु वर्ष हो ग-
१५. या हे मद्वृद्धिदातार्थक भेजेका मन्निवेदितमध्ये हमकु उस्का अर्पण आजतक
१६. नहि किया गया हे क्या करौ आजकाल हमारा दैव बहुप्रतिकूल हे. जिसमै गु-
१७. रुचरणमौ भी हम वार्द्धुकिक गुरुप्रतारक मिथ्यावादी दम्भी दत्तापहा-
१८. री वान्ताशी कृतघ्न इत्यादि सकलदोषभाक् बन गया हुँ आपका हरिश्चन्द्ररा-
१९. जवत् दुःखित हुँ उपाय तो दोस्रा कुछ भी नहि देखता हौ.

न पश्यन्ती ब्राह्मणाय

२०. प्रियमन्यन्ननाम सा ·॥ १ ॥

इत्यादिवत्प्रणाम मात्र कर्त्ता हौं इतनै व्यवहार भी ह-
२१. मकौ आजकाल पर्वतसमान हो गया हे. क्या करौ. एतावदंशमौ पूर्वोक्तदोष भा-
२२. ग हम भइ गये हे. अनन्य गति हुनेसै गुरुभोजनावशिष्टोच्छिष्टासन. मैने किया
२३. करिकौँ चित्तसमाधान कर्ना पडा एतनै अंशमौ तो जो भया सो भया. अतः पर एत-
२४. दतिरिक्तांशमौ तो. पूर्वोक्तसकलदोषभागेव. होइ जावैगे समाधानान्तर क-
२५. र्ने कौन सकौङ्गे सो हम न होवे यह हमारा कोटिशो विज्ञप्तिः

एषोनुकंप्यो म-

२६. यि नाथवानिति.

हमारे सुखदुःखका विश्वासभूमि ब्रह्मवित्सत्यवादी म-
२७. नोरथ जोशीजि हैं इन्के मुखसै. आपके अनुपपत्ति देखनेसौ अवशिष्टां-
२८. शका भी काहिसै आइ जावेगा तो दे डारंगे ऐसे शास्त्रिजीका आज्ञा भया है
२९. शास्त्रिजीका तो ऐसे विचार हे. ऋणग्रस्त लेखनेका तो बात पडगया हे.
३०. आपका उपर्तो. बडै वातसल्य हे ऐसे हामने सुना. वातशल्यसै भी अवशि-
३१. ष्टांश आपने भेजेंगे तो. मृतस्य पुनर्मारणमेव. हम संभेङ्गे यत्ना तो क्षमा क-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३२. र्ना. १ गजार्पण किया था सो भी पण्डितराजसै आपकौ प्राप्त नहुवा. गुरु-
३३. पुत्रके वासार्थक १ गृह २ क्षेत्रका ठेकाना बडै युक्तिसौ किया था. आफै-
३४. ने प्रत्याख्यान कर्नेसै सो सेवन भी हमसै नही भया. हमारे भालमौ गुरु
३५. सेवन नही लिखा हे. ऐसे कंबखती हे. शिष्यमध्ये हम नामैकमात्रं स-
३६. रः यस सरिके भये आपके आशीर्वादसै दैव अनुकूल होइ जावेगा तो
३७. हमारे पुत्रलोक. गुरुपुत्रका संमान यथाशक्ति करेङ्गे गुरुपुत्र लोक-
३८. मे भी हमारे पुत्र लोकमौ जैसा आपका वातशल्य हमारेपर्हं तैसै वा-
३९. तशल्य रखनेका शिक्षा कर्ना होगा. मुहूर्तांतर कर्नेका भी असकृ-
४०. ल्लेख आउता हे इस्मौ भी गुर्वाज्ञाल्लंघन सरिका हुवा. विनामान
४१. चित्त प्रवृत्त होता हे.

संभावितस्य चाकीर्त्तिर्मरणादतिरिच्यते.

४२. बहुत हमारे वास्ते शोक नहि कर्ना.

यदभावि न तद्भावि भावि

४३. चेन्न तदन्यथा.

विज्ञगुरुचरणेषु किं बहुप्रजल्पनेन मिति

४४. आश्विनशुक्ल १५ रोज ६ मुकाम काशी. शुभम् .

वाणीविलास पण्डितकी जेठी ब्राह्मणी तारालक्ष्मीतर्फका माहिला छोरा उज्ज्वलविलासका दौहित्र खिलशर्म पन्तका पनाति निरञ्जनवल्लभ पन्त र निर्मलवल्लभ पन्तको पुर्ख्यौली सङ्ग्रहमा यो चिठी छ। यो चिठी खैरो रङ्गको पाको कागतमा पाको कालो मसीले लेखिएको छ। यसैको फोटोकपीबाट माथि पाठ दिइएको हो।

वाणीविलासकै सन्तानहरूकहाँ उनले आफ्ना गुरुलाई पठाएको यो चिठी रहनाले यो चिठी मूल नभई मसौदा रहेछ भन्ने देखिन्छ। नेपाली पाको कागतमा यो चिठी लेखिएको छ। यस चिठीमा ठाउँठाउँमा शकारसकार[७] र अरू वर्णविन्यास[८] पनि बिग्रिएकाले यो मसौदा वाणीविलास जस्ता त्यति ठूला पण्डितले

७. २ पङ्क्तिमा °सर्मणः, २-३ पङ्क्तिमा शाष्टाङ्ग°, ४ पङ्क्तिमा शान्त्वना°, ६ पङ्क्तिमा शन्तोषाधायक, २२ पङ्क्तिमा गुरुभोजना-वशिष्टोच्छिष्टासन, २९ पङ्क्तिमा °सल्य।

८. एकापट्टिको ४ पङ्क्तिमा °शास्त्रीषु।
२-३ पङ्क्तिमा डण्डवत्प्रणति°, ६-७ पङ्क्तिमा शोकोद्वीपक, ९-१० पङ्क्तिमा क्षत्रका विक्रय।
चरण हुनुपर्नेमा चण (एकापट्टि १-२ पङ्क्ति) मात्र भएको एउटा पदमा अन्त्यमा नपरेको अक्षर टुटेको उदाहरण हो। यी बाहेक आफैँले गर्न सक्ने गल्ती पनि यहाँ परेका छन्। तुमु लोकका हुनुपर्नेमा तुमु लोका (८ पङ्क्ति) भएको उस्तै उस्तै अक्षर आउँदा १ अक्षर टुटेको उदाहरण हो। वार्द्धुषिक हुनुपर्नेमा वार्द्धुकिक (१७ पङ्क्ति) भएको चाहिँ शब्दको अन्त्यमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आफ्नै हातले लेखेको नभई आफूले बोलेर अरू कसैलाई लेखाएको जस्तो लाग्छ तापनि अरू पण्डितले आफैँले गरेका मसौदामा पनि यस्ता गल्ती देखिएकाले[९] यसै भन्न सकिँदैन ।

संस्कृतनिष्ठ, पण्डिताऊ हिन्दीमा बीचबीचमा संस्कृतका सूक्ति घुसाएर लेखिएको यस चिठीमा एउटा शब्द **कंबखती** (३५ पङ्क्ति) मात्र उर्दूको, अझ खुलाएर भन्ने हो भने फारसीको परेको छ । यस चिठीमा कुनै कुनै विभक्ति चलनचल्तीको हिन्दीको भन्दा केही फरक भएको विषयमा पनि केही लेख्नु राम्रै होला । हिन्दी भाषाको व्याकरणमा अधिकरणार्थमा **मों/मोसम्म** चढेको छ,[१०] तर यस चिठीमा त्यस अर्थमा एक ठाउँमा छोडेर[११] सर्वत्र **मौ**[१२] नै लेखिएको छ । कर्म/सम्प्रदानार्थमा पटक पटक **कौ**[१३] र एक ठाउँमा **कु**[१४] आएको छ । करण/अपादानार्थमा धेरै ठाउँमा **सै**[१५] र अपवादको रूपमा कहीँ कहीँ **सौ**[१६] लेखिएको छ । व्याकरणअनुसार हिन्दीका कुनै कुनै भेदमा मात्र ती रूप चलेको देखिन्छ ।[१७] **तिमीहरू** भन्न यहाँ **तुमु** लेखिएको छ,[१८] गढवालीमा मात्र **तुमू** रूप चलेको[१९] यस प्रसङ्गमा चाखलाग्दो छ ।

भएको अक्षरको प्रभावमा त्यसभन्दा अगाडिको अक्षरको ठाउँमा पनि त्यही अक्षर बस्न गएको उदाहरण हो । पहिलो खालको गल्तीको विषयमा महेशराज पन्त २०५७:§ १.८.१३.२ = १७६-१८१, दोस्रो खालको गल्तीको विषयमा महेशराज पन्त २०५७:§ १.८.१ = १४०-१४३ र तेस्रो खालको गल्तीको विषयमा उही:§ १.८.१० = १५४-१६४ मा लेखिएको छ ।

९. उदाहरणको लागि भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१८:१६७-१६८ ।

१०. उदाहरणको लागि एस.एच. केलग १९९४/९५:२ सङ्ख्याको सारिणी, भोला नाथ तिवारी २०३२/३३:§ ३.४.१.५ = ५४५-५४६ ।

११. १६ पङ्क्तिमा **जिसमै** ।

१२. ७ पङ्क्तिमा **नेपालमौ**, ८ पङ्क्तिमा **कर्नेमौ**, **मुखमौ**, ११ पङ्क्तिमा **एतद्देशमौ**, **तद्देशमौ**, १३ पङ्क्तिमा **पत्रमौ**, १६-१७ पङ्क्तिमा **गुरुचरणमौ**, २१ पङ्क्तिमा **एतावदंशमौ**, २३ पङ्क्तिमा **अंशमौ**, २३-२४ पङ्क्तिमा **एतदतिरिक्तांशमौ**, ३४ पङ्क्तिमा **भालमौ**, ३८ पङ्क्तिमा **लोकमौ** र ४० पङ्क्तिमा **इस्मौ** ।

एक ठाउँ (७-८ पङ्क्ति)मा **चार्पाच् क्षेत्रमो अवशिष्ट हे** भनी लेखिएको छ, तर यहाँ विभक्तिको जरूरत छ जस्तो लाग्दैन ।

१३. ७ पङ्क्तिमा **पुत्रकौ**, २०-२१ पङ्क्तिमा **हमकौ** र ३२ पङ्क्तिमा **आपकौ** ।*

१४. १५ पङ्क्तिमा **हमकु** ।

१५. ५ पङ्क्तिमा **प्रकारसै**, ६ पङ्क्तिमा **नहुनेसै**, ७ पङ्क्तिमा **देखनेसै**, ११ पङ्क्तिमा **पणनेसै**, १४ पङ्क्तिमा **देखनेसै**, २२ पङ्क्तिमा **हुनेसै**, २८ पङ्क्तिमा **काहिसै**, ३० पङ्क्तिमा **शल्यसै**, ३२ पङ्क्तिमा **पण्डितराजसै**, ३४ पङ्क्तिमा **कर्नेसै** र **हमसै**, ३६ पङ्क्तिमा **आशीर्वादसै**, ३८ पङ्क्तिमा **तैसै** ।

१६. २७ पङ्क्तिमा **देखनेसौ** र ३३ पङ्क्तिमा **युक्तिसौ** ।

१७. उदाहरणको लागि एस.एच. केलग १९९४/९५:२ सङ्ख्याको सारिणी, भोला नाथ तिवारी २०३२/३३:§§ ३.४.१.२-३ = ५४०-५४३ ।

१८. ८ पङ्क्तिमा **तुमु** ।

१९. उदाहरणको लागि एस.एच. केलग १९९४/९५:९ सङ्ख्याको सारिणी ।

---

* यस चिठीमा आएका **कर्कौ** (१० पङ्क्ति), **करिकौ** (१२ पङ्क्ति) र **करिकौँ** (२३ पङ्क्ति)चाहिँ धातुसाधित अव्यय हुन् भनी भनिरहनु नपर्ला ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस चिठीको विषय गुरु र चेलाको बीचमा लेनदेनको भए तापनि कुरा त्यति स्पष्टसँग नलेखिएकोले सबै कुरा खुल्दैन । छाँटबाट चेलाले गुरुलाई कुनै वेला केही रकम यसै र केही रकम सापटी दिएका थिए । कालान्तरमा यही विषयमा गुरुले आफूलाई लेखेको चिठीको ढीलो गरी चेलाले दिएको जवाफ यो हो जस्तो देखिन्छ । यस चिठीअनुसार त्यसताका वाणीविलास ठूलै ऋणमा डुबेका देखिन्छन् । उनलाई स्वदेशमा मात्र होइन, काशीमा पनि ऋण लागेको र त्यो ऋण कसरी तिर्ने भन्ने विषयमा नेपालमा आफ्ना कुनै छोरालाई चिठी लेख्दा अब ४।५ खेत बाँकी छन्, खेत बेच्यो भने तिमीहरूको मुखमा माड पनि लाग्दैन, भाइहरूको बिहे पनि गर्नु छ, कन्या पनि पाइँदैन, यस कारण खेत नबेची बरु घर बेच्दा ३।४ हजार जे जति रुपैयाँ आउँछ, त्यो पठाऊ भनी त्यस चिठीमा लेखेको कुरा यस चिठीमा आएको छ । तर त्यो काम पनि बनेन भन्ने कुरा यहाँ लेखिएको छ । हजुरको चिठीमा पनि मलाई ऋण लागेको छ, म शोकातुर र अत्यन्त नै अशक्त भएको छु भनी वारंवार लेखिएकोले मलाई ज्यादै नै लाज लागेको छ भनी वाणीविलासले यस चिठीमा लेखेका छन् । धैरै वर्ष भयो, मलाई दिने भनेको कुनै कुरा पनि मैले अहिलेसम्म पाएको छैन भनी उनले यस चिठीमा लेखेकाले नेपालसरकारबाट उनलाई दिइने भनेको कुरा पनि उनको हात अझै नपरेको कुरा झल्किन्छ । यसरी **वार्द्धुषिक** (ब्याजबट्टा लाएर खाने), **गुरुप्रतारक** (गुरुलाई ठग्ने), **मिथ्यावादी** (झूटो बोल्ने), **दम्भी, दत्तापहारी** (दिइसकेको कुरा खोस्ने), **वान्ताशी** (बान्ता गरेको खाने), **कृतघ्न** इत्यादि सारा दोष मलाई लाग्न गएको छ; यति व्यवहार पनि मेरो लागि आजकल पहाडसमान हुन गएको छ; अर्को कुनै बाटो नभएकोले मैले गुरुले खाएर बाँकी रहेको जूठो खाने काम (**गुरुभोजनावशिष्टोच्छिष्टाशन**) गरेर चित्तको समाधान गर्नुपरेको छ भनी वाणीविलासले यस चिठीमा लेखेका छन् । यहाँको असामर्थ्य (**अनुपपत्ति**) देखेर बाँकी रहेको रकम पनि कहीँबाट आयो भने दिन्छु भनी शास्त्रीजीले आज्ञा गर्नुभएको छ भनी मनोरथ जोशीजीको मुखबाट सुनियो, हजूरले बाँकी रहेको रकम पठाउनुभयो भने त मरेकोलाई फेरि मारेकै हुन्छ भन्ने म सम्झन्छु, यति त हजूरले क्षमा गर्नैपर्छ भनी यहाँ लेखिएको छ ।

अब वाणीविलासका गुरु गङ्गाराम शास्त्री को रहेछन् त भन्ने विषयमा अलिकति खोजी गर्नुपरेको छ । विक्रमको उन्नाइसौं शताब्दीको दोस्रो चरणमा अलमोडाको ज्योलीगाउँबाट काशी आई बसेका एक जना त्रिपाठी ब्राह्मणका छोरा गङ्गाराम त्रिपाठी शास्त्री नव्यव्याकरणको परिष्कारपद्धतिको जन्मदाता भनी कहिएका छन् । व्याकरणका सिद्धान्तको अनुशीलनमा नव्यन्यायको शैलीको प्रयोग गरेर यी गङ्गाराम त्रिपाठीले एउटा नयाँ पद्धतिलाई जन्म दिए, जो परिष्कारपद्धतिको नाउँले प्रख्यात भयो । महावैयाकरण महाराष्ट्रिय नागेश भट्ट (आसन्न समय– वि.सं. १७३२-१८०२)[२०]का *लघुशब्देन्दुशेखर* र *परिभाषेन्दुशेखर*

---

२०. संस्कृतव्याकरणशास्त्रका अद्वितीय ऐतिहासिक युधिष्ठिर मीमांसक (२०४१:४६९)अनुसार नागेश भट्टको समय वि.सं. १७३० देखि १८१० को बीचमा हुनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसै पद्धतिअनुसार पढ्ने पढाउने कामको शुरूआत यिनै गङ्गाराम शास्त्रीबाट भएको हो। यिनले *शेखर*का आफ्ना पुस्तकलाई आफ्ना परिष्कारमयी व्याख्याले मण्डित गरेका छन्। ती पुस्तक गङ्गाराम शास्त्रीका दौहित्रका छोरा महामहोपाध्याय नित्यानन्द पन्त पर्वतीय (वि.सं. १९३४-१९८८)कहाँ थिए, अहिले ती पुस्तक नित्यानन्द पन्तका दौहित्र पण्डित गोपालदत्त पाँडेकहाँ छन्।

गङ्गाराम शास्त्रीका मुख्य मुख्य चेलाहरूमा नेपालका पण्डितराज राजगुरु रङ्गनाथ पौडयाल, अन्तिम पेशवाहरूका राजगुरु पण्डित जगन्नाथ शास्त्री गाडगिल पनि हुन्। काशीस्थराजकीयप्रधानसंस्कृतपाठशालाका प्रथमगण्य पण्डित वैयाकरण काशीनाथ शास्त्री (अध्यापनकाल– अन्दाजि वि.सं. १८७७-१९०७) यिनै गङ्गाराम शास्त्रीको अन्तिम समयका विद्यार्थी हुन्। आफ्ना राजगुरु चेलाहरूमार्फत नेपालका महाराजाधिराजबाट र पेशवाबाट गङ्गाराम शास्त्रीले धेरै जग्गाजमीन पाएका थिए।[२१] यिनै गङ्गाराम शास्त्री नै हाम्रा वाणीविलास पण्डितका पनि गुरु रहेछन्।

वाणीविलास पण्डितले आफ्ना गुरुलाई एउटा हात्ती दिलाउन खोजेको, तर पण्डितराज रङ्गनाथले गर्दा गुरुले हात्ती पाउन नसकेको कुरा यही चिठीको **१ गजार्पण किया था सो भी पण्डितराजसैं आपकौ प्राप्त नहुवा** भन्ने वाक्यबाट बुझिन्छ। वाणीविलासले आफ्ना गुरुपुत्रको लागि १ घर र २ ठाउँमा जग्गा दिलाउन खोजेका थिए, तर गुरुले नै नलिने कुरा गरेकाले त्यो त्यसै रह्यो भन्ने कुरा यही चिठीको **गुरुपुत्रके वासार्थक १ गृह २ क्षेत्रका ठेकाना बडै युक्तिसौ किया था. आफैंने प्रत्याख्यान कर्नेसै सो सेवन भी हमसैं नही भया** भन्ने वाक्यबाट स्पष्ट हुन्छ। दरबारको दानप्रदानमा हालीमुहाली चलाउन गुरुपुरोहितहरूमा घातप्रतिघात चल्नु स्वाभाविक भएकोले सतीर्थ्य पौडयाल रङ्गनाथ र पाँडे वाणीविलासमा पनि केही मात्रामा प्रतिस्पर्धा हुँदो हो। निकै माथिल्लो ओहदाका रङ्गनाथ पौडयालमार्फत जग्गाजमीन पाएका गङ्गाराम शास्त्रीले त्यही प्रतिस्पर्धाकै कारणले रङ्गनाथको जति मानप्रतिष्ठा नभएका वाणीविलासमार्फत पाइने घरजग्गा लिन अस्वीकार गरेको हुन सक्छ।

आफ्नो घर बेचेर आएको ३।४ हजार रुपैयाँबाट ऋण तिर्नुपर्छ भनी छोरालाई आफूले लेखेको चिठीको चर्चा यस चिठीमा प्रसङ्गवश वाणीविलासले गरेको कुरा माथि परिसकेको छ। १ रुपैयाँको ६ पाथी चामल पाइने जमानामा[२२] ३।४ हजारमा बेचिने घर भनेको महल नै हुनुपर्छ। काठमाडौंको भोसिकोटोलका केही चोक ओगटेको, आफ्नो ठूलो घर र त्यसको लगापातलाई नै उनले यहाँ सङ्केत गरेको देखिन्छ।

---

२१. गङ्गाराम शास्त्रीको विषयमा माथि लेखिएको कुराको पूरापूर आधार बलदेव उपाध्याय २०३९:१५४-१५७, ३८६-३८८ हो। भूपहरि पौडेल २०५१:(१० पृष्ठपछिको पृष्ठ) मा पनि **काशीमा गुरु गङ्गाराम शास्त्रीसँग यिनले शास्त्रीय ग्रन्थहरूको गहिरो अध्ययन गरे** भनी रङ्गनाथ पौडयालको विषयमा लेखिएको छ।

२२. वि.सं. १८७० को भाउबेसाहा यो हो। नयनाथ पौडेल २०२२ ख:६३ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वाणीविलास पण्डितले काशीबाट आफ्ना गुरुलाई लेखेको यस चिठीमा महीना पक्ष तिथि वार दिइएका भए पनि साल नदिइएकोले र उही महीना पक्ष र तिथिमा त्यही वार वारंवार दोहरिई पर्ने हुनाले यस चिठीको साल तोक्न कठिन छ।

आफ्ना गुरुलाई हात्ती र घरखेतको सिफारिश गर्न सक्ने हैसियतमा वाणीविलास पुगिसकेको यस चिठीबाट बुझिएकोले काशीबाट उनले लेखेको यो चिठी उनको पछिल्लो कालको अर्थात् उनी काशीवास बस्न गइसकेपछिको हो भनी भन्न सकिन्छ। काशीमा बस्ने पर्वते भलामानिसमा वाणीविलास पनि वि.सं. १८८३ मा गनिइसकेका देखिएकाले[२३] र उनको काशीवासको निमित्त वि.सं. १८८९ मा वर्षाशनको व्यवस्था भएकोले[२४] यीभित्रका कुनै वर्षमा यो चिठी लेखिएको हुनुपर्छ।

गङ्गाराम शास्त्रीका बाबु नै कुमाउ छोडी काशी आएका र गङ्गारामले पनि काशीमै पढी काशीमै पढाई बसेकाले[२५] उनी त्यहींकै रैथाने भएका थिए भनी भन्न सकिन्छ। काशीमै बस्ने गुरुले आफूलाई लेखेको चिठीको जवाफमा वाणीविलासले काशीबाटै यो चिठी लेखेकाले गुरुचेला आमनेसामने नभई दुवैले चिठीपत्रबाट काम चलाएको देखिन्छ। काशीवास गरेर बसेका चेलाले गुरुलाई लेखेको चिठी यो भएकोले र चेलाभन्दा गुरुको उमेर केही अपवाद छोड्ने हो भने बढी नै हुने भएकोले काशीवास गर्ने चेलाभन्दा गुरु अझ बूढा हुने नै भए। यस चिठीमा गुरुको चिठीको अंशको उद्धरण गर्दा गुरुले आफूलाई अत्यशक्त हुँ भनी भनेको देखिएकोले पनि उनी अत्यन्तै अशक्त भइसकेको अनुमान हुन्छ। त्यही बुढ्याइँको कारणले हिंडडुल गर्न कठिन हुँदै गएकोले हो कि लेनदेनको मामला भएकोले चिठीपत्रबाटै सम्पर्क राख्नु ठीक लागेकोले गुरुचेलामा चिठीपत्र भएको हुनुपर्छ।

यस चिठीमा वारंवार **वातशल्य** भन्ने समस्तपद आएको छ। मेरो लागि यो शब्द नौलो भएकोले र सन्दर्भअनुसार यसको अर्थ नखुलेकोले आफूसँग भएका कोष यसो पल्टाएर हेरियो। तर यो शब्द कोषमा पनि चढेको भेटिएन भनी अन्त्यमा भन्नुपर्छ।

त्यस वेला पाइएका आकरको आधारमा **वाणीविलास वि.सं. १८८८ सम्म जीवित थिए**[२६] भनी उनको विषयमा शोधखोज गर्नेले लेखे तापनि उनको काशीवासको निमित्त वि.सं. १८८९ देखि वर्षाशनको रूपमा सालिन्दा १५०।- रुपैयाँ भरिदिने गर भनी रौतहटका सरदारसुब्बाहरूलाई जारी गरिएको रुक्का पाइएकोले त्यस कुराको खण्डन भएको छ। त्यस रुक्काको मूलपाठ यस्तो छ –

२३. नयनाथ पौडेल २०२१ ख:५२-५३।

२४. लगत्तै तल दिइएको पत्र हेर्नू।

२५. बलदेव उपाध्याय २०३९:१५४-१५५।

२६. नयनाथ पौडेल २०२२ क:३०। यही संवत् टीकाराम शर्मा खनाल २०३९:१०१, शिवराज आचार्य कौण्डिन्न्यायन २०४८:२६, डिल्लीराम मिश्र २०५७:१२६ र *काश्यपगोत्रीय पाण्डे (बडाखोला)को वंशावली* :(पाँच)मा खुरुक्क सारिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीदुर्गाज्यू ९

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का -------

२. आगे जिल्लै बारापर्सा तप्पा रौतहट्का साल बसालका सर्दार-

३. सुबाप्रति जिल्लै मजकूरका ८९ सालदेषि ठेक् अमान-

४. त्मध्ये वाणिविलास पंडीतके — वासनिमित सालिंना

५. वर्षासन् षर्चबदे रुपैया १५० तनुषाह गरिबक्स्यौं. साल

६. ८९ देषी साल बसाल भरिदिन्या गर बहि बुझ्दा असुलिका

७. रसिदबमोजीम साल बसाल मोजरा पर्ला. ईति संम्बत् १८

८. ८९ साल मिति आषाडबदि ८ रोज ५[२७] शुभम् ———

मार्फत् उमाकान्त उपाध्या

मार्फत् भीमसेन थापा

(परराष्ट्रमन्त्रालयको ३२ नं. को पोकामा रहेको पत्रबाट यो सारिएको हो।)

---

२७. कलिगताब्दाः ४९३२ श्रीसम्बत्. १८८९ श्रीशाके. १७५४

ज्येष्टशुक्लः

	[गते]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[वार]	[आ.यो.]	
[ज्येष्ठ]	१	१४	१४।३०	अ.	८।५७	सा.	४०।२८	मं.	वज्रम्	भ १४।३० उ. ४६।२५ या. मृगे ३ संमिथुनेर्कः २६।१

आषाढकृष्णः

	१०	८	४६।२२	उ.	५४।१६	सौ.	४४।२०	वृ.	छत्रम्	मृगें ३ मियुने शुक्रः ९।९ अन्तं. ल ५।७ घ १६।५७

[लीलानाथ पांडे १८८९]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका पुस्तकपात्रा र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको* वर्णक्रमअनुसारको तालिका

एस.एच. केलग १९९४/९५

= ई.सं. १९३८ (वि.सं. १९९४/९५) मा लन्डनबाट केगन पल, ट्रेन्च, ट्रब्नर यान्ड कम्पनिद्वारा प्रकाशित, एस.एच. केलगको** *अ ग्र्याम्अर् अफ् द हिन्डी ल्याङ्ग्विज्* (हिन्दी भाषाको व्याकरण) ३ संस्करण।

काश्यपगोत्रीय पाण्डे (बडाखोला)को वंशावली

= वि.सं. २०६० मा काश्यपगोत्रीय पाण्डे (बडाखोला) समाजद्वारा प्रकाशित *काश्यपगोत्रीय पाण्डे (बडाखोला)को वंशावली*।

टीकाराम शर्मा खनाल २०३९

= वि.सं. २०३९ मा काठमाडौँबाट प्रतिभाप्रकाशनद्वारा प्रकाशित, टीकाराम शर्मा खनालको *नेपालमा राजपरम्परा र साहित्यिक रूपरेखा*।

डिल्लीराम मिश्र २०५७

= वि.सं. २०५७ मा शर्मिला मिश्रद्वारा प्रकाशित, डिल्लीराम मिश्रको *नेपाल अधिराज्यमा तनहूँ* २ संस्करण।

तोत्रराज पाण्डेय र नयराज पन्त २००४

= वि.सं. २००४ मा काशीबाट तोत्रराज पाण्डेयद्वारा प्रकाशित, तोत्रराज पाण्डेय र नयराज पन्तको *नेपालको संक्षिप्त इतिहास*।

तोत्रराज पाण्डेय र नयराज पन्त २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानद्वारा प्रकाशित, तोत्रराज पाण्डेय र नयराज पन्तको *नेपालको संक्षिप्त इतिहास* २ संस्करण।

दिनेशराज पन्त २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ७ पूर्णाङ्कका ६१-७४ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि.सं. १८१५-८८)*।

दिनेशराज पन्त २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका ३७-४८ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि.सं. १८१५-८८)*।

दिनेशराज पन्त २०२४

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १४ पूर्णाङ्कका १५६-१६९ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *राजज्योतिषी लीलानाथ पाँडे (वि.सं. १८४३-८९)*।

दिनेशराज पन्त २०२४ क

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १६ पूर्णाङ्कका ३९५-४१४ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *राजज्योतिषी लीलानाथ पाँडे (वि.सं. १८४३-८९)*।

नयनाथ पौडेल २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* १ पूर्णाङ्कका ४१-४६ पृष्ठमा छापिएको, नयनाथ पौडेलको *पण्डित वाणीविलास पाँडेको "प्रशस्तिरत्नावली"* (पत्रबोध)।

---

* कुनै कृतिमा रचयिता वा सम्पादक आदिको नाउँ नदिइएको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार राखिएको छ।

** यस संस्करणमा टी. ग्राहम बेलीको उच्चारणसम्बन्धी टिप्पणी पनि गाभिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयनाथ पौडेल २०२१ क

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* २ पूर्णाङ्कका ३८-४३ पृष्ठमा छापिएको, नयनाथ पौडेलको *वाणीविलास-सिद्धान्त*।

नयनाथ पौडेल २०२१ ख

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* ३ पूर्णाङ्कका ५२-५८ पृष्ठमा छापिएको, नयनाथ पौडेलको *दुर्गाकृत्यकौमुदी*।

नयनाथ पौडेल २०२१ ग

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* ४ पूर्णाङ्कका ४९-५४ पृष्ठमा छापिएको, नयनाथ पौडेलको *पं. वाणीविलास पाँडेका केही कृतिहरू*।

नयनाथ पौडेल २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ५ पूर्णाङ्कका ४८-५४ पृष्ठमा छापिएको, नयनाथ पौडेलको *पं. वाणीविलास पाँडेको दुर्गास्तोत्र*।

नयनाथ पौडेल २०२२ क

= वि.सं. २०२२ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित, नयनाथ पौडेलद्वारा सम्पादन र उल्था गरिएको *प्रशस्ति–रत्नावलि*मा १३-४२ पृष्ठमा छापिएको, उनैको *उपोद्घात*।

नयनाथ पौडेल २०२२ ख

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ६ पूर्णाङ्कका ५५-६७ पृष्ठमा छापिएको, नयनाथ पौडेलको *पचलीको श्रीनानीसाहेब लक्ष्मीदेवीको वि.सं. १८७० को अभिलेख र त्यसको ऐतिहासिक व्याख्या*।

नयराज पन्त २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ७ अङ्कका १-१६ पृष्ठमा छापिएको, नयराज पन्तको *थापाथलीस्थः श्री भीमसेनथापाप्रशस्तिसनाथः स्तम्भोत्कीर्णोऽभिलेखः* (थापाथलीमा रहेको, श्रीभीमसेन थापाको प्रशस्तिसमेत भएको खामोमा कुँदिएको अभिलेख)।

नयराज पन्त २०१७

= वि.सं. २०१७ मा काठमाडौँबाट संस्कृत-छात्रसंघ-नेपालद्वारा प्रकाशित *जयतु संस्कृतम्* (संस्कृतको जय होस्) १ वर्ष ६ अङ्कका ५-१४ पृष्ठमा छापिएको, नयराज पन्तको *वैक्रम्या एकोनविंश्याः शताब्द्या नैपालकास्त्रयो ग्रन्थकाराः* (विक्रमको उन्नाइसौँ शताब्दीका ३ नेपाली ग्रन्थकार)।

नयराज पन्त २०१८

= वि.सं. २०१८ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, भोलानाथ पौडेल र धनवज्र वज्राचार्यको *गल्लीमा पर्याँकिएका कसिंगर*का १-१६५ पृष्ठमा छापिएको, नयराज पन्तको *उपोद्घात* ।

नरहरिनाथ २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ५ अङ्कका ७-१० पृष्ठमा छापिएको, नरहरिनाथको [...] *प्रधानमन्त्रिधौकलसिंह-निर्मितकीर्तिमन्दिरस्य शिलालेखः* (प्रधानमन्त्री धौकलसिंहले बनाएको कीर्तिमन्दिरको शिलालेख)।

नरहरिनाथ २०१३

= वि.सं. २०१३ मा काठमाडौँबाट इतिहास-प्रकाशक-संघद्वारा प्रकाशित *इतिहास-प्रकाश* २ अङ्क २ भागका ३१७-३१८ पृष्ठमा छापिएको, नरहरिनाथको *पशुपतिनाथका भित्री दक्षिणद्वारका नासादारुमा राजतलेख* ।

बलदेव उपाध्याय २०३९

= वि.सं. २०३९ मा काशीबाट विश्वविद्यालयप्रकाशनद्वारा प्रकाशित, बलदेव उपाध्यायको *काशी की पाण्डित्य-परम्परा* (काशीको पाण्डित्यपरम्परा)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बाबुराम आचार्य २००३

= वि.सं. २००३ मा काठमाडौँबाट नेपाली भाषाप्रकाशिनी समितिद्वारा प्रकाशित, बाबुराम आचार्यको *पुराना कवि र कविता*।

भूपहरि पौडेल २०५१

= वि.सं. २०५१ मा काठमाडौँबाट नेपालसाहित्यप्रकाशनकेन्द्रद्वारा प्रकाशित, भूपहरि पौडेलको *नेपालको विद्वत्परम्परा*।

भोला नाथ तिवारी २०३२/३३

= ई.सं. १९७६ (वि.सं. २०३२/३३) मा इलाहाबादबाट किताबमहलद्वारा प्रकाशित, भोला नाथ तिवारीको *हिन्दी भाषा*।

भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१८

= वि.सं. २०१८ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, भोलानाथ पौडेल र धनवज्र वज्राचार्यको *गल्लीमा फ्याँकिएका कसिंगर – पण्डित भवानीदत्त पाँडेले गरेका मुद्राराक्षसहरूका नेपाली अनुवाद* ।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* (अमरकोषमा जातरूपको टीका) १ भाग।

युधिष्ठिर मीमांसक २०४१

= वि.सं. २०४१ मा हरयाणाबाट युधिष्ठिर मीमांसकद्वारा प्रकाशित, उनैको *संस्कृत व्याकरण-शास्त्र का इतिहास* (संस्कृत व्याकरणशास्त्रको इतिहास)।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०

= वि.सं. २०२० मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* १२ भाग।

[लीलानाथ पाँडे १८८९]*

= वि.सं. १८८९ को लेखोट पात्रो।

वखतमानसिंह वस्न्यात २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ५ अङ्कका ११-१३ पृष्ठमा छापिएको, वखतमानसिंह वस्न्यातको [धौकलसिंह बस्न्यातको शिलापत्रको] *अनुवाद* ।

शिवराज आचार्य कौण्डिन्न्यायन २०४८

= वि.सं. २०४८ मा काठमाडौँबाट स्वाद्ध्यायशालाद्वारा प्रकाशित, शिवराज आचार्य कौण्डिन्न्यायनको *कतिपयनैपालसंस्कृतग्रन्थकारपरिचयः* (केही नेपाली संस्कृतग्रन्थकारहरूको चिनारी)।

---

* यस लेखोट पात्रोमा पात्रो तयार गर्नेको नाउँ नभएकोले कसले यो तयार गरेको हो भन्ने हामीलाई थाहा छैन । तर यो पात्रो लक्ष्मीपति पाँडे (वि.सं. १८१५[१]-१८८८[२])का सन्तानको सङ्ग्रहको भएकाले र लक्ष्मीपतिको वंश ज्योतिषीको भएकोले यसलाई लक्ष्मीपतिका योग्यतम छोरा लीलानाथ पाँडे (वि.सं. १८४३[३]-१८८९[४])को नाउँमा दर्ता गरिएको छ ।

---

१. दिनेशराज पन्त २०२२:६६-६७ ।

२. उही २०२३:४५-४८ ।

३. उही २०२४:१५६-१५८ ।

४. उही २०२४क:४१४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६ वर्षको उमेरमा नयराज पन्तले लेखेका ६ कविता*

९६।५।७

१. सत्ताइसौं वर्षप्रवेशको जन्मोत्सवमा

घटचो यता जीवनको त्रिपादमा यो एक संवत् पनि लौ विमोहमा
यो जन्मको उत्सव के यही भयो ? अवश्य नै अन्न भने अली घटचो ॥ १ ॥

कता पुग्यो त्यो मनभित्र जो थियो न ता कुनै काम भएर टुङ्गियो
उमङ्ग बढ्दो[1] छ विचार चञ्चल न ता कुनै बन्दछ कार्य सत्फल ॥ २ ॥

यो भोलि पक्का भनि भोलि भोलिमा बिते हजारन् दिन हाय ! सित्तिमा ।
हुँदैन केही पनि लाभ तैपनि कसो गरी उत्सव यो भनूँ हरे[2] ॥ ३ ॥

न ता कुनै स्वच्छ विचार नै खुल्यो न ता कुनै तार्किक बुद्धि नै चढचो ।
न सत्य बोल्नाकन हुन्छ[3] साहस गरीवमै उठ्छ[4] न ता दयारस[5] ॥ ४ ॥

उमेरका साथ अमर्ष नै बढचो बल्यो तथा दन्दन अग्नि डाहको ।
मनुष्यको जन्म विशेष उत्सव मिल्यो यसैले यतिकै छ गौरव ? ॥ ५ ॥

रबाफ फोस्रो छल-वाक्य-योजन गरी गरी सज्जन-दीन-तर्जन
गराउने सुन्दर सभ्य जीवन बढचो यही हो कि त शान्ति-साधन ? ॥ ६ ॥

९६।५।७

२. वृद्ध कामुक प्रति

गयो कता यौवनको विलास त्यो कता कता तागत हाय ! गै सक्यो
तथापि के काम-जघन्य-वासना उडेन तिम्रो निज शक्ति साथमा ॥ १ ॥

स्त्री-धर्मको शास्त्र-विचारमा भने बन्थ्यौ तिमी तत्त्व सबै बताउने
वृद्धत्वमा बाल-विवाह-वर्णन बताउँछौ के निज-कार्यले भन ? ॥ २ ॥

बराबरी दोष छ शास्त्रमा उता भयो भने दम्पति-प्रेम-भिन्नता ।
परन्तु शास्त्रार्थ-विवेक-भाजन ? तिम्रो सखे ! यो कुन चाल हो भन ? ॥ ३ ॥

छोरी बुहारी विधवा भईकन रोएर फाल्छन् निज-शेष-जीवन
तिमी भने लाठि लिएर साठिमा भयौ तयारी अझ के विवाहमा ? ॥ ४ ॥

अबोध सानी बिचरी ठिटीकन वृद्धत्वको भार त्यसै लदाउन
मनुष्य सक्ला कसरी तिमी पनि मनुष्य नै ह्वौ कि सखे ! भनूँ कति ॥ ५ ॥

---

* यी सबै कविता रचयिताकै हस्ताक्षरमा छन् ।

१. मूलमा **बढ्दो** छ ।

२. **भनि**को ठाउँमा **हरे** बनाएको ।

३. **उठ्छ**को ठाउँमा **हुन्छ** बनाएको ।

४. **हुन्छ**को ठाउँमा **उठ्छ** बनाएको ।

५. **लव**को ठाउँमा **रस** बनाएको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो शास्त्रको संमत कार्य होइन मनुष्यताको पनि काम होइन ।
उहाँ यहाँ वा यसले तिमीकन मिल्ला सखे ! लौ सुखशान्ति पो कुन ? ॥ ६ ॥

१६५११

३. नेपालको इतिहास

किरातका साथ विशिष्ट[६] रूपको सम्पर्क संमेलन शैव बौद्धको ।
आर्यत्वको बोधन,[७] सौम्य जीवन, नयाँ नयाँ वास्तु-कला-विवेचन ॥ १ ॥

प्रसिद्ध त्यो लिच्छवि-राज्य कासँग[८] साहित्यको उन्नति औ विवेचन[९] ।
व्यापारको वृद्धि विशेष, धार्मिक सहिष्णुता, बुद्धि विवेक तार्किक ॥ २ ॥

साहित्यको संक्षय, नव्य[१०] राज्यको संस्थापना, उन्नति वज्रयानको ।
विशिष्टता[११] नूतनमल्ल-राज्यको त्यो राज्यको ऱ्हास, र वृद्धि दोषको[१२] ॥ ३ ॥

संस्थापना वाइस चौविसादिको, आपस्तको द्वेष विशेष ढङ्गको[१३] ।
पृथ्वीन्द्रको कार्य विचार शीलता औ राज्यको वास्तव सत्य एकता ॥ ४ ॥

आदर्श वीरत्व र शान्तिसँगम जातीयता कीर्ति कलाप्रसारण[१४]
यिनै कुरामा छ विशेष गौरव नेपालको हो इतिहास यै सब ॥ ५ ॥

१६५१३

४. अर्थस्य पुरुषो दासः

अर्थचक्र

अवश्य नै आर्थिक-चक्रमा परी घुमीरहन्छन् दुनियाँ सँदै भरि ।
रोकेर रोकिन्न सदैव फन्फन यो चक्र घुम्दोछ न मिल्छ[१५] उम्कन ॥ १ ॥

जस्तो सुकै निर्मल होस् पवित्र होस् निःस्वार्थ होस् दैविक शक्तिकै रहोस् ।
परन्तु यो रोक्न कसै गरे पनि समर्थ कोही भवमा हुँदैन नि ॥ २ ॥

परन्तु माने यसको 'जसोतसो गरेर टक्का बटुलेर धेर त्यो ।
थुप्र्याउँदैमा सुख-शान्ति-साधन मिल्नेछ' भन्ने त कदापि होइन ॥ ३ ॥

'जे जे गरी शान्ति यथार्थ मिल्दछ विचारकै साथ विवेक बढ्दछ ।
ती ती सबै काम समेत अर्थको अधीन हुन्छन्' भनि भन्नु मात्र हो ॥ ४ ॥

---

६. विशेषको ठाउँमा **विशिष्ट** बनाएको ।
७. जागृतिको ठाउँमा **बोधन** बनाएको ।
८. सायमाको ठाउँमा **कासँग** बनाएको ।
९. सत्य रूपमाको ठाउँमा **औ विवेचन** बनाएको ।
१०. वैंशको ठाउँमा **नव्य** बनाएको ।
११. विशेषताको ठाउँमा **विशिष्टता** बनाएको ।
१२. रोषकोको ठाउँमा **दोषको** बनाएको ।
१३. अघोर रूपकोको ठाउँमा **विशेष ढङ्गको** बनाएको ।
१४. **खोज्यो भने तत्व विशेष वास्तव बुझ्यो भने चित्त दिएर त्यो सब**को ठाउँमा माथिका २ पाउ लेखेको ।
१५. मूलमा **नमिल्छ** जोडेर लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१६५५१७

५. आर्य जातिप्रति

विद्या गयो ज्ञान-विवेक त्यो गयो निर्भीक उत्साह त्यसै हरे ! गयो
आदर्श तेरो छ कता बता बता केही हरे ! छैन किता कतै पता ॥ १ ॥

आकाशको दिव्य-विवेक गर्दथिस् तैंले सबै के अब आज बिर्सिदिस् ? ।
त्यो ज्ञानले नै अरुले[१६] यता उता बजाउँदा छन् शिरमा छ के पता ॥ २ ॥

शरीरको तत्त्व सबै तँ बुझ्दथिस् पीयूष आफ्नै करले तँ बाड्दथिस् ।
उही तँ होस् जो अब हाय[१७] दुर्वल भएर पर्छस् अरुको त्यसै भर ॥ ३ ॥

सुनाउँथिस् दिव्य-विवेक-पद्धति सुन्थे सबै चाख लिएर बात ती ।
उही तँ होस् हा जसको विचारले भेट्तैन केही अब तत्त्व-रूपले ॥ ४ ॥

अगाडि बढ्ने सब चाल गर्दथिस् असक्त योगी त सदैं छँदैन थिस् ।
आलस्य तेरो अब हाय यो गति उठाउँदामा पनि हुन्न उन्नति[१८] ॥ ५ ॥

के भन्दछस् यो मृत-शान्ति शान्ति हो आलस्यको खालि विशेष रूप हो ।
बता बता लाज नमान् न लौ बता के शान्तिमा हुन्छ विवेक-शून्यता ? ॥ ६ ॥

जाडो छ भन्दै डरमा परीकन ओड़ेर थाङ्नो नबिता न जीवन ।
छोड़ेर चिन्ता बकबाद गन्थन उठिस् भने मात्र रहन्छ जीवन ॥ ७ ॥

१६५५१८

६. कहाँ गयो त्यो गुरुको निकेतन ?

टाढ़ा निकै जङ्गलको समीपका[१९] प्रसन्न गम्भीर नदी किनारका[२०]
सानातिना[२१] पर्णकुटीर ती सब कहाँ गए, शेष त छैन के अब ? ॥ १ ॥

आफ्नो सबै काल परत्वमा दिने व़रैव़रैदेखि कुरा बताउँने
हविःपुरोडाश-पवित्र जीवन कहाँ गए पर्ण-कुटीरका धन ॥ २ ॥

संसारका जे जति गूढ प्रश्न छन् बोकी तिनै जो दिनरात हिड्दछन्
ती तत्त्व[२२]-मूर्तिहरुका महा-धन कहाँ गए पर्ण-कुटीर ती भन ? ॥ ३ ॥

नीवार, भिक्षामुठि, उञ्छ वृत्तिले धाँनेर आफ्नो जिउ शान्त चित्तले
संसार को स्तम्भ गर्‍हौं उठाउँने निर्भीक ती छात्रहरू कहाँ गए ? ॥ ४ ॥

---

१६. अहिलेको ठाउँमा अरुले बनाएको ।
१७. प्रतिवर्षको ठाउँमा अब हाय बनाएको ।
१८. जागृतिको ठाउँमा उन्नति बनाएको ।
१९. समीपमाको ठाउँमा समीपका बनाएको ।
२०. किनारमाको ठाउँमा किनारका बनाएको ।
२१. कहाँ गएको ठाउँमा सानातिना बनाएको ।
२२. मूलमा तत्व छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल

८ खण्ड

[वि.सं. २००७ कार्तिक २२ गते श्री ५ ज्ञानेन्द्रको सिंहासनारोहण भएदेखि वि.सं. २००८ को अन्त्यसम्मका घटनालाई लिएर नयराज पन्त (वि.सं. १९७०-२०५९)ले प्राञ्जल संस्कृतमा कहीं गद्यमा कहीं पद्यमा लेखेको डायरीको केही अंश[1] छापिइसकेको छ र त्यसमध्ये धेरैको, मैले गरेको नेपाली उल्था[2] पनि प्रकाशमा आइसकेको छ र नआएकोको पनि प्रकाशमा ल्याउने काम भइरहेको छ। अप्रकाशित १ अंश नेपाली उल्थासहित यसै सिलसिलामा अहिले तल दिइन्छ।

– महेशराज पन्त]

---

१. वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६१ पूर्णाङ्कका ३२-४१ पृष्ठमा छापिएको *वि.सं. २००७-८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा।*
वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६३ पूर्णाङ्कका २८-३१ पृष्ठमा छापिएको *वि.सं. २००७-८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा।*
वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६४ पूर्णाङ्कका ३४-३७ पृष्ठमा छापिएको *वि.सं. २००७-८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा।*
वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०५ पूर्णाङ्कका ३७-६३ पृष्ठमा छापिएको *प्रजातन्त्रारम्भस्येतिहासः – २००७-८ वैक्रमाब्दयोः मया दृष्टश्रुता मम मनसि प्रतिभाताश्च विषयाः* (प्रजातन्त्रको उठानको इतिहास– वि.सं. २००७-८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा)।
वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२३ पूर्णाङ्कका ६९-७० पृष्ठमा छापिएको *नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल ६ खण्ड।*
वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२४ पूर्णाङ्कका ३२-३४ पृष्ठमा छापिएको *नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल ७ खण्ड।*

२. *पूर्णिमा* ६१ पूर्णाङ्कका ४१-४४ पृष्ठ।
पूर्णिमा ६३ पूर्णाङ्कका ३२-३४ पृष्ठ।
पूर्णिमा ६४ पूर्णाङ्कका ३७-३९ पृष्ठ।
वि.सं. २०६२ मा काठमाडौँबाट ज्ञानगुन साहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *नेपालका बौद्धिक विभूति नयराज पन्त*का १२९-१४१ पृष्ठ। त्यहाँ यसको शीर्षक *नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल* छ।
वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* १२१ पूर्णाङ्कका १-१४ पृष्ठ। त्यहाँ यसको शीर्षक *नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल ४ खण्ड* छ।
वि.सं. २०६३ मा काठमाडौँबाट ज्ञानगुन साहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *असाधारण विद्वान् : नयराज पन्त*का ४१-५७ पृष्ठ। त्यहाँ यसको शीर्षक *नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल ५ खण्ड* छ।
पूर्णिमा १२३ पूर्णाङ्कको ७० पृष्ठ।
पूर्णिमा १२४ पूर्णाङ्कका ३३ र ३५ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तारतम्यम्

आसन्नपञ्चाशान् भागानुपेतं प्राचीनं नेपालराज्यमेकधा कुर्वाणः पृथ्वीनारायणः कृषियोग्यायां भूमौ वर्तमानं गृहादिकमप्यन्यत्रापसार्य वीजं वपनीयमित्युवाच। आस्मात्कालिकाः शासकास्तु सर्वेष्वप्यृतुषु सस्यशालीनि विशालानि क्षेत्राणि दीनाभ्यः प्रजाभ्योऽल्पतमेन मूल्येन प्रसह्येवापहृत्य तत्र स्वसुखविहृतये यूरोपजानां विलासानां पूरकाणि महान्ति हर्म्याणि कन्दुकक्रीडाक्षमाणि विशालानि चत्वराणि च निर्मितवन्तः।

नेपाल इदम्प्रथमतया विशालस्य स्वस्य हर्म्यस्य रचयिता क्रीडत्यपि भूपे स्वयं राज्यभारं निर्वोढा मन्त्रीन्द्रो भीमसेनो बभूव। स हि बागदरबार इति ख्यातिमुपेतं स्वं हर्म्यं जनरलोद्यानमिति विशालमुपवनं च कारयामास। स हि स्वहस्तमाप्ते राज्याधिकारे स्वबन्धूंस्थापादीन् विहाय नान्यान्पुरुषान् महत्सु पदेषु नियोक्तुमनुमेने। तस्यैतादृश्या नीतेः परिणाम आङ्ग्लैः सह समुत्पन्ने रणे नेपालस्य पराजये केनचनांशेन हेतुतां जगामेति मे तर्कः। आस्तां चैतद्विषयान्तरम्।

भीमसेनहस्ताच्च्युतो राज्याधिकारो नव वर्षाणि कतिपयानुच्चावचान् महाराजाधिराज-महाराज्ञी-युवराज-पाडे-रङ्गनाथ-थापा-चौतरिया-गगनसिंहादीनाश्रित्याऽन्ते भीमसेनस्य भ्रातृव्यायाः पुत्रं जङ्गबहादुरं शिश्रिये। जङ्गबहादुरो भीमसेनोत्थापितस्य राज्यशासनमन्दिरस्योपरि कलशमारोपयन्निव महाराजाधिराजस्य निःशस्त्रीकरणं, स्ववंशपरम्परायामेव राज्यशक्तेर्निर्धारणं महाराज इति पदग्रहणमित्यादिभिः कतिपयैर्नियमैर्भीमसेनरीतिं शोधयन् सुखं वस्तुमियेष। परं चात्र नैतद् विस्मर्तव्यं भवति यद् भीमसेनः स्वप्रभौ गौरवं दधदाङ्ग्ले द्वेषं बिभर्ति स्म, जङ्गबहादुरस्तु स्वप्रभुमप्यवमन्यमान इवाङ्ग्ले मैत्रीपरपर्यायां भक्तिं करोति स्म।

जङ्गबहादुरानुजो रणोद्दीपसिंहोऽपि जङ्गकृतयैव पद्धत्या संचेरे।

भीमसेनादिका रणोद्दीपान्ता नेपालशासकाः स्वमुपार्जितं धनं स्वदेश एव स्थापयामासुः। बहिर्धनस्यावस्रावणं सर्वथा ते निषिषिधुः। एतावता तेषां जीवनं जन्मभूम्यैव सह निबद्धं बभूवेति वक्तुं शक्यते।

स्वप्रयुक्तया गुटिकया पितृव्यं पातयन्तः पितृव्यपुत्रांश्च यमातिथितां नेतारो धीरशमशेरपुत्रा वीरशमशेरादयो यथाशक्ति राजकीयात्कोषाद्धनमपहृत्य बाह्येषु केषुचन श्रेण्यादिकोषेषु स्थापनं प्रथमो राजधर्म इति मेनिरे। भीमसेनादिभिः समुपार्जितो द्रव्यराशिस्तदीयाद् हस्ताच्च्युतेऽधिकारे राजकीयकोषं जगाम। अस्माकं पितृव्यैर्जङ्गबहादुरादिभिः सञ्चितोऽप्यर्थराशिस्तेषां पुत्रान् पौत्रांश्च विद्राव्याऽस्माभिरात्मसादकारि, एवं सति राज्याधिकारे च्युतेऽप्यस्माकं पुत्राः पौत्राश्च विदेशस्थापितेनार्थेन सुखं यथा जीवेयुस्तथैवाऽस्माभिर्विधेयमिति तेषां तर्को बभूव।

वीरशमशेरादयश्च स्वपुत्रादीनां कृते सस्यशालीनि क्षेत्राणि विनाश्य महान्ति हर्म्याणि रचयामासुः। धीरपुत्रेषु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चाधिकतमैर्वर्षै राज्यं कुर्वन् धनसञ्चयकलाचतुर आङ्ग्लपदानुचरश्चन्द्रशमशेरोऽभवत्। स हि स्वेषां नवानां पुत्राणां कृते नवैव नवानि हर्म्याण्यकारयत्, स्वं धनजातं च बहिरवस्रावयामास।

भीमोऽपि चन्द्रवदभवत्। परं वृद्धत्वेऽधिगतराज्यः स जरसा तथाविधं कर्तुं नापारयत्। जुद्धोऽपि चन्द्रप्रयुक्तयैव नीत्या केनचनांशेन चलन्नपि जरसा बहुप्रजतया कृपामृदुतया विलासितया च तथाविधं कर्तुं नाशक्नोत्।

पद्मः कृपणतया विलासं त्यक्त्वा सर्वमपि धनं बहिरवास्रावयत्।

मोहनो भारतनीत्या विधुरो भीमसेनपरम्परामेव व्यनाशयत्।

इदानीमीर्ष्यादग्धा विलासेन राणानप्यतिशेतुकामा बहिर्धनस्यावस्रावणेनैव न किन्तु बाह्यया नीत्या सर्वस्यापि राज्यस्य विनाशनेऽप्यधृतलज्जा नेतृब्रुवा इतस्ततश्चरन्ति।

प्रत्यक्षं राजकोषाद् धनं हर्तुं चापारयन्तस्ते विविधैर्वाणिज्यादिसाधनैः प्रजा दरिद्रा एव विदधति।

इमे च नेतृब्रुवास्तेषां सहायका बाह्या जनाश्च दण्डोपनतानां राणानां हर्म्याणि सुखेनैवाधिवसन्ति। एतच्च चरितं परित एव दृश्यते।

केचन राणावंश्या अपि स्वानि हर्म्याणि गोष्ठीगृहाणि कुर्वन्तः किञ्चिद् धनं कामयमाना दृश्यन्ते।

जुद्धस्य पौत्रो युवराजशमशेरः स्वपितामहेनाध्युषितचरं स्वं हर्म्यं कस्मैचन गोष्ठीसंयोजकाय बाह्याय पुरुषाय लक्षेण रूप्यकाणां परिक्रीणीते।

एवं दीनाभ्यः प्रजाभ्यः परिहृतं क्षेत्रजातं दत्तबाह्याश्रयाणां पुरुषाणां सुखं विदधद् राणानामुपहासं दीनानां प्रजानां क्षुधं च वर्धयद् दुर्नीतिः परिणाममस्मान् दर्शयति।

स्वदेशजातान् विषयान् कृपार्द्रया दृशानुगृह्णन् निजशक्तिभावितः।
पृथ्व्यादिनारायणनामको नृपो नेपालदेशं विदधे बलान्वितम्॥

निपीडयन्तः स्वप्रजाः पराश्रयात् शक्त्या विहीना निजसौख्यलालसाः।
मन्त्रिब्रुवा नायकमानिनस्तथा नेपालदेशं विवशं हि कुर्वते॥

२००८।८।२९।५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तारतम्य

झण्डै ५० भागमा रहेको पुरानो नेपालराज्यलाई एउटा बनाउने पृथ्वीनारायणले खेती हुने जग्गामा भएका घर आदि पनि अन्त सारेर बीउ रोप्नुपर्छ[1] भनी भने । हाम्रो समयका शासकहरूले त सबै ऋतुमा अन्न फल्ने ठूलठूला खेत दुःखी प्रजाहरूलाई थोरैसेथोरै मोल दिई बलजफ्ती जस्तै गरी हरेर त्यहाँ आफ्नो सुखविहारको लागि यूरोपियनहरूको विलास पूरा गर्ने, ठूलठूला महल र भकुण्डो खेल्न हुने ठूलठूला चोक बनाए ।

राजा खेलिरहँदा आफूले राज्यको भार बोक्ने मुख्तियार भीमसेन नेपालमा सबैभन्दा पहिले निजी ठूलो महल बनाउने भए । तिनले नै बागदरबार भनी प्रख्यात भएको आफ्नो महल र जनरलको बगैंचा भन्ने ठूलो बगैंचा बनाउन लाए । तिनले नै आफ्नो हातमा राज्यको अधिकार हुँदा आफन्त थापाहरूलाई छोडेर अरू कसैलाई पनि ठूलठूला पदमा नियुक्त गरेनन् । तिनको यस्तो नीतिको नतीजा अङ्ग्रेजसँग भएको लडाईंमा नेपालको हार हुनाको कारणको कुनै अंश हो भन्ने मेरो तर्क छ । भैगो यो विषयान्तर भयो ।

भीमसेनको हातबाट झरेको राज्याधिकार ९ वर्ष महाराजाधिराज, बडामहारानी, युवराजाधिराज, पाँडेहरू, रङ्गनाथ, थापाहरू, चौतरियाहरू र गगनसिंह आदि थरीथरीका केही मानिसहरूमा गएर भीमसेनका भतिजीका छोरा जङ्गबहादुरको हातमा गयो । भीमसेनले खडा गरेको राज्यशासनरूपी मन्दिरमाथि गजूर हाले जस्तै गरी महाराजाधिराजलाई निःशस्त्र पार्नु, आफ्नो वंशमा नै राज्यशक्ति राख्नु, महाराजको पद लिनु इत्यादि केही नियमद्वारा भीमसेनको रीतिमा संशोधन गर्दै आनन्दपूर्वक बस्न जङ्गबहादुरले खोजे । तर यहाँ यो बिर्सनु हुँदैन कि भीमसेन आफ्ना मालिक[2]मा गौरव राख्दै अङ्ग्रेजको द्वेष गर्थे, जङ्गबहादुर त आफ्ना मालिकलाई पनि हेपे जस्तै गरी अङ्ग्रेजको भने मितेरी भन्ने अर्को पर्याय भएको भक्ति गर्थे ।

जङ्गबहादुरका भाइ रणोद्दीपसिंह पनि जङ्गले बनाएकै बाटोबाट हिंडे ।

भीमसेनदेखि रणोद्दीपसम्मका नेपाली शासकहरूले आफूले कमाएको धन आफ्नै देशमा राखे । बाहिर धन ओसार्ने काम तिनीहरूले सर्वथा रोके । यताबाट तिनीहरूको जिन्दगी जन्मभूमिसँगै बाँधिएको थियो भनी भन्न सकिन्छ ।

आफूले हानेको गोलीले काकालाई ढाल्ने, जेठाबाबुहरूका छोराहरूलाई यमराजको पाहुना बनाइदिने, धीरशमशेरका छोरा वीरशमशेरहरूले सरकारी ढुकुटीबाट सके जति धन हरेर बाहिरका कुनै कुनै कम्पनी आदिका ब्याङ्कमा राख्नु पहिलो राजधर्म भनी ठाने । भीमसेन आदिले कमाएको धनको रास तिनीहरूको हातबाट अधिकार जाँदा राजकीय ढुकुटीमा गयो, हाम्रा जेठाबाबु जङ्गबहादुर आदिले जम्मा गरेको धनको रास पनि तिनीहरूका छोरानातिहरूलाई हराएर हामीले आफ्नो बनायौं, यसो हुँदा

---

१. बीउ रोप्नुपर्छ = खेती गर्नुपर्छ ।
२. आफ्ना मालिक = महाराजाधिराज ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राज्याधिकार जाँदा पनि हाम्रा छोरानातिहरू विदेशमा राखेको धनले सुखपूर्वक जसरी बाँच्न सक्छन्, त्यस्तै नै हामीले गर्नुपर्छ भन्ने तिनीहरूको तर्क थियो ।

वीरशमशेरहरूले आफ्ना छोराहरूको लागि अन्न फल्ने खेत नासेर ठूलठूला महल बनाए । धीरका छोराहरूमा सबभन्दा धेरै वर्ष राज्य गर्ने, धन जम्मा गर्ने कलामा चतुर, अङ्ग्रेजका पछौटे चन्द्रशमशेर भए । तिनले आफ्ना ९ जनै छोराहरूको लागि नवैवटा नयाँ महल बनाइदिए । आफ्नो धनको रास पनि बाहिर ओसारे ।

भीम पनि चन्द्र जस्तै थिए । तर बुढेसकालमा राज्य पाएका तिनले बुढचाइँले गर्दा त्यस्तै गर्न सकेनन् । जुद्ध पनि चन्द्रले प्रयोग गरेको नीतिद्वारा नै केही अंश हिंडे पनि बुढेसकालले, धेरै सन्तान भएकोले, दया गर्ने र कमलो मन भएकोले र विलासी भएकाले त्यस्तो गर्न सकेनन् ।

पद्म किरन्टोकी भएकाले विलास छोडेर तिनले जम्मै धन बाहिर ओसारे ।

भारतको नीतिले कहर काटेका मोहनले भीमसेनको परम्परै नष्ट पारे ।

ईर्ष्याले डढेका, विलासले राणाहरूलाई पनि माथ गर्न खोज्ने, बाहिर धन ओसारेर मात्र होइन, बाहिरिया नीतिद्वारा पूरै राज्यको नाश गर्न पनि लाज नमान्ने, आफूलाई नेता भन्नेहरू अहिले यताउति हिंड्दैछन् ।

राजकोषबाट धन प्रत्यक्ष लिन नसक्ने तिनीहरू नाना थरीका व्यापार आदि साधनद्वारा प्रजालाई गरीब बनाइरहेछन् ।

आफूलाई नेता भन्ने यिनीहरू र तिनीहरूका सहायक बाहिरिया मानिसहरू दण्डोपनत राणाका महलमा आनन्दसँग बसिरहेछन् । यो चरित्र चारैतिर देखिन्छ ।

केही राणाहरू पनि आफ्ना महललाई रमझम गर्ने ठाउँ बनाउँदै केही धन कमाउन खोजेका देखिन्छन् ।

कुनै रमझम गर्ने ठाउँ खोल्ने, कुनै बाहिरिया मानिसलाई जुद्धका नाति युवराजशमशेरले आफ्ना बाजे बसेको आफ्नो महल लाख रुपैयाँमा भाडामा दिएका छन् ।

दुःखी प्रजाहरूसँग हरेका खेतले बाहिरिया मानिसहरूलाई सुख दिँदै राणाहरूको उपहास र दुःखी प्रजाहरूको भोक बढाउँदै खराब नीतिको नतीजा यसरी हामीलाई देखाउँछ ।

> आफ्नो देशका कुरालाई दयाले भिजेको आँखाले अनुग्रह गर्ने, आफ्नो शक्ति देखाएका राजा पृथ्वीनारायणले नेपाल देशलाई बलियो बनाए ।
>
> पराईको आश्रयले आफ्ना प्रजालाई पिर्ने, शक्तिहीन, आफ्नो सुखको लालसा गर्ने, आफूलाई मन्त्री भन्ने र नेता ठान्नेहरूले नेपाल देशलाई विवश पारिरहेका छन् ।

२००८।८।२१।५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्तका ५ लेख

[यी लेखमध्ये पहिलो नयराज पन्तको आफ्नै हस्ताक्षरमा खेस्रारूपमा छ । दोस्रो धनवज्र वज्राचार्यको हस्ताक्षरमा छ । तेस्रोको खेस्रा जजसको हस्ताक्षरमा छ त्यो कुरा त्यही लेखमा खुलाइएको छ, साफीचाहिँ शङ्करमान राजवंशीको हस्ताक्षरमा छ, कहीं कहीं नयराज पन्तको हस्ताक्षरमा संशोधन छ । चौथोको खेस्रा नयराज पन्तको आफ्नै हस्ताक्षरमा र साफीचाहिँ जसको हस्ताक्षरमा छ, त्यो कुरा त्यही लेखमा खुलाइएको छ । पाँचौं दिनेशराज पन्तको हस्ताक्षरमा छ । यिनमध्ये पहिलो र दोस्रो लेखको भाषा संस्कृत छ । संस्कृतमा लेखिएका ती २ लेख महेशराज पन्तले गरेको उल्थासहित यहाँ प्रकाश गरिएका छन् ।

पहिलो लेखको विषयवस्तु र प्रकृति *नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल* भनी हामीले छाप्दै गइरहेको लेखको भन्दा फरक छैन । त्यसो भए तापनि *वि.सं. २००७-०८ को नेपाल*को ज्ञानमणि नेपालले साफी गरेको प्रतिमा यो लेख नपरेकोले यसलाई त्यसभन्दा अलग्गै पारेको हो कि जस्तो लाग्छ । जवाहरलाल नेहरूको र पृथ्वीनारायण शाहको उक्तिको उद्धरण गरी यस विषयमा बढी लेख्ने कुरा यस लेखको अन्त्यमा भए पनि तिनको उद्धरण यहाँ नभएकोले यो लेख अपूरो देखिन्छ ।

नेपाली भन्ने अर्थमा **नेपालीय**को र **नेपालखाल्डो**को अर्थमा **नेपालोपत्यका**को प्रयोग दोस्रो लेखमा भएको छ । **नेपालीय** रूप व्याकरणबाट सिद्ध नहुने भएकोले र प्राचीन वाङ्मयमा पनि त्यसको प्रयोग नभएकोले व्याकरणबाट सिद्ध हुने **नैपालक** तथा **उपत्यका**ले ईप्सित अर्थ नबुझाउने भएकोले त्यसको सट्टा प्राचीन वाङ्मयमा प्रयोग पनि भेट्टाइने **द्रोणि/द्रोणी**ले **दून** अर्थात् **खाल्डो**को अर्थ प्राचीनकालदेखि बुझाएको देखिएकोले यहाँ प्रयोग भएका **नेपालीय** र **उपत्यका**को सट्टा नयराज पन्तका पछिल्ला लेखमा **नैपालक**[1]को तथा **द्रोणि/द्रोणी**[2]को प्रयोग हुने गरेको यस प्रसङ्गमा स्मरणीय छ । सगरमाथा चढ्ने, संस्कृतेतर भाषामा नाउँ भएका **तेन्‌जिङ**लाई **तेनसिंह** लेखी त्यस नाउँको यहाँ संस्कृतरूप बनाउन खोजेको देखिन्छ ।

१. उदाहरणको लागि
वि.सं. २०१७ मा काठमाडौंबाट संस्कृत-छात्रसंघ-नेपालद्वारा प्रकाशित *जयतु संस्कृतम्* (संस्कृतको जय होस्) १ वर्ष ६ अङ्कका ५-१४ पृष्ठमा छापिएको, नयराज पन्तको *वैक्रम्या एकोनविंश्याः शताब्द्या नैपालकास्त्रयो ग्रन्थकाराः* (विक्रमको उन्नाइसौं शताब्दीका ३ नेपाली ग्रन्थकार) ।
वि.सं. २०३२ मा प्रकाशित *पूर्णिमा* ३३ पूर्णाङ्कका ४९-६२ पृष्ठमा छापिएको, नयराज पन्तको *श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको राज्याभिषेक* (५७-५८ पृष्ठ) ।

२. वि.सं. २०१० मा काठमाडौंबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष १ अङ्कका २३-२९ पृष्ठमा छापिएको, नयराज पन्तको *राज्ञः श्रीपृथ्वीनारायणस्य स्वान् सभ्यान् प्रत्युपदेशः* (राजा श्रीपृथ्वीनारायणको आफ्ना भारादारहरूलाई उपदेश) (२, ८, ११ र १२ श्लोक)मा **नेपालोपत्यका** लेखिएकोमा पछि तिनै पद्यको संशोधन गरी छाप्दा **नेपालद्रोणि** (४ श्लोक = वि.सं. २०३७ मा प्रकाशित, *पूर्णिमा* ४७ पूर्णाङ्कका २६-४२ पृष्ठमा छापिएको, नयराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेशको व्याख्यात्मक संस्कृतपद्यानुवाद* (२० पृष्ठ) = वि.सं. २०४० मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या*मा ३ पृष्ठ, ९ श्लोक = ३० पृष्ठ = ४ पृष्ठ, २० श्लोक = ३४ पृष्ठ = ८ पृष्ठ, २५ र २६ श्लोक = ३६ पृष्ठ = १० पृष्ठ, २९ श्लोक = ३६ पृष्ठ = ११ पृष्ठ) **नेपालद्रोणी** (३५ पृष्ठ = ९-१० पृष्ठ, ३७ पृष्ठ = १२ पृष्ठ, ३९ पृष्ठ = १४ पृष्ठ) लेखिएका छन्, यी उदाहरण हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाँचौं लेख योगी नरहरिनाथले नयाँ शिक्षाको विरोधमा राष्ट्रिय सभागृहमा आयोजना गरेको सभामा आवश्यक परे बोल्न भनी बुबा नयराज पन्तले लानुभएको, तर भट्ट अघि बढिहाल्ने उहाँको स्वभाव नभएर यो सुनाइएन भन्ने दिनेशराज पन्तको भनाइ छ । हामीले यसको भाव टिपेर यस लेखको शीर्षक बनाएका हौँ र त्यसैले त्यो कोष्ठभित्र राखिएको हो ।]

१. कालप्रतीक्षा

गिरिखखनेत्रमिते २००७ वैक्रमाब्दे राणाकुलस्य विनिपातं दृष्ट्वा बहूनां मनसि बहुविधा विकल्पाः समुत्पद्यन्ते । तत्र मुख्यो विकल्पो ये जनाः पुरा राणानामुपस्तम्भायमानास्तदनुगा आसंस्त एव जना इदानीं तेषां विनिपाते कांग्रेसस्य मूलबन्धायन्ते इति ।

अत्र निदर्शनं श्रीबालकृष्णशमशेरः (राजकीयप्रचारविभागाध्यक्षः) वल्लभशमशेरः (न्यायाधीशः) नरशमशेरः (नागरिकाध्यक्षः) सरदारमानबहादुरः (पुरा बबरशमशेरस्योपस्थापकोऽधुना विश्वेश्वरस्य विश्वसनीयो वीरगञ्जराज्यपालः) कुलनाथलोहनी (पुरा राणानां विश्वसनीयो नवविधानं निर्माताऽधुना विश्वेश्वरस्यो-पस्थापकः) केशवदुवाडी (एकश्चित्रकरः = पुरा राणान् प्रतिदिनं मार्गे प्रतीक्ष्य वन्दिताधुना तेषां विनिपातं लेखिता) । पूर्वं ये जनाः कांग्रेसीयानां दमने राणानां साधनायन्ते स्मेदानीं त एव जनाः कांग्रेसप्रतिपक्षाणां राष्ट्रियकांग्रेसादीनां नाशाय कृतोद्योगाः सन्तः कृतजनराज्यकोलाहला विलोक्यन्ते ।

श्रीमतो महाराजाधिराजस्य त्रिभुवनवीरविक्रमस्य राज्यच्यावनपत्रे ये जनाः स्वकृतचिह्ना आसन्निदानीं त एव राजभक्तेर्गीतं गायन्तः श्रूयन्ते ।

एतद् दृष्ट्वा लौकिकानां मनः शङ्कया घृणयाऽश्चर्येण वा समाक्रान्तं भवेत् । परमधीतराजनीतेः पुरुषस्य परीक्षकस्य नैतेऽपरिचिता विषया इति वर्तमानस्य भारतप्रधानमन्त्रिणो जवाहरलालनेहरोः काञ्चिदुक्तिमुद्धृत्या-स्य रोगस्य निदानमौषधं च नेपालराज्यसंयोजकस्य श्रीपृथ्वीनारायणशाहस्योक्त्या प्रतिपादयामः ।

कालप्रतीक्षा

वि.सं. २००७ मा राणावंशको पतन देखेर धेरै मानिसहरूको मनमा धेरै प्रकारका विकल्प उत्पन्न भएका छन् । त्यहाँ मुख्य विकल्प जुन मानिस राणाहरूका आड भई पिछलग्गू थिए, तिनै मानिसहरूले अहिले तिनीहरूको पतन हुँदा काङ्ग्रेसमा जरा गाडेका छन् ।

यहाँ उदाहरण श्रीबालकृष्णशमशेर (सरकारी प्रचारविभागका अध्यक्ष), वल्लभशमशेर (न्यायाधीश), नरशमशेर (पुलीसका हाकिम), सरदार मानबहादुर (पहिले बबरशमशेरका हजुरिया, अहिले विश्वेश्वरका विश्वासपात्र भई वीरगञ्जका बडाहाकिम), कुलनाथ लोहनी (पहिले राणाका विश्वासपात्र भई नयाँ विधान बनाउने, अहिले विश्वेश्वरका हजुरिया), केशव दुवाडी (चित्र बनाउने एक जना मानिस, पहिले राणाहरूलाई हरेक दिन बाटोमा ढुकेर दर्शन गर्ने, अहिले तिनीहरूको पतन लेख्ने) । पहिले जुन मानिसहरू कांग्रेसीहरूको दमनमा राणाहरूका साधन थिए, अहिले तिनै मानिसहरू कांग्रेसका प्रतिपक्ष राष्ट्रिय कांग्रेसहरूको नाशको उद्योग गर्दै जनराज्यको हल्लाखल्ला गरिरहेका देखिन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रमलाई राज्यच्युत गर्ने पत्रमा जुन मानिसहरूले हस्ताक्षर गरेका थिए, अहिले तिनै मानिसहरू राजभक्तिको गीत गाइरहेका सुनिन्छन्।

यो देखेर साधारण मानिसहरूको मन शङ्काले घृणाले वा आश्चर्यले आक्रान्त होला, तर राजनीति पढेको परीक्षक मानिसको लेखा यी विषय नौला होइनन् भन्ने कुरा वर्तमान भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूको कुनै भनाइको उद्धरण गरेर यस रोगको निदान र औषधि नेपालराज्य जोड्ने श्री ५ पृथ्वीनारायण शाहको भनाइद्वारा हामी प्रतिपादन गर्छौं।

२. सगरमाथाधिरोहणे साफल्यलाभः

नेपालोपत्यकायाः पूर्वतः स्थितस्य ओखलढुंगानाम्नः प्रदेशस्योत्तरसीम्नि भोटप्रदेशं नेपालप्रदेशं चाक्रम्य स्थितो विराजते हिमालयः सगरमाथानाम। एष हिमशैलः स्वकीयेनौन्नत्येनातिशेते सकलान् शैलान् संसारस्थान्। परमेतत्पर्वतस्य परिचयश्चिरं विदुषां दृष्टेरपि तिरोहिततामाशिश्रिये। इत आसन्नपञ्चाशवर्षपूर्वं ब्रिटीशशासनस्य भारतीयभूमितिसमित्या तुषारशैलस्यास्य सर्वेभ्यः शैलेभ्य उच्चतमत्वं पर्यचायि। समिते-रध्यक्षस्य च नाम्ना पर्वतस्येतस्य नाम एभरेष्ट इत्याङ्ग्लैरकारि। परं जर्मनविद्वांस एतस्मिन्नाम्नि स्वीयामस्वीकृतिं प्रकटयन्तो यथार्थनाम्नो गवेषणे प्रयेतिरे। तैश्च गौरीशङ्करपर्वत एष एवेति विभाव्य गौरीशङ्कर एवास्य नामास्थाप्यत। पश्चात् प्रत्यभिज्ञाते च गौरीशङ्करपर्वते तदपि भ्रमपूर्णं संजज्ञे। काले गते ऐ.शि. बाबुराम आचार्य एतस्य विषयस्यान्वेषणं विधाय लेखमेकं प्राकाशयत्। हिमालयस्यास्य नाम नेपालभागस्थितैर्जनैः सगरमाथा इति भोटभागस्थितैश्च भ्यामोलोङ्मा इति व्यवह्रियते इति तस्मिन् लेखे प्रतिपादितं वर्तते। ततश्च भारतीया इतिहासविज्ञा विद्वांसः कामयमाना एभरेष्टस्य नामान्तरं हिमालयस्यास्य सगरमाथा इत्येव यथार्थं नामेति तदेव प्रख्यापयामासुः।

हिमालयस्यास्यौन्नत्यं चतुःशताधिकैकोनविंशतिसहस्रहस्तपरिमितं वर्तते। संसारस्थसर्वशैलेभ्य उन्नततममेनं शैलमारोढुं जिज्ञासुभिः साहसिकैश्च यूरोपवासिभिर्जनैर्बहुशः प्रयत्नो व्यधायि। यस्मिन् कर्मणि बहुभिः स्वप्राणा अप्याहुतीकृताः। तथापि सगरमाथाशिखरे प्राप्तुं न शेकुस्ते। पूर्वेभ्योऽनुभवेभ्यो ज्ञानमर्जयन्तो संस्कारं च विदधन्तो प्रयेतिर एव तत्रारोहणे। गतवत्सरे स्विजर्लैण्डवासिनः पर्वतारोहकाः सगरमाथारोहणाया-गच्छन् नेपालम्। तैस्तेनसिंहशेरपा अपि पर्वताधिरोहणेऽभ्यस्त इति स्वैः सार्द्धमनायि। ते पर्वतारोहकाः सगरमाथाशिखरे प्राप्तुमसमर्था अपि अन्येभ्योऽधिकं प्राप्तसाफल्याः प्रत्यावृत्ताः। तदा महाराजाधिराजः प्रतिनिवृत्ताय तेनसिंहाय नेपालप्रतापवर्धक इति पदवीमददात्। अस्मिन् वत्सरेऽपि ब्रिटीशपर्वतारोहकाः सगरमाथाधिरोहणायात्रागच्छन्। तेनसिंहोऽपि तैर्ब्रिटीशपर्वतारोहकैर्जनैर्मार्गदर्शकरूपेण तत्रानीयत। तेषु बाढं कृतप्रयत्नौ तेनसिंहो न्युजिलैंण्डवास्तव्यो हिलारिश्च सगरमाथाशिखरं प्रापताम्। तत्र तौ ध्वजारोपणं चित्रग्रहणादिकं च विधाय प्रत्यागच्छताम्।

सगरमाथाधिरोहणे साफल्यलाभात्मिकी चैषा वार्ता सर्वत्र प्रसिद्धिमबिन्दत। दुर्गमतया स्थितस्यास्यारोहणेन सर्वत्र देशे हर्षः प्रकटीकृतः। संसारस्य प्रसिद्धाः पुरुषा अपि ब्रिटीशपर्वतारोहकसंघस्याध्यक्षस्य हण्टस्य तेनसिंहस्य हिलारेश्चाभिनन्दनं व्यदधुः। भारतीयाः पत्रसंपादकाश्च तेनसिंह एव प्रथमं सगरमाथाशिखरं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्राप्तः, स च तेनसिंहो नेपाले जातोऽपि भारत एव वासं विधत्ते इत्यादिकं प्रकामं प्राख्यापयन्। अस्माच्च रुष्टा नेपालीया जनता तेनसिंहो नेपालीय एव इति उच्चैरुद्घोषणां विधातुमारभत। कस्मिंश्चिदपि कार्ये विदेशेष्वलब्धख्यातयो नेपालीया जना संसारस्य प्रसिद्धपुरुषैरप्यभिनन्दितस्य तेनसिंहस्य स्वागताय कामं प्रवृत्ता अभूवन्। नेपाले प्रसिद्धैः पञ्चविंशतिभिः सदस्यैः संयुक्ता चैका स्वागतसमितिर्निरमीयत। स्वां स्वां सत्तां प्रदर्शयितुं लब्धावकाशा गतानुगतिकाश्च नेपालस्थाः सर्वा अपि संस्थास्तेनसिंहस्य स्वागताय सज्जाः समजायन्त। बनेपातो हनूमत्प्रासादपर्यन्तं स्थाने स्थाने द्वाराणि निरमीयन्त। ध्वजपताकाभिश्च नगरवीथीनां मण्डनं व्यधीयत।

उत्सवप्रियाश्च कौतुकाकुला जना एतदुत्सवदर्शनाय नगरे यत्र तत्र समवेता बभूवुः। चतुर्वादनसमये तेनसिंहादिभिरध्युषितो रथो राजधानीमायादित्यासीत् किंवदन्ती। परं निर्दिष्टसमयेऽपि तस्य नागमनात् मार्गमुभयतो जनाः कौतूहलेन प्रतीक्षापरा आसन्। मध्ये मध्ये धूमयानमध्युषिता जना आयात एव तेनसिंहः इत्यादिकघोषणया दर्शकान् पूर्वस्मादधिकसंजातकौतूहलानकुर्वन्।

ततः स्वसत्तां दिदर्शयिषुभिर्नेपालीयसंस्थाभिः पुरस्कृताः प्रत्युद्गताश्च चतुर्भिस्तुरङ्गमैः सनाथे रथे आसीनास्तेनसिंहादयो दृष्टिपथमायान्। राणाशासनकाले राणावंश्या एव यद्रथाधिरोहणस्याधिकारिण आसन्। पुरस्तात् तस्य रथस्य वाद्यवादकाः पदातयः सैनिकाश्चासन्। ततस्तुरङ्गमसादिन्यः श्वेतवस्त्रधारिण्यो ध्वजहस्ताश्चतस्रः स्त्रियो व्यलोक्यन्त। यत् पुरातनेभ्यः प्रदर्शनोत्सवादिभ्योऽस्योत्सवस्य वैशिष्ट्यमासीत्। यतः स्त्रीभिरश्वारोहणवर्णने समुपलब्धेऽपि नेपाले स्त्रीभिरश्वारोहणमिदं प्रथमं लोचनगोचरमायात्। परं तुरङ्गमपृष्ठे स्थितानामुभयतोऽश्वपालाभ्यां गृहीताश्वानां तासां वनितानां वदनवैवर्ण्यं तासामश्वारोहणेऽनभ्यस्ततां तथा केवलं बाह्यं विडम्बनमित्येव सूचयति। ततश्च तेनसिंहाद्यध्युषितो रथ आयात्। यस्मिन् तेनसिंहकुटुम्बं हिलारिर्हण्ट ऐ.शि. बाबुराम आचार्यः परोपकाराध्यक्षो दयावीरसिंहोऽन्ये चासीना आसन्। तदा नेपालीयमेव वेषं परिदधानः सर्वेभ्यो नमस्कारं विदधानस्तेनसिंहो हर्षाकुल एवादृश्यत। ततः सशस्त्रैः सैनिकैः सहितं धूमयानमागच्छत्। ततो विविधसंस्थानां छात्राणां बालकानां बालिकानां च महान् समूहस्तमनुगच्छन्नदृश्यत। ये च जयतु वीरस्तेनसिंहः, तेनसिंहो नेपालीय एवास्ति, सर्वप्रथमं तेनसिंहेनैव नेपालीयध्वजः सगरमाथाशिखरे निखातः इत्यादिकं उच्चैरुद्घोषयन्त आसन्।

सगरमाथा चढ्नमा साफल्यप्राप्ति

नेपालखाल्डोको पूर्वपट्टि रहेको ओखलढुङ्गा भन्ने जिल्लाको उत्तरी सिमानामा भोटको प्रदेश र नेपालको प्रदेश ओगटेर रहेको सगरमाथा भन्ने हिमालय छ। यस हिमालयले आफ्नो उचाइले संसारका सबै पहाडलाई जित्छ। तर यस पहाडको चिनारी धेरै कालसम्म विद्वान्हरूको दृष्टिबाट सुद्धा छोपिएर रह्यो। अहिलेभन्दा झण्डै ५० वर्षअगाडि ब्रिटिशसरकारको भारतीयभूमितिसमिति[३]ले सबै पहाडहरूभन्दा यो हिमालय सबैभन्दा अग्लो भनेर चिन्यो। समितिका अध्यक्षको नाउँमा यस पहाडको नाउँ एभरेष्ट भनी

३. यस संस्थाको खास नाउँ रइअल जिअग्रफ्इक्ल ससाइइटि हो (उदाहरणको लागि वि.सं. १९८८ मा पञ्जाबबाट जयचन्द्र विद्यालंकारद्वारा प्रकाशित, उनैको *भारतभूमि और उसके निवासी* (भारतभूमि र उसका निवासी)को १५५ पृष्ठ हेर्नू)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अङ्ग्रेजहरूले राखे । तर यस नाउँमा आफ्नो नामञ्जूरी जनाउँदै वास्तव नाउँको खोजीमा जर्मन विद्वान्हरूले कोशिश गरे । तिनीहरूले गौरीशङ्कर पहाड भनेको यही हो भन्ने ठानी यसको नाउँ गौरीशङ्कर भनी राखे । पछि गौरीशङ्कर पहाड चिनिँदा त्यो पनि भ्रमपूर्ण भयो । काल बित्दै जाँदा ऐ.शि. बाबुराम आचार्यले यस विषयमा खोजी गरी एउटा लेख प्रकाश गरे । यस हिमालयको नाउँ नेपालपट्टि रहेका मानिसहरूले सगरमाथा भनेर र भोटपट्टि रहेकाहरूले भ्यामोलोङ्मा भनेर व्यवहार गर्दछन् भनी त्यस लेखमा प्रतिपादन गरिएको छ । यो हिमालय एभरेष्टको अर्को नाउँको इच्छा गर्ने, इतिहास जान्ने भारतीय विद्वान्हरूले त्यसपछि सगरमाथा नै वास्तव नाउँ हो भनी त्यसैको प्रख्यापन गरे ।

यस हिमालयको उचाइ १९४०० हात छ । संसारका सबै पहाडहरूभन्दा अग्लो यो पहाड चढ्न जिज्ञासु र आँटिला यूरोपिअनहरूले धेरैपटक कोशिश गरे । यस काममा धेरैले आफ्नो प्राण पनि आहुति गरे । त्यसो भए पनि तिनीहरू सगरमाथाको टुप्पोमा पुग्न सकेका थिएनन् । पहिलेपहिलेका अनुभवबाट ज्ञान कमाउँदै तथा सुधार गर्दै त्यो चढ्न कोशिश गरी नै रहे । पोहर स्वीट्जरल्याण्डका पर्वतारोहीहरू सगरमाथा चढ्न नेपाल आए । तेनसिंह शेरपाको पनि पहाड चढ्नमा अभ्यास छ भनी तिनीहरूले आफूसँगै लगे । ती पर्वतारोहीहरू सगरमाथाको टुप्पोमा पुग्न असमर्थ भए पनि अरूहरूभन्दा बढी साफल्य पाएर फर्के । फर्केका तेनसिंहलाई श्री ५ महाराजाधिराजबाट त्यस वेला नेपालप्रतापवर्धक भन्ने तक्मा बक्स्यो । यो वर्ष पनि ब्रिटिश पर्वतारोहीहरू सगरमाथा चढ्न यहाँ आए । तेनसिंहलाई पनि ती ब्रिटिश पर्वतारोही मानिसहरूले बाटो देखाउने हैसियतले त्यहाँ लगे । तिनीहरूमध्ये ज्यादा कोशिश गर्ने तेनसिंह र न्यूजिल्याण्डका हिलारि सगरमाथाको टुप्पोमा पुगे । त्यहाँ झण्डा गाड्ने र फोटो खिँच्ने आदि काम गरी तिनीहरू फर्के ।

सगरमाथा चढ्नामा साफल्य पाएको यो खबर सर्वत्र फैलियो । जान गाह्रो भएर रहेको यो चढ्नाले सबै देशमा खुशी प्रकट गरियो । संसारका प्रसिद्ध पुरुषहरूले पनि ब्रिटिश पर्वतारोहिसङ्घका अध्यक्ष हण्टको, तेनसिंहको र हिलारिको अभिनन्दन गरे । भारतीय अखवारका सम्पादकहरूले पनि तेनसिंह नै पहिलोपटक सगरमाथाको टुप्पोमा पुगेका हुन्, ती तेनसिंह नेपालमा जन्मे पनि भारतमै बस्छन् इत्यादि भनी खूप प्रख्यापन गरे । यसबाट रिसाएको नेपाली जनताले तेनसिंह नेपाली नै हुन् भनी ठूलो स्वरले कराउन थाल्यो । कुनै पनि काममा विदेशमा कीर्ति नपाएका नेपाली मानिसहरू संसारका प्रसिद्ध मानिसहरूले पनि अभिनन्दन गरिएका तेनसिंहको स्वागतको लागि खूप लागी परे । नेपालका, प्रसिद्ध २५ जना मानिस सदस्य भएको एउटा स्वागतसमिति बनाइयो । आआफ्नो अस्तित्व देखाउन मौका पाएका र सोचविचार नगरी अरूको पछि लाग्ने सबै नेपाली संस्था तेनसिंहको स्वागतको लागि तमतयार भए । बनेपादेखि हनूमान्ढोकादरबारसम्म ठाउँठाउँमा ढोका बनाइए । ध्वजापताकाले शहरका बाटाघाटा सिँगारिए ।

उत्सव मन पराउने र चौचौ परेका मानिसहरू यो उत्सव हेर्न शहरमा जहींतहीं भेला भएका थिए । तेनसिंह आदिले चढेको बग्गी राजधानीमा ४ बजे आइपुग्यो भन्ने हल्ला थियो । तर तोकिएको समयमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पनि त्यो नआइपुगेकोले बाटोका दुवैपट्टि चौचौपनाले मानिसहरू कुरिरहेका थिए । बीचबीचमा मोटर चढेका मानिसहरूले तेनसिंह आई नै पुगे इत्यादि कराएर दर्शकहरूलाई अधिभन्दा बढी चौचौ पारिदिए ।

त्यसपछि आफ्नो अस्तित्व देखाउन खोज्ने नेपाली संस्थाहरूले अघि लगाएर र अघि सरेर आदर गरिएका, ४ घोडे बग्गीमा बसेका तेनसिंह आदि देखा परे । राणाशासनको समयमा राणाजीहरू मात्र जुन बग्गी चढ्न पाउँथे, त्यस बग्गीको अगाडि बाजा बजाउने र पैदल हिँड्ने सिपाहीहरू थिए । त्यसपछि घोडा चढेका, सेतो लुगा लाएका, हातमा झण्डा लिएका ४ जना स्वास्नीमान्छे देखिए, जुन अघिअघिका प्रदर्शन-उत्सव आदिभन्दा यस उत्सवको वैशिष्टच थियो । किनभने स्वानीमान्छेहरूले घोडा चढेको बयान पाइए पनि नेपालमा स्वास्नीमान्छेहरूले घोडा चढेको यो पहिलोपटक देखियो । तर घोडाको पिठचूँमा बसेका, दुवैपट्टि रिसल्लाले घोडा समातिएका, ती स्वास्नीमान्छेहरूको मुखको फीका रङ्गले घोडा चढ्ने अभ्यास तिनीहरूको नभएको र खालि बाहिरिया ढाँचा भन्ने नै सूचना गर्छ । त्यसपछि तेनसिंह आदि चढेको बग्गी आयो, जसमा तेनसिंह र उनको परिवार, हिलारि, हण्ट, ऐ.शि. बाबुराम आचार्य, परोपकारका अध्यक्ष दयावीरसिंह र अरूहरू बसेका थिए । त्यस वेला नेपाली लुगा नै लाएका सबैलाई नमस्कार गर्दै गरेका तेनसिंह खुशी नै देखिए । त्यसपछि हतियारबन्द सिपाहीहरू भएको मोटर आयो । त्यसपछि थरीथरीका संस्थाहरूको, बालक र बालिका विद्यार्थी र विद्यार्थिनीहरूको ठूलो जमात त्यसको पछि पछि देखियो । जुन मानिसहरू वीर तेनसिंह जिन्दावाद, तेनसिंह नेपाली नै हुन्, तेनसिंहले नै नेपालको झण्डा पहिलोपटक सगरमाथाको टुप्पोमा गाडे इत्यादि ठूलो स्वरले कराइरहेका थिए ।

३. वि.सं. २०११ चैत्र १ गते सोमवार

श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहको सिंहासनारोहण

२०११ चैत्र १ गते बिहान आफ्नो नित्यकर्म गरी १ संस्कृत श्लोकको मनमनै रचना गर्न लागेको थिएँ, त्यसको विषय श्री ५ महाराजाधिराज रणबहादुर शाहको समयको नेपालको षाड्गुण्य थियो । मेरो नजीकमा बसी रामजी तेवारी शङ्करमान राजवंशी पुराना पञ्चाङ्ग हेर्न लागेका थिए । मोहन र महेश पुस्तक हेर्न लागेका थिए । पं. बदरीनाथ भट्टराई आउनुभयो । श्री ५ त्रिभुवनको स्वर्गवास भयो भन्ने कुराको हल्ला छ भनी प्रसङ्गवश उहाँले सुनाउनुभयो । उहाँ गएपछि मैले भात खाएँ । त्यसपछि ९ बजे मामाको कोठामा गई म नेपाल रेडियोको खबर सुन्न लागेँ ।

फाल्गुन ३० गते आदित्यवार काठमाडौँको समयअनुसार रातको ८* बजे युरोप स्वीजरल्याण्डको जुरिचको अस्पतालमा श्री ५ त्रिभुवनवीरविक्रमको स्वर्गवास भयो भनी रेडियोले बराबर बोलिरहेको थियो । रेडियोमा शोकसूचक बाजा बजिरहेको थियो । ९।४० बज्दा नयाँ श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रमको घोषणा प्रधानसेनापति किरणशमशेर ज.ब.रा.द्वारा सुनाइयो । त्यस घोषणामा

* ठीक समय ८।४० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वर्गवासी श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रमको संक्षिप्त जीवनी थियो ।

वि.सं. १९६३ आषाढ १७ गते जन्म

" १९६८ मार्ग २६ गते राज्यप्राप्ति

" १९७५ फाल्गुनमा २ महारानीका साथ विवाह

३ छोरा ४ छोरी

जेठा छोरा महेन्द्रवीरविक्रम

प्रजातन्त्रशासनव्यवस्था नेपालमा चलाउन इच्छा र उद्योग

वि.सं. २००७ मा सफलता

हृदयरोगले मृत्यु

श्री ५ त्रिभुवनको शव काठमाडौं ल्याई राजकीय सम्मानका साथमा संस्कार गरिनेछ ।

म (महेन्द्रवीरविक्रम शाह) पिताजीको इच्छाअनुसार प्रजातन्त्रव्यवस्थाअनुसार शासन गर्नेछु ।

प्रजावर्गको सहयोग रहोस् ।

यो कुराको भाव सो घोषणामा थियो ।

देवीप्रसाद भण्डारी पनि आई तीन जना भई पञ्चाङ्ग हेर्न लागेका थिए । आजको विषयको चर्चा गरी मासँगल्लीमा वैद्य दिव्यवज्र वज्राचार्यको घरमा रहेको हामीहरूले चलाएको पाठशालामा कति दिन बिदा दिनु ठीक पर्ला भन्ने चर्चा मैले गरें । ३ दिनमा नबढाई बिदा दिनु ठीक होला भन्ने राय भयो र सो कुरामा धनवज्र वज्राचार्यसँग सल्लाह गरी विद्यार्थीहरूलाई सुनाउन भनी शङ्करमान मकहाँबाट गए । रामजी देवीप्रसाद पञ्चाङ्गकै काममा लागिरहेका थिए । म कौटलीय अर्थशास्त्र घोक्न लागें । पौने बाह्र बजेतिर धनवज्र र ज्ञानमणि (नेपाल) आए । हाम्रो पाठशालामा ३ दिन बिदा भयो भनी धनवज्रले सुनाए । श्री ५ त्रिभुवनका विषयमा चर्चा चल्यो । आशौच बार्ने ऐन पढियो । शङ्करमान पनि भात खाएर आइपुगे । कहिले पञ्चाङ्ग कहिले ग्रहण कहिले वर्तमानस्थितिको कुरा गर्दा गर्दै २ बज्न आँट्यो । २ बजे रेडियोसमाचार सुन्न जान धनवज्र र ज्ञानमणि ठीक परेका थिए । पण्डित चूडानाथ भट्टराई आइपुग्नुभयो । श्री ५ को नारायणहिटीदरबारको ढोकामा मानिसहरू आफ्नो नाम लेखाउन लागेका छन् रे, हामीले पनि जान पर्ने हो भनी चूडानाथले भन्नुभयो । म लुगा लाउन लागें । धनवज्र ज्ञानमणि गए । म र चूडानाथ नारायणहिटीतिर लाग्यौं । रेडियोघरबाट नारायणहिटीदरबारसम्म जोडेको तार सडकमा लम्पसार परेको रहेछ । लामा लामा घोचा लिएका रक्षादलका जवानहरू केही हात फरक गरी नारायणहिटीहनूमान्ढोकाको बीचमा पर्ने सडकमा उभिएका रहेछन् । नारायणहिटीदरबारमा उपस्थित हुनुपर्ने आवश्यकता रहेनछ । राजभक्तहरू ढोकामा राखिदिएको पुस्तिकामा आफ्नो नाम लेख्तै फर्कंदै गर्न लागेका रहेछन् । मानिसका २ लाम थिए । म र चूडानाथ एउटै लाममा मिलेका थियौं । अलि पर नाम लेख्न लागेका सज्जनहरूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देखी चूडानाथ उतैतिर जानुभयो, मलाई पनि लानुभयो। मीरसुब्बा गुह्यकालीभक्त पन्तको हस्ताक्षर हुन लागेको रहेछ। त्यसपछि चूडानाथले नाम लेख्नुभयो। मैले पनि नाम लेख्न आँटेको थिएँ। हामी मुख हेरी काम गर्दैनौं, लाममा नमिली नाम लेख्न दिँदैनौं भनी अधिकारीले मेरो हातबाट पुस्तिका खोसे। चूडानाथले मेरो नाम पनि पुस्तिकामा चाँडो चढोस् भन्ने उद्योग गर्नुभयो। तर उहाँको उद्योग फलेन। किनभने त्यस काममा चाहिने योग्यता ममा थिएन। म लाममा मिलें। १०।१५ मिनेटपछि पालो आयो। पुस्तिकामा नाम लेखी राजभक्ति देखाएँ। चूडानाथ पर्खिरहनुभएको थियो। हामी दुइ जना घर फर्क्यौं। बाटामा बन्दूकधारी सिपाहीहरूको लहर पनि बस्तै गएको रहेछ। घर आई ५।१० मिनेटपछि हामी दुवै जना हनूमान्ढोकातिर लाग्यौं। रामजीहरू पञ्चाङ्गको काम गरिरहेकै थिए। सडकमा बसेर भए पनि तमाशा हेर्ने मेरो इच्छा थियो। हनूमान्ढोकामा पस्न मुद्रा (प्रवेशपत्र) चाहिँदो रहेछ। उपकर्मसचिव (वर्षको ३३ शय खानेसम्म)हरूले मुद्रा पाउँछन् भन्ने सुनियो। दोसल्लाधारी ४ जना पण्डितजीको आगमन भयो। मुद्रा लिई भित्र प्रवेश भयो। म बाहिर दलानमा बसी यताउति हेर्न लागेको थिएँ। मैले पनि लडेर २ मुद्रा ल्याएँ, तपाईलाई एउटा भयो मलाई एउटा भयो भनी चूडानाथले भन्नुभयो। उहाँ नहुनुभएको भए बाहिरको तमाशाले नै म चित्त बुझाउँथें। हामी दुवै भित्र पस्यौं।

नासलचोकमा डबलीभन्दा केही उत्तरपट्टि मण्डप बनेको रहेछ। २००७ कार्तिकमा श्री ५ ज्ञानेन्द्रवीरविक्रमको सिंहासनारोहणको मण्डप डबलीमै बनेको थियो। १२ खम्बा भएको चँदुवा टाँगिएको थियो। भइँमा वरिपरि रातो लम्पट र बीचमा दरी ओछ्याइएको थियो। बीचमा पश्चिमाभिमुख गराई सुनको सिंहासन राखिएको थियो। आसागुर्जा लिनेहरू वरिपरि रहेका थिए। सुनको डाँठ भएको झल्लरीवाल छाता उघारिएको थियो। सैनिक उच्च अधिकारीहरू मण्डपको पूर्वपट्टि पश्चिम फर्की खडा रहेका थिए। पूर्व र पश्चिमका पेटीमा उपकर्मसचिवसम्मका अधिकारीहरू उभिएका थिए। दक्षिणपट्टि जङ्गी पोशाक लाएका बन्दूकधारी सिपाहीहरू थिए। डबलीमा निशान थिए। बाजावाल पनि दक्षिणपट्टि नै थिए। उत्तरपट्टिको दलानबैठकमा मातृकाप्रसाद कोइराला आदि भूतपूर्व मन्त्रीहरू, सपरिवार भारतीय राजदूत बृटिश राजदूतहरू तथा उच्चाधिकारीहरू थिए। तासको लुगा लाएका गुरुज्यूपुरोहितहरू मण्डपवरिपरि थिए। २००७ मा भयङ्करता थियो। अहिले शान्ति थियो। उस वेला सुनका तोडासम्मका उपस्थित भएकाले घुइँचो थियो। अहिले माथिल्ला थोरै मानिस मात्र भएकाले सुबिस्ता थियो। उस वेला दुवै विदेशी राजदूत आएका थिएनन्। अहिले उनीहरू सपरिवार थिए। अरू उस्तै थियो।

४ बजे श्री ५ महेन्द्रवीरविक्रमको किरणशमशेरका साथमा प्रवेश भयो। ४ ओटा मैनबत्ती बलेका थिए। श्री ५ को सलामी बज्यो। केही बेरसम्म शान्ति रह्यो। ४।२१ बज्दा सिंहासनारोहण भयो। गुरुज्यूपुरोहितहरूका साथमा दोसल्लाधारी पण्डितहरूले स्वस्तिवाचन पढे। दमाईबाजा बज्यो। बडागुरुज्यूहरूको हातबाट श्री ५ को शिरमा श्रीपेच चढ्यो। पछिल्तिर अलि पर परिंदा सैनिक अधिकारीहरूले छेकिदिंदा र आँखा पनि कमजोर भएको हुनाले श्रीपेच लाइदिएको मैले देखिनँ। लाइसकेपछि मात्र मैले देखें।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सलामी बज्यो बढाइँ भयो, ३१ तोप पड्क्यो । सबैले महाराजाधिराजको दर्शन गरे, जयजयकार भयो । सिंहासनमा विराजमान भएका महाराजाधिराजलाई मैले नजीकैबाट देखैं । सिंहासनबाट उठेपछि बिस्तारैसँग श्री ५ को गमन हुन लाग्यो । ६० वर्षको नियम लागी झिकिने भएका २ दोसल्लाधारी पण्डित काम गर्न सकेसम्म जागीरमा बहाल रहून् भन्ने श्री ५ को आज्ञा भयो । १३ दिनसम्म बिदा भयो । बिस्तारै श्री ५ गएपछि हामी पनि बाहिर निस्क्यौं । बाहिरको दृश्य मैले देख्न पाइनँ । जुद्धसडकको बाटो मोटरमा हनूमान्ढोकामा आई, इन्द्रचोकअसनको बाटो ६ घोडे बग्गीमा श्री ५ को नारायणहिटीतिर यात्रा भयो । ६ घोडे बग्गीको पछि पछि २ बग्गीमा विदेशी राजदूतहरू थिए भन्ने कुरा सुनें ।

साढे ५ बजेतिर नयाँ बडामहारानीको ३१ तोपको सलामी भयो । नयाँ महाराजाधिराजका ज्येष्ठ पुत्र वीरेन्द्रवीरविक्रमलाई युवराजाधिराजको पद मिल्यो ।

२०११।२।१२

यस प्रबन्धलाई नयराजले बोलेको हो। रामजीले ८ अक्षर, देवीप्रसादले मसिनो अक्षरको ३ पृष्ठ , मोहनले २ पङ्क्ति, महेशले मोटो अक्षरको २ पृष्ठ लेखेका हुन्।

४. नेपालको आधुनिक इतिहासका केही उपकरण

राणाव्यवस्थाको तथा पञ्चायती प्रजातन्त्रव्यवस्थाको अनुभव

छाताको तारतम्य

वि.सं. २०२६ भाद्र ४ गते बुधवार श्री ५ बडामहारानी रत्नराज्यलक्ष्मीदेवीको ४१ वर्ष पुगी ४२ वर्षमा प्रवेश हुने जन्मोत्सव परेको थियो । यो जन्मोत्सव गतेअनुसारको हो । क श्रेणीका अधिकृतहरू र ख श्रेणीमा निर्देशकसम्मलाई नारायणहिटीदरबारमा ३ बजे उर्दीको पोशाकमा सामेल हुने उर्दी थियो ।

सेतो मयलपोशसुरुवाल भादगाउँले टोपी कालो कोट कालो जुत्ता लाई ३ बज्न १५ मिनेट बाँकीमा नारायणहिटीदरबारको पश्चिमढोकामा म उपस्थित भएँ । सिमसिम पानी परिरहेको थियो, म छाता ओढी ढोकामा उभिइरहें ।

मानिसहरू कोही उपस्थित भइसकेका थिए, कोही आउँदै थिए । धेरैले छाता ओढेका थिए । थोरैले बर्सादी लाएका थिए । मोटरमा आएका मन्त्रीज्यू आदिलाई द्वारपालहरूले परीक्षा गरी सुरुसुरु छोडिदिन्थे । ३ बज्न पाँच मिनेट बाँकीमा हामीहरूलाई भित्र पस्ने अनुमति द्वारपालले दिए । छाता ओढी हामी भित्र पस्यौं । ३ बजेर पाँच मिनेट गएदेखि बिस्तार बिस्तार श्री ५ बडामहारानी सरकारको दर्शन गर्न बैठकमा मानिसहरू जान लागे । हाम्रो पनि पालो आयो । भइँबैठकमा कौचमा सफा पोशाकमा श्री ५ बडामहारानी सरकार राज भएको थियो । भक्तिपूर्वक अभिवादन गरी बाहिर निस्कें । बैठकमा एक ढोकाबाट पसेर अर्को

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ढोकाबाट निस्कने प्रबन्ध थियो । ३ बजेर १५ मिनेट जाँदा म दर्शन गरी निस्केको थिएँ। बैठकभित्र पस्ता मलाई छाता कहाँ राखूँ कहाँ राखूँ जस्तो भयो । श्रीईश्वरलाल सिंहजीले ल्याउनुहोस् म लिई राख्छु भन्नुभएकोले उहाँलाई सो छाता दिई श्री ५ बडामहारानी सरकारको दर्शन गरी ५ मिनेटपछि मैले सो छाता फिर्ता लिई घर फर्कें ।

अहिलेभन्दा ३०, ३२ वर्ष जतिअगाडि श्री ३ जुद्धको शासनकालमा छाता ओढी यही दरबारमा यही ढोकाबाट पस्ता दरबारका संरक्षक कर्णेल शमशेरविक्रम राणाजीको झ्यापट मैले खानुपरेको थियो । त्यस दिन दरबारमा भएको कुनै धार्मिक काममा पाठ गर्ने बाहुनको रूपमा म गएको थिएँ । ३।४ रु. दक्षिणा मिलेको थियो ।

१७ वर्षको उमेरदेखि रेखागणित मनमनै उध्रने बानी मैले बसाएको थिएँ । त्यस कारण बाटामा हिँड्दा पनि मेरो मन प्राय: एकोहोरिएको हुन्छ । मेरो कान पनि अलि कम छ ।

घाम लागिरहेको थियो । दरबारको ढोकाभित्र पसेपछि पनि छाता उघारी ओढें । परबाट आएको एक किसिमको आवाज कानमा पऱ्यो । तर यो आवाज मलाई नै लक्ष्य गरी बोलिएको हो भनी मैले सम्झन सकिनँ । म छाता ओढेर सुरुसुरु हिंडेर केही भित्रसम्म पसेको थिएँ । एउटा सिपाहीले दौड्दै आएर मलाई टप्प समाती कर्णेल साहेबकहाँ पुऱ्यायो । तिमीले किन अटेर भई छाता ओढेर दरबारभित्र हिंड्यौ भनी कर्णेल साहेबले गर्जंदै सोध्नुभयो । घाम लागिरहेछ, कपाल दुख्छ, अघि अघि छाता ओढी आउँथें, केही हुँदैनथ्यो भनी मैले भनें । तिमी बदमाश रहेछौ, तिमी जस्तै बदमाशहरूलाई डण्डा मार्न भनी हामी यहाँ बसेका हौं बुझ्यौ, तिम्रो नाम के हो भनी कर्णेल साहेबले गर्जंदै भन्नुभयो । मैले पाएको टिकट यही हो, मेरो नाम यहीं लेखेको छ भनी कर्णेल साहेबलाई टिकट दिएँ । कर्णेल साहेबले टिकट हेरी भइगयो, एकपल्टलाई तिमीलाई मैले छोडिदिएँ, अबदेखि यसो गऱ्यौ भने मिति पुऱ्याइदिउँला, जाऊ काम गर भनी आज्ञा दिनुभयो । सिपाहीले छोडिदियो ।

परतिर रहेका केही मानिसले बच्यौ बाजे, अस्ति श्री ३ महाराजको यहाँ सवारी भई दरबारभित्र कसैले पनि छाता नओढ्नू भन्ने हुकुम भएको थियो भनी बिस्तारै भने । बदमाश नयराजले दरबारको नियम भङ्ग गरेछ र झण्डै सिद्धिएको थियो भनी कोही डाहाडे इष्टमित्रहरूले घरघरमा बसी कुरा काटेका थिए भनी पछि सुनियो ।

आज यही दरबारमा त्यही ढोकाबाट श्री ५ बडामहारानी सरकार राज भएको बैठकको ढोकासम्म छाता ओढेर जाने अवसर मिल्यो ।

२०२६।५।४।४

[लिपिकरको काम गरिदिएकीले नानी अमितालाई धन्यवाद छ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५. [इन्स्टिच्यूट् अफ् संस्कृत् स्टडिज् भन्ने नाउँको विरोधमा]

संमाननीय सभापतिज्यू, उपस्थित सज्जनवृन्द तथा महिलागण

भीमसेन थापाले वि.सं. १८६३ मा नेपालराज्यको सर्वाधिकार हात लाए।

यो मातेव पितेव बन्धुरिव सत्स्त्रीव प्रभौ दासवच्
चास्ते तत्र निधाय भीमसचिवे राज्यं नृपः क्रीडति।

(वाग्वतीको भीमसेन थापाको वि.सं. १८६८ को स्तम्भलेख)

[जो आफ्ना मालिकमा आमा जस्तै, बाबु जस्तै, दाजुभाइ जस्तै, पतिव्रता स्वास्नी जस्तै, नोकर जस्तै छन्। त्यस्ता मन्त्री भीमसेन थापामा राज्यभार सुम्पी राजा निस्फिक्रीसँग रहनुहुन्छ।]

(*त्रिरत्नसौन्दर्यगाथाका* २९३, ३०० पृ.)

भीमसेन थापाले आफ्नो गौरव बढाउन नेपालमा नचलेको जनरल भन्ने पदवी लिए। जस्तै –

कजाइको पगरि सबै बराबर हुँदा इन्लाई यसै पगरिमा राष्या त इनले मेहिनत गऱ्याको केही कदर रहेन। इन्लाई उचा गरि राषन्या हो भनी चित्तमा लिनुभै जनरलीको पगरी बधाइ गुरु प्रोहित चौतरिया काजी भारादार कंपू पल्टन कम्पनी गैरहले जो काज काम ज्या पर्दछ. इन्लाई साधि गर्नु. जो इनलाई साधि गरैन. उसलाइ जातमाफिकको सास्ति पाउला भनी हुकुम बक्स्याको रहेछ.

(वि.सं. १८९२ मा श्री ५ राजेन्द्रबाट भीमसेन थापाले गराइलिएको लालमोहर, *पूर्णिमा* २२ अङ्क १३७ पृ.)

भीमसेन थापाको शासनकालमा आएको अङ्ग्रेजी जनरल पदले आफ्नो शाखाप्रशाखा खोल्दै गयो। राणाहरू प्राइम्मिनिष्टर, सुप्रीम कम्याण्डर इनचीफ इत्यादि पदले नै आफ्नो गौरव संझन्थे। त्यस वेला नेपालका हामी दुनियाँको मनमा अङ्ग्रेजी पद भएन भने हाम्रो राजकाजै चल्दैन भन्ने भाव उठ्थ्यो।

प्रजातन्त्र आयो। हाम्रा राजाको प्रशस्तिमा अतिरथी, परमसेनाधिपति आदि पद रहे। यसबाट हामीलाई हाम्रै स्वदेशी शब्दले पनि राजकाज चल्दो रहेछ भन्ने भाव पऱ्यो। नेपालको राष्ट्रभाषा नेपालीमा आफूले जानेको कुरा लेखेर छोडी जाने इच्छा भएका हामीलाई यो कुरा अत्यन्त महत्त्वको छ।

अहिले हाम्रो देशको एक मात्र विश्वविद्यालयले इन्स्टिच्यूट् अफ् संस्कृत स्टडिज् आदि खडा गरेर अङ्ग्रेजी नजानेको खण्डमा संस्कृतभाषा पनि पढ्न सकिँदो रहेनछ भन्ने भाव पारेको जस्तो लाग्छ। सिमेस्टर प्रणाली आदि शब्दले भीमसेन थापाले चलाएको विदेशी भाषाको प्रभुत्वको पद्धतिलाई फेरि नेपालमा ल्याउन खोजिएको हो कि जस्तो लाग्छ। नेपाली राष्ट्रभाषामै शिक्षा दिनुपर्छ भन्ने कुरा गर्ने विश्वविद्यालयले यस किसिमका शब्द हाली आफ्नो नियमावली प्रस्तुत गर्नु एक विचित्रको कुरो छ। यस विषयमा यस सभाले एउटा विचार गर्ला र आफ्नो राष्ट्र तथा आफ्नो राष्ट्रभाषाको गौरव घट्ने काम गरोइन भन्ने हामीलाई लाग्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy,.Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) *का.मे.अ.द.नं. १५५ २४९*

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग

काठमाडौँ

नेपाल

फोन नं. ४६७०३८०

४३०१०२५

४४३५७४९

ई-मेल – samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौँ

वि.सं. २०६३ पौष

यस अङ्कको मूल्य रु. ९५।-

मुद्रक

लुष प्रेस

शङ्खमूल रोड, सुरुचिमार्ग, नयाँ बानेश्वर

काठमाडौँ

नेपाल

फोन नं. ४-७८२८२४